# पहिलो परिच्छेद
# शोधपरिच

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **'यदुनाथ 'सरल' को जीवनी, व्यक्तित्व र कृक्तित्व'** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनको निम्ति प्रस्तुत गरिएको हो ।

## १.३ विषयपरिचय

यदुनाथ 'सरल' को जन्म वि.सं. १९८८ साल साउन १३ गते लमजुङ जिल्लाको चन्द्रेश्वर गा.वि.स वडा नं. ३ मा भएको हो । माता पवित्रा ढुङ्गाना र पिता कालिदास ढुङ्गानाका कान्छा सुपुत्रका रूपमा जन्मेका ढुङ्गाना हाल पनि स्थायी रूपमा लमजुङ जिल्लाकै दुराडाँडा गा.वि.स. वडा नं. १ अर्त्याल्यानीमा बसोबास गरिरहेको पाइन्छ । 'सरल' ले राम्रो शिक्षादीक्षा पाउने अवसरबाट वञ्चित रहेपनि संस्कृत पढ्ने पुरानो रीतिअनुसार घरैमा बसेर साधारण संस्कृत, अमरकोश, लघुकौमुदी, रुद्री, चण्डी पढ्ने अवसर पाएका थिए ।

सानै उमेरदेखि नै सिर्जनामा तल्लीन व्यक्तित्व ढुङ्गानाले गद्य र पद्य कविता लेखेको पाइन्छ तर उनका उद्य भन्दा पद्य लेखहरू नै धेरै छन् । उनका साहित्यिक लेखहरूलाई 'सिर्जनाका धुन' सङ्ग्रहमा सङ्ग्रहित गरेका छन् । उनको साहित्यिक लेखलाई यहाँ प्रस्तुत गर्न उपयुक्त हुने हुनाले तिनीहरूलाई यहाँ प्रस्तुत गरिएकोछ ।

'सिर्जनाका धुन' २०६४ सालमा प्रकाशित कविता सङ्ग्रह हो । उनको हालसम्म सङ्ग्रहका रूपमा यही एउटा मात्र कविता सङ्ग्रह प्रकाशित भएको छ । विभिन्न धार्मिक तथा सामाजिक संघ-संस्थामा आबद्ध 'सरल' निजामती सेवामा रही विभिन्न जिल्लाका विभिन्न कार्यालयमा ४२ वर्ष कार्यरत रही हाल अवकाश प्राप्त र अझै पनि साहित्यिक लेखहरू लेख्न अग्रसर भइरहेका छन् ।

यस्ता व्यक्तित्वको परिचय खोज्नु र उनको कविता सङ्ग्रहको विवेचना गर्नु यस शोधकार्यको विषय रहेको छ ।

## १.४ समस्याकथन

नेपाली साहित्यमा 'सरल' एक सिर्जनशील कवि प्रतिभा हुन् । उनले नेपाली साहित्यलाई विभिन्न छन्दबद्ध कविता तथा गीत दिएका छन् । यसै परिप्रेक्ष्यमा उनको साहित्यिक कृतिहरू छिटपुट रूपमा थेरै संख्यामा पत्रपत्रिकामा प्रकाशन भएपनि हालसम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा गहन अध्ययन भएको छैन; तसर्थ प्रस्तुत शोधपत्रमा यिनै विषयलाई मूल समस्या मानिएको छ । ती समस्याहरू हुन् :

क) यदुनाथ 'सरल' को जीवनी के कस्तो छ ?

ख) सरलको कविताहरू के कति र के कस्ता किसिमका छन् ?

ग) उनका कविताको प्रवृति के कस्तो छ ?

घ) उनको कवि व्यक्तित्वको संक्षिप्त चिनारी के कस्तो छ ?

यी समस्याहरू नै यस शोत्रपत्रको कथनको रूपमा रहेको छ ।

## १.५ शोधपत्रको उद्देश्य

माथिको समस्याहरूमा केन्द्रित रहेर साहित्यकार यदुनाथ 'सरल' को समग्र जीवनी र उनका जीवनमा घटित घटनाहरू तथा तिनबाट उनको जीवनमा परेका प्रभाव उनको जीवन-दृष्टि, साहित्य-सिर्जनाका प्रेरणा आदि विविध पक्षहरूको निरुपण गर्नुका साथै

उनको जीवनी, व्यक्तित्व र कृतित्वको स्वरूप पहिल्याउनु प्रस्तुत शोधपत्रको उद्देश्य रहेको छ । ती उद्देश्यहरू यसप्रकार रहेका छन् :

क) यदुनाथ 'सरल' को जीवनी प्रस्तुत गर्नु,

ख) 'सरल' का कविताहरू के कति र के कस्ता छन् भन्ने बारे जानकारी हासिल गर्नु,

ग) उनका कविताको प्रवृति ठम्याउनु,

घ) उनको कवि व्यक्तित्वको चिनारी दिनु ।

## १.६ पूर्वकार्यको समीक्षा

यदुनाथ 'सरल' कवि तथा गीतकारका रूपमा नेपाली साहित्यका क्षेत्रमा परिचित हुन पुगेका छन् । कवि यदुनाथ 'सरल' का बारेमा हालसम्म अध्ययन विश्लेषण र मूल्याङ्कन भएको भेटिदैन । उनका बारेमा उनकै कृतिमा लेखिएका शुभकामना लेख, भूमिकामा गरिएको सामान्य चर्चा परिचर्चा मात्र पूर्वकार्य हुन आएका छन् । तसर्थ उनको कृतिमा भएका चर्चा परिचर्चालाई यसरी प्रस्तुत गरिएको छ ।

राष्ट्रकवि माधव घिमिरेले 'घामपानीका थोप्ला टिप्ने गौथली जस्ता कवि' भन्ने शुभकामना लेखमा "लोक कवि यदुनाथ 'सरल' साँच्ची नै सरल छन् । यिनमा भाषा शैलीको र भावको मार्मिकता पाइन्छ । शास्त्रीय छन्दको राम्रो ज्ञान भएका यदुनाथ पहाडको सौन्दर्य ग्रामीण जीवन र सनातन संस्कृतिलाई मन पराउनछन् । नेपालीहरूको परस्पर सम्बन्ध खलबलिएको, राज्य व्यवस्था अलमलिएको र विदेशीएर प्रतिभा र परिश्रम पलायन हुने प्रवृत्ति बढेकोमा चिन्तित हुने 'सरल' समसामायिक घटनालाई रचनामा उनेर शाश्वत बनाउन सिपालु छन् । यसका निम्ति कविप्रति हार्दिक बधाई अर्पण गर्न चाहन्छु भनेका छन् ।"

डा. जीवन अधिकारीले 'सरलको सिर्जनाका धुन केलाउँदा' शीर्षकको शुभकामना लेखमा यदुनाथका स्व. दाजु सुर्यनाथ सुवेदीलाई सरलले पत्राचार गर्दा लेखिएका पत्र कविता पनि समावेश गर्न पाए जाती हुन्थ्यो भन्ने निवेदन गर्दै कविलाई अपार पुत्रोत्पत्ति

तुल्य आनन्द देओस् । जीवन भोगाइका गहकिला अनुभूतिले आगामी दिनमा सरलको लेखनीमा अझ अलौकिक जादु भरियोस् ता कि हामी पाठकगण उनका लालित्यमय छन्दमा स्वच्छन्द नाच्न सकौँ भन्दै यदुनाथलाई शुभकामना दिएका छन् ।

यसरी यदुनाथ 'सरल' को बारेमा भएका जति पनि चर्चा परिचर्चा भएका छन् ती उनकै कविता संग्रहमा भएका मात्र छन् । यिनैलाई आधार मानेर माथि पूर्वकार्यको समीक्षाको रूपमा उल्लेख गरिएको छ ।

## १.७ अध्ययनको औचित्य

प्रस्तुत शोधले 'सरल' का कविताहरूको विवेचना गरी ती कविताहरूको विशेषताहरूलाई ठम्याउनु र कविताको चिनारी दिनु अनि भावी पिंढीलाई उनका कविताका अन्य पक्षहरूलाई केलाउन मद्दत मिल्नु र यिनका बारेमा आजसम्म पूर्णतया अध्ययन हुन नसकेको सन्दर्भमा यस अध्ययनको औचित्य स्वतः पुष्टि हुन्छ ।

यसप्रकार यदुनाथ 'सरल' का बारेमा अध्ययन गर्ने अध्येताहरूका लागि मार्गदर्शनको काम गर्नेछ । उनका कवितामा भएका जीवन चिन्तन, प्रकृति चित्रण, भावविधान, बिम्ब प्रतीक योजना, भाषाशैली आदिको बारेमा जान्न चाहने र अझ यसले विस्तृत अध्ययन गर्न मद्दत पुग्ने हुँदा पनि यो शोध निकै उपयोगी र औचित्यपूर्ण रहेको छ ।

## १.८ शोधकार्यको क्षेत्र र सीमा

यो शोधपत्र 'सरल' का कविताहरू जुन 'सिर्जनाका धुन' कविता सङ्ग्रहमा सङ्ग्रहित छन् । त्यस भित्रका कविता र 'सरल' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा सीमित रहेको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्र तयारीका निम्ति पुस्तकालय र पुराना शोधपत्रहरूको अध्ययनलाई मूलाधार बनाइएको छ । स्वयम् शोधनायक र उनका कृति र निटकमा रहेका अन्य व्यक्तिहरूबाट दिइएको लिखित तथा मौखिक जानकारीबाट सामग्री संकलन गरिएको छ । मुख्यतमा पुस्तकालयीय विधि, अंशतः आगमनात्मक पद्दतिको अनुसरण गर्दै समन्वयात्मक रूपमा यो शोधपत्र तयार पारिएको छ ।

शोधकार्यलाई परम्परित, सैद्धान्तिक र व्यवहारिक समालोचना पद्धति र शोधको व्यक्तित्वको लागि जीवनीपरक, प्रभावपरक र कृतिपरक अध्ययनका लागि समीक्षात्मक विवेचनात्मक दृष्टिकोण अवलम्बन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई संगठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नानुसारका पाँच परिच्छेदमा विभाजन गरी अध्ययन गरिनेछः

| | | |
|---|---|---|
| **पहिलो परिच्छेद** | : | शोधपरिचय |
| **दोस्रो परिच्छेद** | : | 'सरल' को जीवनी |
| **तेस्रो परिच्छेद** | : | कवि 'सरल' को व्यक्तित्व |
| **चौंथो परिच्छेद** | : | कवि 'सरल' को कृतित्वको अध्ययन |
| **पाँचौं परिच्छेद** | : | उपसंहार तथा शोध निष्कर्ष । |

उपर्युक्त पच्छिेदहरूलाई आवश्यकता अनुसार थपघट गरी विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ र परिशिष्ट खण्ड पनि दिइएको छ ।

# दोस्रो पच्छिेद

## यदुनाथ 'सरल' को जीवनी

### २.१ जन्म र बाल्यकाल

यदुनाथ 'सरल' को जन्म वि.सं. १९८८ साल साउन १३ गते लमजुङ जिल्लाको चन्द्रेश्वर गा.वि.स. वडा नं. ३ मा भएको हो ।[1] यदुनाथ पिता कालिदास ढुङ्गाना र माता पवित्रा ढुङ्गानाका कान्छा सुपुत्रका रूपमा जन्मेका हुन् । हाल पनि यदुनाथ लमजुङ जिल्लाकै दुराडाँडा गा.वि.स. वडा नं. १ अर्त्याल्यानीमा बसोबास गर्दै आएको पाइन्छ ।[2]

शाहवंशको इतिहासमा गरुडको सम्मान पाएको शक्तिशाली जिल्ला लमजुङमा 'सरल' को बाल्यकाल बितेको थियो । राष्ट्रकवि माधव घिमिरेको जन्मस्थल लमजुङमा जन्मिएका सरलको सम्पूर्ण बाल्यकाल साहित्यिक परिवेशमा नै वितेको पाइन्छ ।[3]

### २.२ पुर्ख्यौली

यदुनाथ 'सरल' को पुर्ख्यौली थलो लमजुङ हो । उनको हजुरबुबा लमजुङकै पुराना बासिन्दा थिए भने उनका मावली पनि लमजुङ जिल्लामा नै कहलिएका पण्डित थिए । सरल पछि गएर आफ्नो जन्मस्थान चन्द्रेश्वर गा.वि.स. लाई छोडेर अर्त्याल्यानीमा बसाई सरे पनि हालसम्म उनी लमजुङ जिल्लामा नै स्थायी रूपमा वसोबास गर्दै आएकाले उनको पुर्ख्यौली थलोको रूपमा लमजुङलाई नै लिन सकिन्छ ।[4]

---

[1] मिति २०६७।४।२३ मा शोधनायकको अस्थायी निवास अनामनगरमा दिउँसो २:०० बजे लिएको लिखित जानकारी अनुसार ।

[2] ऐजन ।

[3] ऐजन ।

[4] ऐजन ।

यसरी लमजुङको रमणीय प्राकृतिक सौन्दर्यले युक्त वातावरणमा जन्मि हुर्की हालसम्म पनि लमजुङमा नै बसोबास गर्दै आएकाले सरलको पुर्ख्यौली लमजुङे रहेको पाइन्छ ।

## २.३ शिक्षादीक्षा

'सरल' विद्यालय शिक्षादीक्षाबाट वञ्चित रहेता पनि ब्राह्मण परिवारमा जन्मेका हुनाले संस्कृत पढ्ने पुरानो परम्परा अनुसार घरैमा बसेर साधारण संस्कृत अमरकोश, लघुकौमुदी, रुद्री, चण्डी पढ्न चाहिँ उनले पाए । पैतृक संस्कार संस्कृतमय भएको र दाजुहरू पनि संस्कृत नै पढ्ने भएकाले त्यसैमा उनी पनि समाहित भए ।[५]

टिकाराम नाम गरेका पण्डितबाट यदुनाथले साधारण संस्कृत शिक्षा पाएको पाइन्छ । संयोगवश सरकारी सेवाको अवसर प्राप्त गरेका 'सरल' ले स्वअध्ययन र जागिरे जीवन यापन गर्दाका समयमा देखे भोगेका कुराहरूबाट नै उनले केही जान्ने, अध्ययन गर्ने अवसर पाएको पाइन्छ । यिनीसँग उच्चशिक्षाको प्रमाणपत्र नभएता पनि व्यहारमा सिकेका ज्ञानहरू नै यिनको लागि प्रसस्त भएको पाइन्छ ।[६]

## २.४ दाम्पत्य जीवन र परिवार

यदुनाथ २००० साल फागुन महिनामा दाम्पत्य जीवनमा प्रवेश गरेका हुन् । जतिबेला उनको उमेर जम्मा १२ वर्षको थियो । यदुनाथ कालिदास ढुङ्गानाका कान्छा छोरा थिए भने उनकी श्रीमती बाबुराम अधिकारीकी माहिली छोरी यमुना यिनको विवाह हिन्दु परम्परा अनुसार भएको पाइन्छ । एकअर्कालाई अति नै सम्मान र माया दिने यो दाम्पतिको जीवन अत्यन्तै सुखमय किसिमले बितेको पाइन्छ ।[७]

---

५ ढुङ्गाना यदुनाथ 'सरल', **सिर्जनाका धुन**, काठमाडौं : वेदराज ढुङ्गाना, 'दोस्ती', २०६४ ।

६ ऐजन ।

७ ऐजन ।

## २.५ पारिवारिक स्थिति

यदुनाथ 'सरल' को पारिवारिक स्थितिको चर्चा गर्दा यिनको परिवारलाई एउटा मध्यम वर्गीय परिवारको रूपमा लिन सकिन्छ । 'सरल' को परिवारको मुख्य पेशा कृषि भएता पनि यिनले सरकारी सेवामा प्रवेश गरेर जागिरे जीवन बिताएको पाइन्छ । यसरी हेर्दा उनको परिवारलाई एउटा मध्यम वर्गीय परिवारको रूपमा लिन सकिन्छ ।

## २.६ आर्थिक अवस्था

यदुनाथ ब्राह्मण परिवारमा जन्मिएका हुन् । उनको परिवार मध्यम वर्गीय र गाउँ समाजमा प्रतिष्ठित पनि रहेको पाइन्छ । उनले आर्थिक अभावको महसुस गर्न नपरे पनि आफ्नो जीवनकालमा जागिर गरी आफ्नो घरपरिवार चलाएको पाइन्छ ।[८]

जीविकोपार्जन तथा आर्थिक जीवन विस्तार गर्ने क्रममा यदुनाथ घर छाडेर सुदुर पूर्वका विभिन्न जिल्लाहरूमा सरकारी सेवामा रही काम गरेको पनि पाइन्छ ।[९] कृषिमा सम्लग्न रहेको उनको परिवारबाट एक्कासी घर छाडेर बाहिर गइ जागिर गर्ने यदुनाथ पहिला सदस्य थिए ।

यसरी जागिरको क्रममा घरदेखि बाहिर रहेता पनि यदुनाथले आफ्ना छोराछोरीलाई राम्रो शिक्षादीक्षा दिएर हुर्काएको पाइन्छ । साथै उनले आफ्नो जीवन पनि सुखमय रूपमा नै बिताएको देखिन्छ । त्यसैले उनको आर्थिक अवस्था मध्यम वर्गीय परिवारको रूपमा रहेको पाइन्छ ।

## २.७ रुचि र स्वभाव

यदुनाथको पारिवारिक पृष्ठभूमि तथा उनले आफ्ना मावलीबाट पाएको माया ममता तथा प्रतिभाको तीक्ष्णता मातृ संस्कारको रूपमा हस्तान्तरित भएको देखिन्छ । उनी

---

[८] ऐजन ।

[९] ऐजन ।

सानै उमेर देखि नै कविता लेख्ने र सुनाउने गर्दथे ।[10] यदुनाथ क्रान्तिकारी स्वभाव भएका व्यक्ति पनि हुन् । १९९७ सालको सहिद-काण्डले जनतामा क्रान्तिको ज्वाला भित्रभित्रै दन्काउदै थियो । कुनै न कुनै तरिकाले जनता क्रान्तिमा जुट्न थालेका थिए । यसै सन्दर्भमा वि.सं. २००६ सालमा दुराडाँडामा पनि हलोक्रान्ति भयो । त्यस समयमा जो गरिब निमुखा छन् तिनीहरूले धनी सम्पन्न वर्गको घरमा हली भै बस्नुपर्ने प्रचलन थियो तर त्यो सामाजिक बन्धनलाई तोड्न ढुराडाँडा निवासी उच्च कुलिन ब्राह्मणहरूले हलो जोत्ने काम गरे । यसै हलो क्रान्तिमा आफूले पनि हलो जोतेको बताउने यदुनाथको स्वभाव क्रान्तिकारी रहेको पाइन्छ ।[11]

त्यसैले यदुनाथको विशेष रुचि काव्य सिर्जना रहेता पनि उनले समाजका रुढिवादी परम्परालाई तोड्न अघि सर्ने एउटा समाज-सुधारक व्यक्तिका रूपमा पनि उनको स्वभाव देखिएको छ ।

## २.८ भ्रमण

यदुनाथ सरललाई संयोगवश सरकारी सेवाको अवसर प्राप्त भएकाले त्यसैक्रममा २००८ साल देखि २००९ सालसम्म उनी पहाड र तराइका विभिन्न भागमा जनगणना गर्न हिडेकाले उनले नेपालका सूद्र पूर्वका धनकुटा, इलाम, तेह्रथुम, पाँचथर, ताप्लेजुङ्ग आदि जिल्लाको तथ्याङ्क विभागमा रहि काम गर्दा धेरै जिल्लाहरू घुम्ने सु-अवसर प्राप्त गरेका थिए ।[12]

## २.९ सृजनात्मक गतिविधि

[10] ऐजन ।

[11] पूर्ववत्, पृ. ३ ।

[12] मिति २०६७।४।२३ गते शोध नायकको अस्थायी निवास अनामनगरमा लिइएको मौखिक जानकारी अनुसार ।

यदुनाथ सानै उमेरदेखि नै कविता लेखनमा सम्लग्न रहेपनि उनले २००९ सालमा **उन्नती गरौं** भन्ने शीर्षकको झ्याउरे गीत रेडियो नेपालमा सुनाए पछि सार्वजनिक भएको पाइन्छ । उनले वि.सं. २००९ सालमा **'छिप्पिएको मनाङ'** शीर्षक गद्यलेख स्थानीय पत्रिकामा प्रकाशन गरेर आफ्नो साहित्यिक व्यक्तित्वको परिचय दिएका थिए ।[१३]

कवि यदुनाथले २००८ सालदेखि २०१४ सालसम्म रचिएका कविताहरूको कापी आफ्नै लापरबाहीले हरायो भन्छन् । त्यसपछि पनि छिटपुट निस्केका कविताहरू कता परे समेटेर राख्ने सोचाइ नभएर गल्ती गरेको बताउँछन् ।[१४] साथै यदुनाथका केही फुटकर कविताहरू गोरखापत्र, मुना, गरिमा, आदि पत्रिकामा प्रकाशित भएको पनि पाइन्छ ।

## २.१० सम्मान तथा पुरस्कार

यदुनाथ सरल नेपाली साहित्यमा लागे बापत उनी केही सम्मान तथा पुरस्कारले पनि सम्मानित भएका छन् । उनले हालसम्म प्राप्त गरेका सम्मान तथा पुरस्कारहरूको विवरण यस प्रकार छन् :

क) अम्बा प्रतिभा पुरस्कार, लमजुङ, २०५३ ।

ख) राष्ट्रिय प्रजातन्त्र दिवस समारोह कविता प्रतियोगिता, प्रथम, २०२२ ।

ग) राष्ट्रकवि माधव घिमिरे रथयात्रा राष्ट्रिय कविता प्रतियोगिता, प्रथम पुरस्कार र स्वर्णपदक, २०६० ।

घ) दुराडाँडा स्वर्णमहोत्सव कविता प्रतियोगिता, प्रथम, २०६३ ।

ङ) लमजुङमा सम्पन्न कोटीहोम महायज्ञका अवसरमा आयोजित कविता प्रतियोगिता, प्रथम, २०५१ ।

---

[१३] ऐजन ।

[१४] ऐजन ।

च)	गण्डकी अञ्चल स्तरीय कविता प्रतियोगिता द्वितीय एवम् रजतपदक, २०३४ ।

छ)	स्व. डिल्लीजङ गुरुङ स्मृति समारोह कविता प्रतियोगिता, तृतीय ।

ज)	स्व. तोयानाथ अधिकारी स्मृति समारोह कविता प्रतियोगिता, तृतीय ।

यसरी यदुनाथ सरलले विभिन्न स्थानीय राष्ट्रिय पुरस्कार तथा सम्मान प्राप्त गरेको पाइन्छ ।[१५]

## २.११ लेखन

यदुनाथ सरलको मुख्य लेखन कार्य कविता रहेता पनि उनले फुटकर रूपमा केही गद्यलेख, गीत पनि सृजना गरेको पाइन्छ । शास्त्रीय छन्दको राम्रो ज्ञान भएका कवि 'सरल' का कविताहरू पनि छन्दबद्ध छन् । आफ्ना जीवनका तीता मीठा अनुभव तथा समय समयमा मनमा उब्जने तरङ्ग भावहरूलाई कविताका माध्यमबाट व्यक्त गरेको कुरा सरलले बताउँछन् ।

विशेषतः उनको लेखन कवितामा नै बढी देखिन्छ । उनको एकमात्र कविता सङ्ग्रह **'सिर्जनाका धुन'** भित्र भएका सत्तरी वटा कविताहरूले पनि यो सावित गर्छ कि सरलको मुख्य लेखन क्षेत्र कविता हो ।[१६]

## २.१२ लेखनकालागि प्रेरणा र प्रभाव

यदुनाथ 'सरल' जागिरका क्रममा सुदूर पूर्वका जिल्लाहरूमा खटिई जाँदा साहित्यकार सत्यमोहन जोशी ज्यू कासाथ त्यसतर्फ घुम्ने सौभाग्य पाएका थिए ।

---

[१५] पूर्ववत्, पृ. ४ ।

[१६] पूर्ववत्, पृ. ५ ।

त्यसैक्रममा कवि गोष्ठीहरू देख्ने सुन्ने मौका मिल्दथ्यो । उनमा पनि कविताका टुक्राटुक्री फुर्न थाले भन्ने कवि आफूलाई माधव घिमिरे, लेखनाथ पौड्याल, भीमनिधि तिवारी आदिका रचनाहरू बढी मनपर्ने बताउँछन् । उनलाई जोशी ज्यूको साथले साहित्यमा लाग्ने प्रेरणा मिलेको र माथि उल्लिखित कविहरूका कविताले प्रेरणाको स्रोतको काम गरेको बताउँछन् ।[१७]

## २.१२.१ लेखनारम्भ

यदुनाथ सरलले २००८ साल देखि नै लेख्न थालेपनि २०१४ सालसम्म लेखिएका कविताहरूको कापि आफ्नै लापरवाहीका कारण हराएको हुँदा र पछि लेखिएका कविताहरू भने जम्मा पारी पाठकसमक्ष **'सिर्जनाका धुन'** कविता सङ्ग्रहको रूपमा प्रस्तुत गरेको बताउँछन् ।[१८]

## २.१२.२ लेखनकार्य

यदुनाथ 'सरल' ले कवितामा छन्दको राम्रो प्रयोग गरेकाले उनको लेखनमा छन्दको मिठास पाइन्छ । जीवनका तीता मीठा अनुभवहरूलाई संगालेर पोख्ने काम उनका कवितामा भएको पाइन्छ । कवि 'सरल' को प्रस्तुत कविता सङ्ग्रह घर गृहस्थको अनुभूतिबाट प्रसूत सृजनात्मक उपलब्धिको रूपमा देखिएको छ । आफ्ना घरका गन्थन र पिरोलोलाई कवितात्मक शैलीमा ढालेर सर्वजन सम्बेध बनाएर प्रस्तुत गर्ने निर्भीक र निश्छल कवि 'सरल' यौटा मनोविज्ञानलाई प्रस्तुत गर्ने प्रयोक्ता पनि हुन् । उनको लेखनकार्य जीवनभोगाइका अनुभवहरूको सङ्गाले नै हो ।[१९]

## २.१२.३ प्रकाशित पुस्तकाकार कृति

---

[१७] पूर्ववत् ।

[१८] पूर्ववत् ।

[१९] पूर्ववत्, पृ. ६ ।

यदुनाथ सरलको २०१४ सालपछिका विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर कविता तथा हालसम्म उनले लेखेका कविता कृतिहरूको सङ्ग्रहको रूपमा प्रकाशित एउटा मात्र कृति निम्नानुसार रहेको छ :

| **क्र.सं.** | **साहित्यिक कृतिको नाम** | **विधा** | **प्रकाशन वर्ष** |
|---|---|---|---|
| १. | 'सिर्जनाका धुन' | कविता सङ्ग्रह | २०६४ |

## २.१२.४ प्रकाशित फुटकर कृतिहरू

यदुनाथ सरलको फुटकर प्रकाशित कविताहरूको सूची यसप्रकार रहेको छ :

| **क्र.सं** | **कविताको शीर्षक** | **वर्ष** | **अंक** | **पूर्णाङ्क** | **वि.सं.** | **पत्रिका** |
|---|---|---|---|---|---|---|
| १. | मोतीको सम्झना | - | - | - | २०५८ | गोरखापत्र शनिवारीय परिशिष्ट |
| २. | बालकप्रति शुभेच्छा | ११ | १२ | १३२ | २०५८ | मुना (मङ्सिर) अंक |
| ३. | सष्ट्रालाई सम्मती | २८ | २ | २२६ | २०६६ | गरिमा (माघ) अंक |

## २.१३ साहित्यिक नाम

यदुनाथ 'सरल' को वास्तविक नाम यदुनाथ ढुङ्गाना हो । उनी साहित्य लेखनमा प्रवेश गरेपछि उनका काव्य कृतिहरू अत्यन्तै सरल पाठकलाई बुझ्न सजिलो हुने किसिमका भएकाले उनलाई साहित्यिक क्षेत्रमा यदुनाथ 'सरल' का नामले चिनिन्छन् । यदुनाथ ढुङ्गाना र यदुनाथ 'सरल' एउटै व्यक्तिका भिन्न दुई नाम मात्र हुन् ।

## २.१४ जागिर र जीवनयापन

यदुनाथले २००८/९ सालतिर जनगणनामा जागिर पाएका र तत्थ्याङ्क विभागमा रहि काम गरेको पाइन्छ । साथै उनले २००९ सालदेखि मुखियाको जागिर खादै ३६ वर्षसम्म विभिन्न ठाँउमा सेवा पुऱ्याएको देखिन्छ ।

हाल उनी निवृत जीवनयापन गरिरहेका छन् । उनको पारिवारिक जीवन पनि खुसिसाथ प्रेम र समझदारीमा वितेको देखिन्छ ।

## २.१५ निष्कर्ष

यदुनाथ 'सरल' को जीवनीलाई सरसरती हेर्दा उनको बाल्यकाल लमजुङ जिल्लामा बितेको र पछि उनी जागिरको क्रममा विभिन्न जिल्लाहरूमा घुमे डुलेको पाइन्छ ।

एउटा मध्यमवर्गीय नेपालीले जीउने जीवनपद्धतिमा यदुनाथले पनि जीवन बिताएको पाइन्छ । समग्रमा उनको जीवनलाई हेर्दा उनी जे छ त्यसैमा सन्तुष्ट हुने स्वावलम्बी व्यक्ति हुन् भन्न सकिन्छ ।

# तेस्रो परिच्छेद

## यदुनाथ 'सरल' को व्यक्तित्व र कृतित्व

### ३.१ व्यक्तित्वका पाटाहरू

कुनै पनि व्यक्तिको व्यक्तित्व उसको सहज र स्वभाविक गुणका साथै त्यसैबाट प्रभावित सार्वजनिक जीवनका महत्त्वपूर्ण कार्यहरूले निर्माण गरेको हुन्छ । सहज तथा स्वभाविक गुणले वैयक्तिक व्यक्तित्व प्रस्तुत गर्दछ भने सिर्जनशील एवम् सामाजिक कार्यहरूले सार्वजनिक व्यक्तित्वको प्रस्तुत गर्दछ । यी दुवै व्यक्तित्वका धनी यदुनाथ मूलतः कवि व्यक्तित्व हुन् ।

वैयक्तिक शारीरिक संरचनका दृष्टिले बाहिरी व्यक्तित्वमा ठिक्कको उचाइ, गोरो र बाटुलो अनुहार, तेजिला आँखा, ठूलो नाक, मिलेका दन्त र सधैं सफा देखिने असी वर्षको हाराहरीमा पुगेका यदुनाथको बाहिरी व्यक्तित्व हो ।

सरलको व्यक्तित्वलाई यसरी देखाउन सकिन्छ :

### ३.२ आन्तरिक व्यक्तित्व

सरलको आन्तरिक व्यक्तित्व भित्र उनको सृजनाका विविध पक्षहरू पर्दछन् । जसमा कवि व्यक्तित्व गीतकार व्यक्तित्व बालसाहित्यकार व्यक्तित्व पर्दछन् । सरलले २००८ सालदेखि नै छिटपुट रूपमा कविताहरू कोर्न थालेपनि उनले २००९ सालमा 'उन्नती गरौं' शीर्षकको झ्याउरे गीत रेडियो नेपालमा सुनाए पछि सार्वजनिक भएको पाइन्छ । प्रकाशनका दृष्टिले २०१९ सालमा 'छिप्पिएको मनाङ' शीर्षक गद्यलेखबाट आफ्नो साहित्यिक व्यक्तित्वको परिचय दिएका थिए । उनका रचनामा समाजमा विद्यमान आर्थिक, सामाजिक र राजनैतिक विकृतिका विषयवस्तुलाई कविताको माध्यमबाट समेटेर आफ्नो कविताको विषयवस्तु बनाएको पनि पाइन्छ ।

उनको आन्तरिक व्यक्तित्व गीतकार र बालसाहित्यकारका रूपमा देखिएको पाइए तापनि यदुनाथ मुख्य रूपमा कवि व्यक्तित्वका रूपमा देखिन्छन् । उनको आन्तरिक व्यक्तित्व मुख्यतया कवि व्यक्तित्वमा केन्द्रित रहेको छ ।[२०]

## ३.२.१ कवि व्यक्तित्व

यदुनाथ 'सरल' को मूल व्यक्तित्व भनेको कवि व्यक्तित्व हो । उनी कविता कै माध्यमबाट साहित्य जगत्मा परिचित भएका छन् । उनको वि.सं. २०१९ सालमा 'छिप्पिएको मनाङ' शीर्षकको गद्यलेख स्थानीय पत्रिकामा प्रकाशित गरेर आफ्नो साहित्यिक व्यक्तित्वको परिचय दिएका थिए । उनको वि.सं. २०५८ सालमा गोरखापत्रको शनिवारीय परिशिष्टमा 'मोतीको सम्झना' शीर्षक कविता छापिएको पाइन्छ ।[२१] यी बाहेक २०५८ मा मुना मासिकमा 'बालकप्रति शुभेच्छा' शीर्षक कविता प्रकाशित भएको र २०६६ सालको **गरिमा** पत्रिकामा 'राष्ट्रलाई सम्मति' शीर्षक कविता प्रकाशित भएको 'सरल' को हालसम्ममा एउटा मात्र कविता सङ्ग्रह 'सिर्जनाको धुन' रहेको छ ।

उनका एकमात्र पुस्तकाकार कृति सिर्जनाको धुन' कविता सङ्ग्रह नै हो । उनको यस कविता सङ्ग्रह भित्र पाँच शीर्षकमा भिन्नभिन्न उपशीर्षकहरू रहेका छन् । 'सरल' को 'सिर्जनका धुन' कविता सङ्ग्रहको पहिलो खण्डको शीर्षक 'शुभकामनाका धुन' रहेको पाइन्छ र यसमा चौविसवटा कविता रहेका छन् । त्यसैगरी उनको कविता सङ्ग्रहको दोस्रो खण्डको उपशीर्षक 'सम्झनाका धुन' रहेको पाइन्छ र यसमा छब्बीसवटा कविता रहेको पाइन्छ र तेस्रो खण्डको शीर्षक 'जागृतीका धुन' मा दशवटा रहेका छन् । चौथो खण्डको शीर्षक 'सौन्दर्य चेतनाका धुन' मा सातवटा र पाँचौं खण्ड 'प्रेमका धुन' शीर्षकमा तीनवटा कविता रहेका छन् र जम्मा जम्मी यस सङ्ग्रहमा सत्तरीवटा कविताहरू रहेका छन् ।[२२]

---

[२०] यदुनाथ 'सरल', **सिर्जनाका धुन**, (काठमाडौं : वेदराज ढुङ्गाना, 'दोस्ती', २०६४) ।

[२१] मिति २०६७ साल ४।२३ गते शोधनायकको अस्थायी निवास अनामनगरमा लिइएको लिखित जानकारी अनुसार ।

[२२] 'सरल', पूर्ववत्, पा.टि.नं. १ ।

### ३.२.२ बालसाहित्यकार व्यक्तित्व

यदुनाथ 'सरल' ले 'बालकप्रति शुभेच्छा' शीर्षक कविता 'मुना' मासिक पत्रिकामा छपाएर आफूलाई बालसाहित्यकारका रूपमा चिनाएका छन् । 'सरल' का अन्य कवितामा भन्दा यस कवितामा आफूले बालबालिका प्रति राखेको सद्भाव माया ममताको प्रस्फुटनको आभाष रहेको पाइन्छ । बालबालिका प्रति आफ्नो सृजनालाई अगाडि बढाउन उनले अरु थुप्रै बालकविताहरू लेखेको पाइए तापनि उनको प्रकाशित एक मात्र कविता 'बालकप्रति शुभेच्छा' ले उनलाई बालसाहित्यकारको रूपमा चिनाएको छ ।[२३]

### ३.२.३ गीतकार व्यक्तित्व

यदुनाथ 'सरल' लाई हामी गीतकार व्यक्तित्वका रूपमा पनि लिन सकिन्छ । सरलले सर्वप्रथम रेडियो नेपालमा 'उन्नती गरौं' शीर्षकको भ्याउरे गीत सुनाएर आफूलाई नेपाली साहित्यका क्षेत्रमा गीतकार व्यक्तित्वका रूपमा पनि चिनाएका छन् । 'सरल' लाई गीतकार व्यक्तित्वको रूपमा चिनाउने एकमात्र गीत 'उन्नति गरौं' नै रहेको छ ।[२४]

## ३.३ बाह्य व्यक्तित्व

बाह्य व्यक्तित्व भन्नाले सृजनात्मक व्यक्तित्व भन्दा फरक व्यक्तित्वलाई चिनिन्छ । यदुनाथ सरलको बाह्य व्यक्तित्व अन्तर्गत पनि उनको सृजनात्मक व्यक्तित्व भन्दा फरक व्यक्तित्वलाई चिनिन्छ । यदुनाथको बाह्य व्यक्तित्व अन्तर्गत शारीरिक अवस्था, सामाजिक अवस्था, धार्मिक, समाजसेवी, जागिर आदि अवस्थाको बारेमा उनको व्यक्तित्वलाई चिनाउन सकिन्छ ।

---

[२३] यदुनाथ 'सरल', **मुना** मासिक, वर्ष ११ अङ्क १२ पूर्णाङ्क १३, (काठमाडौं : गोरखापत्र संस्थान, धर्मपथ, २०५८) ।

[२४] 'सरल', पूर्ववत्, पा.टि.नं. १ ।

### ३.३.१ सामाजिक व्यक्तित्व

यदुनाथ सरलको पैतृक थलो लमजुङमा सामाजिक प्रतिष्ठा प्राप्त परिवारमा जन्म भएको हो । समाजमा उनको परिवारलाई एउटा आदर्श परिवारको रूपमा लिने गरिन्छ । यदुनाथ 'सरल' को घरपरिवार मात्र होइन उनको मावलीलाई समेत प्रतिष्ठित परिवारको रूपमा लिने गरिन्छ । समाजमा राम्रो आचरण भएका व्यक्तिका रूपमा चिनिने सरल आफ्नो घर परिवारमा मात्र नभई आफ्नो छरछिमेक, इष्टमित्र तथा आफ्ना साथीभाइहरू बीच पनि अत्यन्तै मिलनसार र सहयोगी रहेको पाइन्छ । समाजमा हुने सम्पूर्ण सामाजिक काममा आफूलाई सहभागी गराउने 'सरल' को सामाजिक व्यक्तित्व अत्यन्तै उच्चस्तरको रहेको पाइन्छ ।[25]

### ३.३.२ शारीरिक व्यक्तित्व

यदुनाथ 'सरल' बाहिरबाट हेर्दा उनको शारीरिक व्यक्तित्व मध्यम उचाइ, गोरो वर्ण, फुलेका कपाल र आाखीभौं, सधै दौरासुरवाल लगाउने सरलको पहिरनमा नेपालीपन झल्कन्छ । आफ्नो शिरमा ढाका टोपी लगाउने 'सरल' को पहिरन पनि उनको नाम जस्तै सरल किसिमको छ ।

'सरल' को शारीरिक व्यक्तित्वमा उनको शारीरिक अवस्था, बनावट आदि पनि पर्ने हुनाले यसको चर्चा गर्नु पनि सान्दर्भिक नै देखिन्छ । 'सरल' जागिरे जीवनमा जनगणनाका क्रममा पहाड र तराईका विभिन्न भागमा गएका बेला २००९ सालमा टाइफाइट भएर निकै समय थलिनु भयो । तत्काल उपचार पद्धति राम्रो नहुदाँ त्यसको निदान हुन धेरै

---

[25] शिक्षक भरत भण्डारीज्यूबाट प्राप्त जानकारी अनुसार ।

समय लाग्यो र फलस्वरूप 'सरल' को श्रवणशक्ति कम भयो । उनले हालसम्म पनि कम सुन्छन् ।[26]

सरलको शारीरिक उचाइ मध्यम खालको छ । गोरो वर्ण, ठिक्कको शारीरिक बनावट, विहान सधै नुहाइ नित्यकर्ममा लाग्ने 'सरल' को व्यक्तित्व सधै सफा र नेपाली पहिरनमा देखिन्छ ।

### ३.३.३ धार्मिक व्यक्तित्व

यदुनाथ 'सरल' आस्तिक व्यक्तित्व भएकाले दैनिक रूपमा गर्ने उनको नित्यकर्म नै रहेको छ । सधै स्नान गरेर पूजापाठ गर्ने सरललाई धार्मिक व्यक्ति मान्नु पर्छ । सरलमात्र होइन उनको सम्पूर्ण पारीवारिक पृष्ठभूमि नै धार्मिक रहेको पाइन्छ । लमजुङमा कहल्याएका पण्डित बद्रीनाथका भानिज तथा लमजुङ जिल्लामा प्रसिद्ध पण्डित ढुङ्गाना परिवार र सुवेदी परिवारको काखमा हुर्केबढेका 'सरल' मा मातृ पितृ संस्कारका रूपमा धर्मकर्म गर्ने संस्कार हस्तान्तरण भएको पाइन्छ ।

दैनिक पूजापाठ गर्नु र धार्मिक मठ मन्दिरमा दर्शन गर्नु आजभोली सरलको दैनिकी भएको पाइन्छ । 'सरल' हिन्दु धर्म मान्ने भएकाले हिन्दु परम्परा अनुसार मनाइने चाडपर्वहरू सबै आफूले मान्ने र मनाउने बताउछन् । त्यसैले 'सरल' लाई धार्मिक व्यक्तित्वको रूपमा पनि लिन सकिन्छ ।[27]

### ३.३.४ समाजसेवी व्यक्तित्व

यदुनाथ 'सरल' समाजमा भए गरेका सम्पूर्ण सामाजिक संघ-संस्थामा आबद्ध भइ आफूले सक्दो सहयोग गरेको बताउछन् ।

---

[26] मिति २०६६।४।२३ गते दिउसो २:०० बजे शोधनायकसँग उनको अस्थायी निवास अनामनगरमा लिइएको जानकारी अनुसार।

[27] 'सरल', पूर्ववत्, पा.टि.नं. १, पृ. ४ ।

समाजमा तल्लो वर्गले गर्ने काम माथिल्लो वर्गका मानिसले गर्दैमा सानो ठूलो नहुने कुरामा सहमत 'सरल' आफूलाई हलोक्रान्तिमा सरिक गराई प्रमाणित गरिदिएका छन् । उनले आफूलाई हलोक्रान्तिमा मात्र सरिक गराएनन् उनले त समाजमा विद्यमान रूढिवादी निरङ्कुश परम्परालाई समेत तोड्ने काम गरी समाजलाई नयाँ बाटो देखाउने काम पनि गरेका छन् । त्यसैले 'सरल' लाई एउटा समाजसेवी व्यक्तित्वका रूपमा लिन सकिन्छ ।[28]

## ३.३.५ जागिरे व्यक्तित्व

यदुनाथ सरल २००८ सालतिर सरकारी सेवाको अवसर प्राप्त गरी नेपालको सुदुर पूर्वका जिल्लाहरूका विभिन्न कार्यालयमा ४२ वर्ष कार्यरत भइ हाल निवृत भएका छन् । सरलले घरबाट टाढा रही काम गर्नु परेकाले आफ्ना घर परिवार इष्टमित्रहरूले घरमा नै बसेर काम गर्न आग्रह गरेको र आफ्नो अनुपस्थितिमा घरपरिवारमा उत्पन्न समस्याले गर्दा सबै परिवार इष्टमित्रले आफूलाई घरैमा बसे पनि दुःख-सुःख गरेर खान पुग्ने सम्पत्ति छ भनेर लगाएको रोकटोकले गर्दा आफूलाई निकै गाह्रो भएको सम्झना गर्दछन् । जागिरका क्रममा घरबाट निकै टाढा रहेका बेला आफू लामो समयसम्म बिरामी परेर थलिनु परेको र राम्रो उपचार नपाउदा श्रवण शक्ति कम भएको पनि सरलले बताउछन् ।[29]

जागरिका क्रममा जनगणनाको काम भएकोले आफूले देशका विभिन्न ठाउँहरूमा घुम्ने अवसर पनि पाएको कुरा बताउने 'सरल' जागिरे जीवनमा रहदा नै सत्यमोहन जोशी ज्यूको संगत र प्रेरणाले आफू कविता लेखनमा लागेको मीठो अनुभव पनि बताउछन् ।[30]

## ३.४ निष्कर्ष

---

[28] 'सरल', पूर्ववत्, पा.टि.नं. १ ।

[29] मति २०६४।४।२३ गते शोधनायकको अस्थायी निवास अनामनगरमा लिइएको मौखिक जानकारी अनुसार ।

[30] ऐजन ।

यदुनाथ सरलको व्यक्तित्वलाई हेर्दा उनले आफ्नो जीवनकालमा तीता मीठा अनुभवहरूलाई संगालेर आफ्नो जीवनमा भएका तिनै अनुभवहरूलाई केलाएर कविता गीत आदिको स्वरूप प्रदान गरेको पाइन्छ । उनले आफूलाई धार्मिक व्यक्तित्वदेखि समाजसेवी व्यक्तित्वको रूपमा समेत उभ्याउने काम गरेका छन् । समाजमा आफ्नो प्रतिष्ठा कायम राख्न सफल सरलको व्यक्तित्वको पनि उक्तिकै  महत्त्वपूर्ण भूमिका रहन पुगेको छ ।

# चौथो परिच्छेद

## यदुनाथ 'सरल' को कृतितत्वको विश्लेषण

### ४.२ कविताको सैद्धान्तिक स्वरूप

कविता साहित्यको पुरानो विधा हो । जसमा लयात्मक भाषिक कला हुन्छ । कवितालाई स्वतन्त्र र पुरानो विधा मानिएकाले कवितालाई विभिन्न विद्वानहरूले परिभाषित गर्ने प्रयास गरेका छन् ।[३१]

विभिन्न विद्वानहरूले आ-आफ्नो विचार व्यक्त गरेर परिभाषित गरेको यस विधालाई निम्न लिखित परिभाषाले केही समेटेको देखिन्छ । जसलाई सङ्क्षिप्त रूपमा यसरी देखाउन सकिन्छ :

### ४.१.१ कविता सम्बन्धी पूर्वीय परम्परा

प्राचीन पूर्वीय साहित्यमा काव्य अर्थात् कवितालाई साहित्यको पर्यायवाची शब्दको रूपमा लिइन्थ्यो । काव्य र कवि शब्दलाई पूर्वीय आचार्यहरूले एकैसाथ चर्चा गरेको पनि पाइन्छ । संस्कृत साहित्य परम्परामा साहित्य (काव्य) लाई खासगरी विश्वनाथको साहित्य दर्पण ग्रन्थदेखि यता श्रव्य र दृश्य दुई वर्गमा बाडेको भेटिन्छ ।[३२] उपर्युक्त परिप्रेक्ष्यमा विश्वनाथदेखि यताको उत्तरवर्ती संस्कृत साहित्यशास्त्र परम्पराले 'काव्य' का दृश्य-व्यतिरेको वर्ग अन्तर्गत पद्य गद्यलाई राखेको र उनीभन्दा पूर्ववर्ती परम्पराले भने 'काव्यका पद्य-गद्य दुई सकारी वरु पद्य र गद्यको मिश्रणलाई प्रथमत चम्पू र नाटक समेत मानेको

---

[३१] वासुदेव त्रिपाठी र अन्य, (सम्पा.), **नेपाली कविता (भाग ४)**, ललितपुर : साझा प्रकाशन, २०६०, पृ. १७ ।

[३२] ऐजन ।

अनि नाटक वा रूपक 'काव्य' साहित्यक दृश्य वर्गमा प्रतिष्ठित भए पछि त्यस मिश्र रूपमा चम्पूलाई नै स्थान दिएको कुरा मननीय छ ।[३३]

संस्कृत साहित्य शास्त्रीय परम्पराका सन्दर्भमा आजको कविताको विधागत स्थितिको सूचक रहेको निष्कर्षित हुन्छ ।

## ४.१.२ काव्य सम्बन्धी पाश्चात्य परम्परा

पाश्चात्य परम्परामा प्राचीन ग्रीसकै अरिस्टोटल (इ.पू. ३४८-२२) को समय सम्ममा 'काव्य' (साहित्य) र भाषणकला भाषिक वा शाब्दिक कलाका रूपमा पनि लिइएका हुन् ।[३४] पाश्चात्य साहित्यमा प्रयुक्त Poem शब्द ... poi मा ... ema वा eme प्रत्यय लागेर बनेको हो । पूर्वीय साहित्यमा कवि र काव्य बीच सम्बन्ध भए जस्तै पाश्चात्य साहित्यमा poetry वा poem को रचनाकारलाई कवि भनिने भएकाले कविको कृतिलाई कविता मानिन्छ । पाश्चात्य साहित्यमा कुनै विषयको वर्णन गर्ने वा छन्दमा काव्य निर्माण गर्ने व्यक्तिलाई वा सौन्दर्यपूर्ण कविताका लेखकलाई कवि (poet) भनेको पाइन्छ ।

## ४.१.३ काव्यको परिभाषा

पूर्वीय र पाश्चात्य साहित्यमा (प्राचीन कालदेखि) नै काव्य शब्द प्रयोग भएको पाइन्छ । प्राचीनकालमा साहित्यको समुच्चयलाई वाङमय मानिन्थ्यो । तर पछि साहित्यलाई भिन्न ढङ्गले परिभाषित गरियो । समाजको कल्याण गर्ने भाव राख्ने साहित्यको एउटा शाखा काव्य हो । काव्य वाङ्मय र साहित्य भन्दा भिन्न विधा हो । साहित्य अन्तर्गत काव्य, नाटक, आख्यान र निबन्ध जस्ता विधा पर्दछन् । प्राचीन कालमा यी विविध विधा मध्ये काव्य विधाको अन्य विधाको तुलनामा बढी विकास भएको पाइन्छ । त्यसैले (प्राचिन कालमा) साहित्य भन्नाले काव्य भन्ने बुझिन्थ्यो तर आधुनिक साहित्यमा काव्यले गद्यात्मक वा पद्यात्मक कवितामयी कृतिलाई बुझाउँछ । कविको फुटकर रचना कविता हो

[३३] ऐजन ।

[३४] ऐजन, पृ. १ ।

भने कविताको आयाम वृद्धि भएपछि जीवनको एक खण्डको चित्रण गर्ने, पूर्ण जीवनको चित्रण गर्ने विना आख्यानको लामो कविता सम्म विस्तारित कविता रूपलाई काव्य शब्दले बुझाउँछ । साहित्यिक आचार्य भामह दण्डीहरू भन्दा बाह्य शास्त्रकार भरत अति प्राचीन हुन् । त्यसैगरी भामह, दण्डी, विश्वनाथ जगन्नाथ आदिका काव्य सम्वन्धि परिभाषामा शब्द र अर्थको सहभावलाई काव्य मान्ने, इष्ट अर्थलाई काव्य मान्ने, रसात्मक वाक्यालाई काव्य मान्ने र रमणीय अर्थ प्रतिपादन गर्ने शब्दलाई काव्य मान्ने विद्वानहरू रहेतापनि उक्त अवधारणालाई आचार्यहरूले काव्यको परिभाषा नभनी काव्य लक्षण वा काव्य स्वरूप भनेको पाइन्छ । सवै काव्यधारणाहरू परिभाषा कै रूपमा अभिव्यक्त भएका हुँदा सामान्यत : तिनलाई काव्यको परिभाषा मानिन्छ ।[३५]

पूर्वीय साहित्यमा जस्तै पाश्चात्य साहित्यमा पनि विभिन्न व्यक्तिले काव्यको परिभाषा दिएका छन् । अरिस्टोटलका अनुसार कलाले प्रकृतिको अनुकरण गर्छ भने वर्स्डवर्थका विचारमा कविता सशक्त अनुभूतिको निरवच्छिन्न उच्छलता हो । यो शान्त लक्षणमा पुनः सङ्कल्पित र स्मृत संवेगबाट जन्मन्छ । यसरी नै म्याथु आर्नोल्डका अनुसार 'कविता जीवनको आलोचना हो ।' कविताको परिभाषा गर्दै हड्सनले भनेका छन् 'कल्पना र मनोवेगद्वारा गरिने जीवनको व्याख्या नै काव्य हो । यस प्रकार पाश्चात्य विद्वानहरूले कविताको परिभाषा दिइएको पाइन्छ ।[३६]

नेपाली साहित्यमा पनि काव्यलाई चिनाउन विभिन्न व्यक्तिहरूले आ-आफ्ना धारणा व्यक्त गरेका छन् । रामकृष्ण शर्माले काव्यको सुन्दरता र नैतिक पक्षमा जोड दिदै काव्य सम्बन्धी आफ्ना धारणा यसरी राखेका छन्- "कवितालाई म सौन्दयको पुजारी, नैतिकताको छहरा, आदर्शको दर्पण ठान्छु ।" त्यस्तै गरी बालकृष्ण समले कवितालाई "कविता भावनाको वौद्धिक कोमलता हो ।" भनेर परिभाषित गरेका छन् । समको यस परिभाषा अनुसार कवितामा भाव बुद्धि, कोमलता र अभिव्यक्ति यी चार तत्त्व हुनुपर्छ । आत्मानुभवको अभिव्यक्तिलाई समेट्दै गरिएको यस परिभाषामा कोमलता भन्नाले कल्पना

---

[३५] सोमनाथ शर्मा, **साहित्य प्रदीप**, काठमाडौं : २०५८, पृ. २७, २८, २९ ।

[३६] त्रिपाठी, पूर्ववत्, पा.टि.नं १, पृ. ३, ४ ।

भन्ने बुझिन्छ । त्यसैगरी आत्मपरक अभिव्यक्ति र हार्दिक पक्षलाई साहित्यका लक्षण मान्दै देवकोटाले भनेका छन् - आफूलाई सबभन्दा सच्चा तवरले छामेर सबभन्दा छर्लङ्ग तवरले देखाएर, आफ्नो आदर्शरूपलाई ठोस र ग्राहय ढङ्गले हमेशा अनुभूत गराउनु व्यक्ति तथा जातिको कला र साहित्य हो ।[३७]

---

[३७] ऐनज ।

## ४.१.४ कविताका तत्त्वहरू

कवितालाई सम्पूर्ण रूपमा चिनाउने क्रममा यसका विधात्मक निजत्वका बुँदाको चर्चा मात्र पर्याप्त छैन र यसले अगाल्ने साहित्यिक सामान्य धर्मको निरूपण पनि आवश्यक पर्छ ।[३८] कवितालाई तत्त्वको आधारमा वर्गीकरण गरेर यसरी चर्चा गर्न सकिन्छ ।

### ४.१.४.१ संरचना

कविताको संरचनात्मक ढाँचा नै संरचना हो । संरचना दुई किसिमको हुन्छ : आन्तरिक र बाह्य । कविता कृतिको बाह्य संरचना त्यसका लयात्मक खण्ड/गण र विश्राम भई पाउँ/चरण वा पङ्क्ति विधान तथा पङ्क्तिपुञ्जसँगै थालिन्छ र त्यसका विविध भाग परिच्छेद हुँदै विस्तारित हुन्छ अनि खण्डकाव्यमा पुग्दा सर्ग योजना पनि देखा पर्न सक्छ । संरचना तत्त्व विना कुनै रचना निर्माण हुन नसक्ने भएकाले संरचना कविताको अनिवार्य तत्त्व मानिन्छ ।

### ४.१.४.२ विषयवस्तु

रचनाको लागि चयन गरिएको भावभूमि विषयवस्तु हो । जीवन जगतका यावत विषयमा कविता लेख्न सकिने हुँदा कवितामा विषयवस्तुको विविधता हुन्छ । कविले सत्य सत्यांश वा सत्याभास जुनसुकै विषय चयन गरी काव्य रचना गर्न सक्छ । जीवन भोगाइका क्रममा कविलाई उत्प्रेरित गर्ने वस्तु नै काव्य विषय बन्न सक्ने भएकाले विषय चयनमा कवि स्वतन्त्र हुन्छन् । त्यसैले काव्य भित्र पनि विविध विषय पाउन सकिन्छ । कविको कल्पना प्रधान चिन्तन नै काव्यको विषयवस्तु हो । विषयवस्तु कविता सिर्जनाका आधार भएकाले जीवन जगतका विविध पक्षका सत्य घटना वा काल्पनिक परिवेश चयन गरी कविता रचना गरिन्छ । यसैमा कविले आफ्नो जीवनदर्शन समेत समेटेको हुन्छ ।[३९]

---

[३८] ऐजन, पृ. ३ ।

[३९] ऐजन ।

### ४.१.४.३ भाव विधान

कविताको संरचना, कथनपद्धति, भाषाशैली र अन्य रूपात्मक तत्त्वका माध्यमद्वारा भाव प्रकट हुन्छ । कवि शब्द शब्दका श्रृङ्खलामा गुम्फित भाषिक संरचना भएकाले यही भाषिक संरचनामा भाव अभिव्यक्ति भएको हुन्छ । भाव भन्नाले कविताको शब्द शब्दमा अन्तरनिहित शक्ति भन्ने बुझिन्छ । पूर्वीय साहित्यमा वस्तु, नेता र रस काव्यका अङ्ग मानिन्छन् । वस्तुमा भाव निहित हुने भएकाले पनि कवितामा भाव रहनु पर्ने नै हुन्छ ।

मानवीय अनुभवको क्षणविशेष एक खास मनोदशा जीवन कै एक भाग जीवनको समग्रता र जीवन सन्दर्भको विराटतालाई क्रमशः अँगाल्दै कविताका पूर्वोक्त पाँच उपविधा (मुक्तक, फुटकर कविता, खण्डकाव्य, महाकाव्य र आर्ष/विकासशील महाकाव्य) हरूको कथ्य विषयवस्तु र भाव विधानका आयामका दृष्टिले मुक्तकदेखि आर्ष महाकाव्यसम्म उत्तरोत्तर विस्तारित हुँदै जाने कुरा पनि स्मरणीय नै छ ।[४०]

कविताबाट भावकहरूलाई प्राप्त हुने मूलवस्तु नै भाव भएकाले यसलाई कविताको अनिवार्य तत्त्वको रूपमा लिइन्छ ।

### ४.१.४.४ लयविधान

कविता विधाको मुख्य पहिचान लयात्मकता हो । जसबाट विशेष श्रुतिमाधुर्य प्राप्त हुन्छ । साहित्यका अरु विधाबाट कवितालाई पृथक पार्ने आधारभूत तत्त्व पनि लय नै हो । त्यसैले लय कविताको मुख्य तत्त्व हो । कवितामा प्रयोग गरिने सौन्दयपूर्ण भाषाका वर्गगत र पङ्क्तिगत एवम् अनुच्छेदगत बनोटबाटै लय उत्पन्न हुने गर्दछ ।[४१]

कविताको संरचना कथनपद्धति, भाषाशैली र अन्य रूपात्मक तत्त्वको माध्यमद्वारा भाव प्रकट हुन्छ । आख्यानीकृत वा नाटकीकृत जुन रूपमा जीवन जगतको कथन गरिए

---

[४०] ऐजन, पृ. ४ ।

[४१] महादेव अवस्थी, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्यको विमर्श**, काठमाडौं : इन्टेलेक्चयुअल्य बुक प्यालेस, २०६४, पृ. ४९ ।

पनि त्यसको केन्द्रीय तत्त्व भाव नै रहेको हुन्छ । कविको क्षण विशेषको अभिव्यक्ति कविता भएकाले यसमा कविको जीवनको क्षणिक वा समग्रताको प्रकटीकरण पनि हुने गर्दछ । कविताबाट भावकलाई प्राप्त हुने मूलवस्तु नै भाव भएकाले यसलाई कविताको अनिवार्य तत्त्वको रूपमा लिइन्छ ।

### ४.१.४.५ भाषाशैली

साहित्य एक भाषिक कला हो र यसलाई भाषिक माध्यम अँगाल्ने सौन्दर्यपूर्ण वस्तुका रूपमा लिइन्छ । त्यसैले साहित्यकै एक लयात्मक विधास्वरूप कवितामा भाषाको सौन्दर्यपूर्ण प्रयोग अपेक्षित नै रहन्छ । भाषाको सौन्दर्यपूर्ण प्रयोगलाई नै साहित्यिक भाषाशैली भन्ने गरिन्छ ।[४२]

कवितामा प्रयोग गरिने सङ्कथनगत पद्धतिलाई शैली मानिन्छ । शैली व्यक्तिपिच्छे फरक फरक हुने गर्छ । सरल, आलङ्कारिक, नाटकीय, वर्णनात्मक आदि शैली कवितामा प्रयुक्त हुन्छन् । भावाभिव्यक्तिका लागि कवितामा उचाइ थप्ने र स्रष्टालाई निजी पहिचान दिने काम भाषाशैलीले गर्दछ ।

कविता अङ्गी हो र उपर्युक्त उपकरणहरू यसका अङ्ग हुन् । यी तत्त्वहरूकै समग्रताबाट कविताले रूपाकृति प्राप्त गर्छ । यिनै तत्त्वहरूको योगबाट कविताले साकार रूप लिन्छ ।

### ४.१.४.६ बिम्ब-प्रतीक र अलङ्कार विधान

कुनै कृतिमा मुख्य कथ्य (कथन गरिएको प्रस्तुत) अर्थको सहयर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो ।[४३] जीवन जगत्का विविध सन्दर्भ र सामग्रीबाट बिम्ब विधान हुन सक्छ र अर्थालङ्कारहरू बिम्बविधानकै उपक्रम

---

[४२] ऐजन ।

[४३] त्रिपाठी, पूर्ववत्, पा.टि.नं. १, पृ. २०, २१ ।

हुन् । कविताको अर्थ र भावलाई गाम्भीर्य बनाउने काम बिम्बले गर्दछ । र कविताको भावलाई बढी गहीराई प्रदान गर्ने काम प्रतीकले गर्दछ ।

कविताको रूपतात्त्विक विधानमा अलङ्कार विधान पर्दछ । भावलाई गहन र प्रभावमूलक बनाउन कवितामा बिम्ब प्रतीक र अलङ्कार विधान अनिवार्य तत्त्वका रूपमा रहन्छ ।

अलङ्कार विधानका आधारमा 'सिर्जनाका धुन' कविता सङ्ग्रह भित्रका कविताहरूलाई हेर्दाः

"आफ्ना आदरणीय पूज्य जतिछन् मातापिता आदिमा
गर्नु ढोग विनम्र भै त्रुटि नहोस् सेवा र सम्मानमा"

(नित्यकर्म, पृ. ३)

प्रस्तुत अंशमा 'न' वर्ण र 'त' वर्णको कतै क्रमले र कतै क्रमविना अनेकपटक आवृत्ति भएकाले वृत्यानुप्रास अलङ्कार रहेको छ ।[४४]

"साँची राख विवेकले जुन दियो सङ्लो सफा भावना
जाँची हेर त होस जोस मनका आवेश उत्तेजना ।"

(युवकको अन्तर्ध्वनी, पृ. ४, श्लोक ५)

प्रस्तुत कविताांशमा साँची र जाँची भावना र उत्तेजनामा क्रमशः आधानुप्रास रअन्त्यानुप्रासको कुशल प्रयोग पाइन्छ ।

"उदाई नेपाल जुन कृषक गोपालक थिए
तिनै हाम्रा पुर्खा भुवनभरमा वीर गनिए ॥"

(चाहाना, पृ. ६, ७, श्लोक ७०)

---

[४४] यदुनाथ 'सरल', **सिर्जनाको धनु**, काठमाडौं : वेदराज ढुङ्गाना, 'दोस्ती', २०६४, पृ. ३ ।

प्रस्तुत पद्यांशमा गाई पाल्न गर्न हाम्रा कृषक पुर्खाहरू नै वीर हुन भनि पुर्खाहरूमा वीरको अभेद आरोप गरिएकाले 'रूपक' अलङ्कार रहेको पाइन्छ ।

"छहारी सञ्चारी मुलुकभर उत्साह थपियोस्

दुराचायी छाती कुटिलपव सम्पूर्ण दबियोस ॥"

(नयाँ वर्ष शुभेच्छा, पृ. १२, श्लोक २)[४५]

प्रस्तुत पद्यहारमा दुराचारी, छाती र कुटिलपन जस्ता प्रस्तुत अप्रस्तुत अनेक पदार्थको बीच एउटै दबियोस भन्ने धर्मको सम्बन्ध देखाइएको हुनाले 'तुल्योगिता अलङ्कार रहेको छ ।

"आयो वर्ष नयाँ वसन्तसँगको सौन्दर्यले शोभित

बैंलेको वनकुञ्ज भयो मधुर त्यो सङ्गीतले गुञ्जित ।"

(नयाँ वर्ष शुभेच्छा, पृ. १२, श्लोक ७)

प्रस्तुत कवितांशमा वैलेको वनकुञ्ज मधुर सङ्गीतले गुञ्जित हुने कार्यका निम्ति वसन्तको सौन्दर्ययुक्त नयाँ वर्ष कारण भएकाले 'काव्यलिङ्ग' अलङ्कार रहेको छ ।

"दृढ दिग्गजझैं नित्य विद्यालय खडा छ यो"

'शान्ती स्वणदिशातिर', पृ. १३, श्लोक ५ ।

प्रस्तुत पद्य भागमा विद्यालय (शान्ती मा.वि.) उपमेयलाई दृढ दिग्गज उपमेयका साथ 'नित्य खडा रहेन' साधारण धर्मको समानता 'झैं' शादृश्य वाचक शब्दद्वारा व्यक्त गरिएकाले 'पूर्णोपमा' अलङ्कार रहेको पाइन्छ ।

---

[४५] ऐजन, पृ. ४, ६, ७, १२ ।

"दृढ दिग्गज झैं नित्य विद्यालय खडा छ यो ।

जिल्लाको सर्वतो भेक सिँगार्ने ज्योतिपुञ्ज हो ॥"

(शान्ती स्वर्णदिशातिर, पृ. १३, श्लोक ५)[४६]

प्रस्तुत पद्यांशमा दिग्गज झैं खडा रहने विद्यालय (शान्ति मा.वि.) मा जिल्लाको सम्पूर्ण भेग सिँगार्ने ज्योतिपुञ्जको आरोप गरिएकाले 'रूपक' अलङ्कार रहेको छ । यसै कवितांशमा 'उपमा' र रूपक दुवै अलङ्ककार परस्पर छुट्टयाउन सकिने किसिमले आएका हुनाले संसृष्टि अलङ्कार पनि रहेको छ ।

"राजा र प्रजा जहान हामी यो देश घर हो"

'उद्योगी बनी स्वदेशी वस्तु प्रयोगमा बढाऊँ'

(पृ. १६, श्लोक ४)

प्रस्तुत पङ्क्तिमा राजा र प्रजामा जहान तथा देशमा घरको अभेद आरोप गरिएको छ तसर्थ यसमा 'रूपक' अलङ्कार रहेको छ ।

"नवसुधा वसुधा किन भो अघि

उदधि मन्थनका क्रममा अघि

नवसुधा छलले सुरले लिए

नियतिमा यतिका वसुधा भए ।"

(प्रसङ्ग पुष्पाञ्जलि, पृ. १७)

प्रस्तुत पूर्ण पद्यभागमा 'नवसुधा' निरर्थक 'वसुधा' सार्थक वसुधा तथा नियति निरर्थक यति र 'यतिका' सार्थक यति शब्दको प्रयोग गरिएको छ । यसकारण यस पद्यमा

---

[४६] ऐजन ।

'यमक' अलङ्कारको प्रयोग पाइन्छ । यस 'प्रसङ्ग पुष्पाञ्जलि' शीर्षक कविताका सम्पूर्ण श्लोकमा यमक अलङ्कार नै पाइन्छ ।[४७]

"कुनै सयम जो यहाँ पठित शून्यजस्तै थिए
परन्तु सब साहसी चतुर चेतनाका थिए ।
उठे त्यस समाजमा युग सुहाउँदा भावना
जुटे प्रगतिमार्गमा उदित कल्पना चाहना ॥"

(सर्वोदय रजत सन्दर्भ, पृ. १९, श्लोक १)

यस पङ्क्तिमा साहसी र चतुरहरू समाजमा उठे र प्रगति मार्गमा जुटे भन्ने कारण भए पनि त्यसको कार्य देखाएको हुनाले विशेषोक्ति अलङ्कार रहेको पाइन्छ ।

"प्रिय पाणिनि झुल्केको आज पच्चिस वर्ष भो
तिम्रै आदर्श पर्खेको पनि पच्चिस वर्ष भो ।
खोस्री विगतको तीतो मीठो सिंहावलोकन
गरिदै छ यहाँ उच्च शिक्षाको परिकल्पना ॥"

(उच्च शिक्षा गुरु र शिष्य, पृ. २०, श्लोक १)

यस कविताशमा पाणिनि संस्कृत मा.वि. को वर्णन त्यस मा.वि. लाई देखेर प्राच्य ऋषि पाणिनिको स्मरण गरिएको हुनाले स्मरण अलङ्कार रहेको छ ।[४८]

"जागेका छन् कलमहरू यी भावनामा चिरायु
गोली भन्दा प्रबल यिनको हुन्छ रे प्राणवायु"

(सम्माति, पृ. २५, श्लोक ५)

---

[४७] 'सरल', पूर्ववत्, पा.टि.नं. १४, पृ. १६, १७ ।

[४८] ऐजन, पृ. १९, २० ।

यस कवितांशमा निर्जीव कलमहरू पनि गोली भन्दा प्रबल प्राणवायु युक्त भएर जाग्दछन् भनिएकाले क्रिया सम्बन्धी विरोध परेको देखिन्छ तसर्थ यस कवितांशमा विरोध अलङ्कार रहेको छ ।

"हें विद्वदरवर सर्वमान्य अगुवा हे लम्जुङे शैलज
यै छाया-छवि ओतप्रोत दिल यै साहित्यका अग्रज"

(कविवर माधव घिमिरेप्रति, पृ. २७, श्लोक १)

प्रस्तुत कवितांशमा कविवर माधव घिमिरे प्रति विद्वद्वर, सर्वमान्य, अगुवा, लम्जुङे शैलज जस्ता विभिन्न भावपूर्ण विशेषणहरूको प्रयोग गरिएको हुनाले 'परिकर' अलङ्कार रहेको छ ।[४९]

"कदापि नबनौं धूर्त अरुलाई बिझाउने
उच्च आदर्शमा उत्रौं अरुलाई रिझाउने"

(मिलनको शुभेच्छा, पृ. २९, श्लोक ३)

"आमा जानुभयो अनन्त वधमा हा दैव ! यो के भयो
हाँगा फल छुट्टिए रुख ढल्यो संसार यस्तै छ यो ।
आई क्यै पदबाट मित्र घरमा आमा भन्थैं गयो
ढोग्दा पावन पाउमा शुभ हुने सौभाग्य मेरो गयो ॥"

प्रस्तुत पद्यमा मातृ वियोगको रूपमा आएको शोकभाव विगतमा हुने गरेका मातृसहचार्यको स्मृतिका निम्ति अङ्ग बनेर आएको छ । यसर्थ यस पद्यमा 'भावोदय' अलङ्कार रहेको छ ।

"तृणले यदु-वंशकै सरी
सबमा फूट र बैर बेसरी

[४९] ऐजन, पृ. २५, २७, २९ ।

जब आपसमा लुछा चुँडी

हुन गै आउँछ नाशको घडी"

(स्मृति प्रसङ्ग : स्व. मुक्तिनाथ अधिकारी, पृ. ७७, श्लोक ११)[५०]

यस पद्यमा फुट र वैरभाव एवम् आपसमा लुछाचुँडी भयो भने नाशको घडी आउँछ भन्ने सामान्य कथनद्वारा समर्थन गरिएको छ । तसर्थ यस पद्यमा 'अर्थान्तरन्यास' अलङ्कार रहेको छ ।

"कुनै अति उदार छन् मिलनसार उस्तै गुनी

कुनै अतिकठीर छन् कृपण कञ्जुसै बैगुनी ।

परस्पर अटाउँछन् उभयपक्षका जीवनी

भनूँ म कसरी यहाँ कुन गरिब को हो धनी ?

(कुन गरिब को हो धनी, पृ. ८१, श्लोक २)

प्रस्तुत श्लोकमा उदार र मिलनसार तथा कुनै कठोर र कृपण भए पनि दुवै पक्षको जीवनी परस्पर अटाउन सक्ने भएकाले वक्ता कवि 'म' लाई धनी र गरिब छुट्याउन गाह्रो भएको हुँदा 'सन्देह' अलङ्कार रहेको पाइन्छ ।

"योग्यता जति थियो जनतामा

मिल्कियो सब छिपेर कुनामा,

वीरको रगत रन्किरहेथ्यो

क्रान्तिले समय पर्खिरहेथ्यो ।"

(सात साल अघि र पछि, पृ. ८५, श्लोक ४)

---

[५०] ऐजन, पृ. ३७, ७७ ।

प्रस्तुत पद्यमा जनतामा योग्यता भएर पनि कुनामा मिल्कनु वीरको रगतले क्रान्तिको समय पर्खनु जस्ता कार्यका निम्ति कारणको स्पष्ट उल्लेख नभएका कारण 'विभावना' अलङ्कार रहेको छ ।

"राँको भैकन दन्किदे कलम ए । अन्याय सारा जला

भत्का शोषकका तिनै महलको सम्पूर्ण कालो कला"

(साहसी कलम, पृ. ९४, श्लोक ४)

यहाँ लिङ्ग र क्रियाद्वारा अन्याय जलाउने राँको, शोषणका महल भत्काउने औजारका रूपमा कलममा क्रान्तिकारी योद्धा र औजारको आरोप गरिएकाले 'समासोक्ति' अलङ्कार गरेको छ ।

"वर्षासाथ पखालियो सब हिलो मैलोपन निखियो"

(शारदी शोभा, पृ. ९७, श्लोक ३)

यस पङक्तिमा मैलोपना निखने कार्य सिद्ध गर्नाका लागि वर्षाले हिलो पखालेको कारण प्रस्तुत भएकाले 'काव्यलिङ्ग' अलङ्कार रहेको छ ।[५१]

"विषका माझमा धन्य विद्यमान छ निर्बिसी"

(प्राकृत लमजुङ, पृ. ९९, श्लोक ४)

यस पङ्क्तिमा विषका माझमा पनि कसरी निर्बिसी रहन सबद्ध भन्ने विरोध पाइन्छ तर निर्बिसी भनेको वनस्पति हो भन्ने अर्थ गरेपछि उक्त विरोधको परिहार हुन्छ । तसर्थ यस पङ्क्तिमा 'विरोधाभास' अलङ्कार रहेको पाइन्छ ।

"बन्दै रहेका घर हेरी आएँ

सन्चा सबै मामलि भेटि आएँ ।"

(पत्राचार प्रसङ्ग, पृ. ११०, श्लोक ९)

---

[५१] यदुनाथ 'सरल', **सिर्जनाका धुन**, पृ. ९४, ९७, श्लोक ४, ३ ।

प्रस्तुत कवितामा सर्वत्र अन्त्यानुप्रासको कुशल संयोजन रहेको छ ।

“यो लम्बियो पद्य सिँगार्न खोज्दा
यो यत्ति भो वाक्य उतार्न खोज्दा
भेजें यसैका पछि आइनेछ
विषेश वार्ता त्यहि नै हुनेछ ।”[५२]

(पत्राचार प्रसङ्ग, पृ. १११, श्लोक ९)

प्रस्तुत पद्यमा विशेष वार्ता अर्को पत्रमा हुनेछ भनी दाजुलाई लक्ष्य गरिएको भए पनि कविताको अन्त्य वा सङ्ग्रहकै अन्त्य भाग भएकाले अरु कृतिमा भेट हुनेछ भन्ने कुरा पाठकमा राखिएको छ । तसर्थ यसमा ‘गुढोक्ति’ अलङ्कार रहेको छ ।

यस कविता सङ्ग्रहमा समग्रमा अन्त्यानुप्रासको रमणीय र कुशल प्रयोग सर्वत्र पाइन्छ । यसै गरी अधिकांश कवितामा व्यक्ति, वस्तु, प्रकृति, स्थान आदिको वर्णनात्मक शैली प्रयोग भएकाले ‘स्वभावोक्ति’ अलङ्कार रहेको छ ।

यसरी अधिकांश स्थानमा प्रयुक्त अलङ्काहरू ‘अन्त्यानुप्रास’ र ‘स्वभावोक्ति’ रहेको किटान गर्न सकिन्छ ।

## ४.२ ‘सिर्जनाका धुन’ कविता सङ्ग्रहको विश्लेषण

वि.सं. २०६४ सालमा प्रकाशित यदुनाथ ‘सरल’ को एकमात्र कविता सङ्ग्रह ‘सिर्जनाको धुन’ मा ७० वटा कविताहरू रहेका छन् । जसलाई पाँचवटा समूहमा फरक-फरक शीर्षक दिएर लेखिएको छ ।

यस कविता सङ्ग्रह भित्रका कविताहरूलाई शीर्षक र छन्दका आधारमा निम्नानुसारले यस कविता भित्र सङ्ग्रहीत कविताहरू हुन्:

[५२] यदुनाथ ‘सरल’, सिर्जनाको धुन, काठमाडौं : २०६४, पृ. ११०, १११, श्लोक ९.९

| क्र.सं. | कविताको शीर्षक | क्र.सं. | कविताको शीर्षक |
|---|---|---|---|
| क) | शुभकामनाका धुन | | |
| १. | नित्यकर्म प्रसङ्ग | २. | युवकको अन्तर्ध्वनि |
| ३. | शुभेच्छा | ४. | चाहना |
| ५. | के भन्ने र ? | ६. | उर्वर जीवनप्रति |
| ७. | नयाँ वर्ष शुभेच्छा | ८. | शान्ति स्वर्ण दिशातिर |
| ९. | सम्बन्धितसँग | १०. | उद्योगी बनी स्वदेही बस्तु प्रयोगमा बढाऊँ |
| ११. | प्रसङ्ग पुष्पाञ्जलि | १२. | सर्वोदय रजतसन्दर्भ |
| १३. | उच्चशिक्षा गुरु र शिष्य | १४. | झट्टै काल नडाक |
| १५. | धार्मिक चिन्तन | १६. | सम्मति |
| १७. | लाग्दै छ हेर अहिले झलमल्ल घाम | १८. | कविवर माधव घिमिरेप्रति |
| १९. | गार्हस्थ्य चर्चा | २०. | मिलनको शुभेच्छा |
| २१. | केही उद्गार केही सन्देश | २२. | सत्ययुग आयो भने |
| २३. | परसेवामय राख जीवन | २४. | चिरञ्जीव अन्तरङ्ग |
| ख) | सम्झनाका धनु | | |
| १. | आमाको सम्झना | २. | स्याङ्जा-नुवाकोट : ऐतिहासिक झलक |
| ३. | कवि शिरोमणिको सम्झनामा | ४. | प्रवासीको पत्र |
| ५. | भाइ हरिको सम्झना | ६. | आदिकविप्रति |
| ७. | मोती यतै झुल्किए | ८. | धर्मप्रचारक पं. कोमलनाथप्रति |
| ९. | आदर्श पुरुषको सम्झना | १०. | स्व. डिल्लीजङ्प्रति श्रद्धा-सुमन |
| ११. | चिसङ्कुबाट झुल्केका तारालाई | १२. | विवेकको हत्या |
| १३. | त्री-रत्नको सम्झना | १४. | स्व. दाजु सूर्यनाथ सुवेदीप्रति |

| | | | |
|---|---|---|---|
| | | | श्रद्धाञ्जली |
| १५. | स्व. सूर्यकान्त अधिकारीसँगको वियोग | १६. | पृथ्वीको चिन्तन |
| १७. | स्व. दाजु तारानाथमा क्षमा प्राथना | १८. | स्व. मामा बद्रीनाथको सम्झना |
| १९. | गुम्सिएका गन्थन | २०. | आफ्नै संक्षिप्त जीवनी |
| २१. | विरक्त अवस्थाको गन्थन | २२. | साहसीको सम्झना |
| २३. | आमा परमात्मा | २४. | स्व.पं. सोमनाथ पौडलेमा विनम्र सम्झना |
| २५. | स्मृति प्रसङ्ग : स्व. मुक्तिनाथ अधिकारी | २६. | जन्मभूमि सदा प्रिय |
| ग) | जागृतिका धनु | | |
| १. | कुन गरिबको हो धनी | २. | चाहिन्छ झुप्राहरूमा विकास |
| ३. | ज्योतिको प्रेरणा | ४. | सातसाल अघि र पछि |
| ५. | यो हो लमजुङ | ६. | आजको सङ्कल्प |
| ७. | खै कष्टपूर्ण किन हो अझ जिन्दगानी | ८. | प्रस्तावित भक्तिमार्ग |
| ९. | डिलको चौतारी | १०. | साहसी कलम |
| घ) | सौन्दर्यचेतनाको धुन | | |
| १. | शारदी शोभा | २. | सुषुप्ति चेतनलाई |
| ३. | प्राकृत लमजुङ | ४. | यो हो भूस्वर्ग |
| ५. | प्राकृतछटा | ६. | सौन्दर्यको टक |
| ७. | अदृष्ट शाक्ति | | |
| ङ) | प्रेमका धुन | | |
| १. | सरलालाई सौगात | २. | आफ्नै सेरोफेरो |
| ३. | पत्राचार-प्रसङ्ग | | |

'सरल' को यस कविता सङ्ग्रह भित्रका कविताहरू सबै छन्दबद्ध भएकाले छन्दका आधारमा उनका कविताहरूको सूची यस प्रकार रहेको छ :

सूची

| छन्द | कविता शीर्षक | श्लोक संख्या |
|---|---|---|
| शार्दूलविक्रीडित | नित्यकर्म प्रसङ्ग, युवकको अन्तर्ध्वनि के भन्ने र ? झट्टै काल नडाक, कविवर माधव घिमिरेप्रति, केही उदगार केही सन्देश सत्ययुग आयो भने, आमाको सम्झना, भाइ हरिको सम्झना, आदिकविप्रति, मोती यतै झुल्किए, चिसङ्कुबाट झुल्केका तारालाई, त्रि-रत्नको सम्झना, साहसीको सम्झना, स्व.पं. सोमनाथ पौडेलमा विनम्र सम्झना, जोतिको प्रेरणा, शारदी शोभा, अदृष्ट शक्ति, सरलालाई सौगात आफ्नै सेरोफेरो, नयाँ वर्ष शुभेच्छा | ४ + ६ + १२ + ७ + ७ + ५ + ६ + ८ + ८ + ६ + ५ + ५ + ९ + ५ + ६ + ४ + ७ + ५ + ८ + ७ = १३० + २ जम्मा श्लोक संख्या १३२<br>कविता सङ्ख्या = २० |
| अनुष्टुप | शान्ति स्वर्णदिशातिर, सम्बन्धितसँग उच्चशिक्षा, गुरु र शिष्य, धार्मिक चिन्तन मिलनको शुभेच्छा, धर्मप्रचारक पं. कोमल्नाथ प्रति, आदर्श पुरुषको सम्झना स्व. डिल्लीजङप्रति श्रद्धा-सुमन, गुम्सिएका गन्थन, आफ्नै संक्षिप्त जीवनी यो हो लमजुङ, प्रस्तावित भक्तिमार्ग सुषुप्ति चेतनालाई, प्राकृत लमजुङ | ६ + १७ (दिपदिय श्लोक) + ११ + १० + ६ + ५ + ८ + ११ + १२ + १४ + ११ + ५ + ७ + ७ = १०४ चतुष्पदी (१७ द्विपदिय) कविता संख्या १४ |
| शिखरिणी | चाहना, नयाँ वर्ष, शुभेच्छा, गाहस्थ चर्चा, स्व. दाजु तारानाथमा क्षमाप्राथना स्व. मामा बद्रीनाथको सम्झना, आमा परमात्मा | ८ + ५ + ६ + ७ + ४ + ५ = ३५<br>कविता संख्या ६ |
| मन्दाक्रान्ता | सम्मति, स्याङ्जा-नुवाकोट : ऐतिहासिक झलक, कविशिरोमणिको सम्झनामा, प्रवासीको पत्र, पृथ्वीका चिन्तन, यो हो भूस्वर्ग | ५ + १३ + १२ + १७ + ४ + १२ = ६३<br>कविता संख्या ६ |
| उपजाति | उर्वर जीवन, चिरञ्जीव अन्तरङ्ग, विवेकको हत्या, स्व. दाजु सूर्यनाथ सुवेदीप्रति श्रद्धाञ्जलि, चाहिन्छ झुप्राहरूमा विकास, आजको सङ्कल्प, पत्राचार प्रसङ्ग | १० + १० + ११ + १२ + १३ + १० + १० = ७५ कविता संख्या ७ |
| वसन्ततिलका | लाग्दै छ हेर अहिले झलमल्ल घाम खै कष्टपूर्ण किन हो अझ जिन्दगानी सौन्दर्यको टक | ४ + ६ + ७ = १७ कविता संख्या ३ |
| गीति | शुभेच्छा, उद्योगी बनी स्वदेशी वस्तु प्रयोगमा बढाऊँ, स्व. सूर्यकान्त अधिकारीसँगको वियोग, विरक्त अवस्थाका गन्धन, डिलको चौतारी, प्राकृतघटा | ६ + ६ + ११ + ८ + ४ + ५ = ४०<br>कविता संख्या ६ |
| द्रुतविलम्वित | प्रसङ्ग पुष्पाञ्जलि | श्लोक संख्या १४ |

| | | |
|---|---|---|
| | | कविता संख्या १ |
| पृथ्वी | सर्वोदय रजतसन्दर्भ, कुन गरिबको धनी | ६ + ५ = ११<br>कविता संख्या २ |
| स्वागता | सात साल अघि र पछि | श्लोक संख्या १३<br>कविता संख्या १ |

'सरलको यिनै कविताहरूको सङ्ग्रहलाई संरचना, विषयवस्तु, प्रकृति चित्रण धार्मिक, संस्कृति र आध्यात्मिक चित्रण, ग्राम्य जनजीवनको चित्रण, राष्ट्रियता र देशप्रेम, सामाजिक विकृति र विसङ्गतिको चित्रण, भावविधान, लयविधान, बिम्ब प्रतीक अलङ्कार विधान र भाषाशैलीको आधारमा विश्लेषण गरिएको छ ।

## ४.२.१ संरचना

कुनै पनि रचना तथा सङ्ग्रहको संरचना भन्नाले त्यसको आन्तरिक र बाह्य आकार भन्ने बुझिन्छ । रचनाको बनाटवट देखि लिएर सिङ्गो सङ्ग्रहको निर्माण संरचना हो । कविता कृतिको बाह्य संरचना त्यसका लयात्मक खण्ड/गण र विश्राम भई पाऊँ चरण वा पङ्क्तिपुञ्जसँगै थालिन्छ । त्यस्तै प्रत्येक कृतिको आफ्नो संरचना हुन्छ । यो विना कृतिको निर्माण हुनसक्दैन । यस कविता सङ्ग्रहको संरचना भन्नाले यसमा सङ्कलित कविताहरू र यिनैबाट निर्मित सिङ्गो सङ्ग्रहको आकार भन्ने हुँदा यस सङ्ग्रहका कविताहरूलाई हेर्दा बाह्य संरचनामा सबै पद्यलयलाई आत्मसाथ गरी आवश्यकता अनुसार अनुच्छेदहरूको लयगत विस्तारका साथै कथनगत विस्तार पनि रहेको छ ।

यस सङ्ग्रहभित्र 'सरल' का सत्तरी वटा शीर्षकमा छन्दोमय एवम् गीति कविताहरू सङ्कलित छन् । कविताका छन्दमा मन्दाकान्ता, पृथ्वी, शार्दूलविक्रीडित, इन्द्रबज्रा, वियोगिनी, अनुष्टुप, उपजाति, द्रुतविलम्बित आदि छन्द रहेको पाइन्छ ।

## ४.२.२ विषयवस्तु

स्रष्टाले आफूले देखे भोगेका र अनुभूति गरेका जीवन र जगतका विविध विषयलाई टिप्दै त्यसकै केन्द्रीयतामा कविता रचना गरेको हुन्छ । कुनै एक विषयलाई लिई

त्यसको भावस्पर्शले आफ्नो मनोलोकमा उब्जिएको अनुभव र अनुभूतिलाई शब्दद्वारा उद्घाटन गर्दा आफ्ना भावनात्मक तरङ्गहरूको लयात्मक अभिव्यक्ति प्रस्तुत हुन जाँदा कविता सृजना हुन्छ ।

कवि 'सरल' ले पनि यस कविता सङ्ग्रहमा आफ्नो जीवन जगत्का अनुभव र भोगाइका क्रममा आइपरेका समस्या तथा चुनौतीहरूलाई कविताको माध्यमद्वारा व्यक्त गरेका छन् । यस कविता सङ्ग्रह भित्र सङ्कलित कविताका शीर्षकहरूलाई विषयगत आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

**श्रद्धाञ्जलीसँग सम्बन्धित कविताहरू**

'सरल' को यस कविता सङ्ग्रह भित्रका धेरैजसो कविताहरूमा श्रृद्धाञ्जलीभाव व्यक्त भएको पाइन्छ । उनका यस सङ्ग्रह भित्रका कविताहरूमा 'आमा परमात्मा', 'आमाको सम्झना', 'धर्मप्रचारक पण्डित', 'आदर्श पुरुषको सम्झना', 'चिसङ्कुबाट झुल्केका तारालाई', 'राष्ट्रनिर्माता प्रति', 'पृथ्वीको चिन्तन', 'श्रद्धाञ्जली', 'विनम्र श्रद्धाञ्जली', 'क्षमाप्राथना', 'साहसीको सम्झना', 'भाइ हरिको सम्झना, 'माधव घिमिरे प्रति', आदि श्रद्धाञ्जलीसँग सम्बन्धित कविताहरू हुन् । यसका केही उदारणहरू तल प्रस्तुत गरिएको छः

"आमा जानुभयो अनन्त पक्षमा हा दैव ! यो के भयो
हाँगा वा फल छुट्टिए रुख ढल्यो संसार यस्तै छ यो ?
आई क्यै परबाट निज घरमा आमा म भन्थें गयो
ढोक्दा पावन पाउमा शुभ हुने सौभाग्य मेरो गयो ।"

(आमाको सम्झना, श्लोक १)

प्रस्तुत कवितामा आफ्नी आमाको सम्झनामा कविले श्रद्धाञ्जली व्यक्त गरेको पाइन्छ । प्रस्तुत श्लोकमा कविले रुख ढल्दा हाँगा र फल जसरी छुट्टिन्छ, त्यसरी नै उनकी आमाको स्वर्ग भएपछि आफू पनि आमाबाट छुट्टीएको भाव गरेका छन् ।

**क)　　उपदेशमूलक**

'सरल' का 'सिर्जनाको धुन' कविता सङ्ग्रहका कविताहरूमा केही उपदेशमूलक कविताहरू पनि रहेका छन् । जस्तै : 'परसेवामय राख जीवन', 'नित्यकर्म प्रसङ्ग', 'चाहना', 'सरलालाई सौगात', 'गार्हस्थ्य चर्चा', 'सम्बन्धित सँग' आदि कविताहरूमा उपदेशमूलकता पाइन्छ जस्तै केही उदाहरणहरू:

"आफ्ना आदरणीय पूज्य जति छन् मातापिता आदिमा
गर्नू ढोग विनम्र भै त्रुटि नहो सेवा र सम्झानमा
श्रद्धाले मनभित्र आस्तिकपना जागा रहोस् नूतन
आफ्नै शुद्ध चरित्र सार्थक हुने चेष्टाम रहोस घ्र्दम ॥"

(नित्यकर्म प्रसङ्ग, श्लोक ३)

यस श्लोकमा 'सरल' ले आफ्ना आदरणीय आफूले मान्नु पर्ने मान्यजनहरूमा श्रद्धा, सम्मान गर्नु पर्छ भन्ने उपदेश दिएको पाइन्छ ।

"मनले शुभ कल्पना गरी
दिलमा आस्तिक भावना भरी,
सब नित्य उदार भैदिए
पछिकाले गुण गाउने थिए ।"

(परसेवामय राख जीवन, श्लोक १)

यस श्लोकमा कविले मनले राम्रो सोचेर राम्रो भावना मनमा लिएर उदार स्वभाव बनाए सबैले गुणगान गाउँछन् भन्ने उपदेश दिएका छन् ।

**ख) प्रकृति - भूगोल-इतिहाससम्बद्ध**

यस कविता सङ्ग्रहका कविताहरूमा प्रकृतिभूगोल-इतिहाससम्बद्ध कविताहरू पनि रहेका छन् । जसका केही उदाहरणहरू निम्न छन् : शारदी शोभा, प्राकृत लमजुङ, यो हो लमजुङ, यो हो भूस्वर्ग, स्याङ्जा नुवाकोट ऐतिहासिक झलक, प्रस्तावित भक्तिमार्ग, स्मरणीय तिथि, सातसाल अघि र पछि आदि कविताहरूमा प्रकृति-भूगोल-इतिहास सम्बद्ध कुराहरू उल्लेख गरिएको छ जस्तै :

"साहसीहरूमा नित्य परमेश्वर बोल्छ रे
कुनै काम तिमी आँट म पुऱ्याउँछु भन्छ रे ।
बुझाई धर्मको मर्म सनातन पुरातन

यहाँ हुनुपरेको छ आदर्श मार्गदर्शन ॥"

(सुषुप्ति चेतनलाई, श्लोक १)

साहसीहरूमा नित्य परमेश्वरको बास हुन्छ । राम्रो काम गर्ने मानिसलाई परमेश्वरले नै मार्ग दर्शन गर्दछन् भन्ने भाव यस श्लोकमा रहेको छ ।

"दायाँ बायाँ दुवैतर्फ सीमाबद्ध बनीकन

मादी-चेपे बगेका छन् पूर्व-पश्चिम शोभन ।

उत्तरी साँध ती भीर-पहराले सजाउँछन् ।

दक्षिणी साँधमा रिस्ती-नाउँदी कल्कलाउँछन् ॥"

(प्राकृत लमजुङ, श्लोक २)

प्रस्तुत श्लोक लमजुङको प्राकृत सौन्दर्यको वर्णनमा आधारित रहेको छ । लमजुङ जिल्ला प्राकृतिक सौन्दर्यले धनी जिल्लाको रूपमा कविले वर्णन गरेका छन् । यस जिल्लाको पूर्वमा मोदी नदी पश्चिममा चेपे नदी तथा उत्तरी साँधमा भीर पहराले सजिएको छ र दक्षिण पट्टी रिस्ती-नाउँदी कल्कलाउँछन भन्दै लमजुङको प्राकृतिक सौन्दर्यको वर्णन गरेका छन् ।

"गाई घुम्ने त्यस समयका वीरका शुद्ध गाना
दायाँ बायाँ अझ छ उनका वाटिकाको निसाना ।
यस्ले आशाप्रद समयको सन्सनी ल्याउनेछ
निर्माताको अतुल पसिना यादमा आउनेछ ॥"

(स्याङ्जा-नुवाकोट : ऐतिहासिक झलक, श्लोक १०)

प्रस्तुत श्लोकमा कविले लमजुङ जिल्लाको ऐतिहासिक महत्त्वको वर्णन गरेका छन् । लमजुङ जिल्लामा लमजुङे राजाको पालामा वीर योद्धाहरूले गाउने गाना तिनीहरूको वाटिकाहरू तथा पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्दाको समयमा गरेको परिश्रमको झलक अझै आउने निसानहरू त्यहाँ रहेको कुरा उल्लेख गरेका छन् ।

## धर्मदर्शन–संस्कृतिमूलक

'सरल' को यस कविता सङ्ग्रह भित्रका केही कविताहरू धर्मदर्शनसँग पनि सम्बन्धित रहेका छन् । जसमा 'धार्मिक चिन्तन', 'अदृष्ट शक्ति', 'सुषुप्ति चेतनलाई' आदि कविताहरूमा यस्तो भाव पाइन्छ । यसैका केही श्लोकहरूलाई पनि यसरी हेर्न सकिन्छ । जस्तै :

"कथा पुराणको नित्य चर्चा चल्छ खुला जहा
सम्पूर्ण तीर्थ आएर बस्तछन् सर्वदा त्यहाँ ।
यस्तो सौभाग्यको मौका मिली राखोस् सधै भरि
गुञ्जियोस् परमात्माको गुवकीर्तन बेसरी ॥"

(धार्मिक चिन्तछन, श्लोक ३)

प्रस्तुत श्लोकमा कविले कथा पुराणको सधै चर्चा चल्ने ठाउँमा सधैभरी भगवान्को बास भएको हुन्छ भन्ने भाव प्रस्तुत श्लोकमा व्यक्त गरेका छन् ।

"रम्छे आत्म सुखाय दीनहरूमा सेवा र उद्धारमा
बन्छे स्वच्छ पराग फूलहरूका फैलेर संसारमा ।
टल्कन्छे वन-कुञ्जका तरूलता वा फूलका पप्रमा ।
खेल्छे शीत पवित्र विन्दुहरूमा डाकी प्रभाती नयाँ ॥

(अदृष्ट शक्ति, श्लोक ५)

यस श्लोकमा कविले दीनदुखिहरूको सेवा गर्दा मनामा आनन्दको लहर छाउँछ । जसरी फूलहरू फूलेर स्वच्छ, सफा, सुन्दर देखिन्छ त्यसरी नै मनमा एउटा मिठो भाव उत्पन्न हुन्छ भन्ने कुरा व्यक्त गरेका छन् ।

## विविध

यस कविता सङ्ग्रह भित्रका अन्य कविताहरूमा सम्मति, प्रवासीको पत्र, पत्नी यसो भन्छिन्, सर्वोदय रजत सन्दर्भ, उच्चशिक्षा गुरू र शिष्य, राष्ट्रिय झण्डा, मिलनको शुभेच्छा

नयाँ वर्ष शुभेच्छा, केही उद्गार केही सन्देश, सत्य युग आयो भने, चिरञ्जीवी अन्तरङ्ग, शान्ति स्वर्ण दिशातिर, छात्रजीवन, युवकको अर्न्तध्वनि आदि रहेका छन् । यी विषयगत आधारमा रहेका विभिन्न विषयका कविताहरू हुन् ।

सरलले आफ्नो कवितामा प्रयोग गरेका विषयवस्तुलाई तल प्रस्तुत गरिएको छ ।

### ४.२.२.१ प्रकृति चित्रण

मानवजाति प्रकृतिसँग अटुट सम्बन्ध भएको प्राणी हो । त्यसैले प्रकृतिबाट टाढा कोही पनि वस्न सक्दैन भनेझै 'सरल' का कवितामा पनि प्रकृतिको चित्रण छिटपुट रूपमा भएको पाइन्छ । यदुनाथका कवितामा प्रकृतिलाई आलम्बन र उद्दीपन दुवै रूपमा ग्रहण गरिएको पाइन्छ । 'शारदी शोभा' शीर्षक कवितामा प्रकृतिको चित्रण यस्तो रूपमा गरिएको छ :

"वर्षालाई गरी बिदा शरदका ती घामछाया खुले
निस्की धान विभिन्न चारू रथमा खेली बयेली झुले
सीमाबद्धछ बने समस्त सरिता झर्ना अद्योवाहिनी
सिर्जेको छ यथेष्ट दृष्टि-पथमा धर्ती मनोहारिणी ॥"

(शारदी शोभा, श्लोक ३)

प्रस्तुत श्लोकमा कविले वर्षा ऋतु र शरद ऋतुको चर्चा गर्दै वर्षा ऋतु समाप्त भएपछि शरद ऋतुको आगमन सँगै धानबाली खेतमा झुल्ने समयको चर्चाका साथै नदी नालाहरू पनि वर्षामा जस्तो ठूलो स्वरूपमा बग्ने नगरी साना स्वरूपमा बग्ने गर्दछन् भन्दै यस कवितांशमा कविले प्रकृतिको सुन्दर चित्रण गरेका छन् ।

त्यस्तै गरी कविले लमजुङ जिल्लाको प्राकृतिक सौन्दयको वर्णन गर्ने क्रममा लमजुङ जिल्लाका विभिन्न संस्कृतिक, धार्मिक तथा ऐतिहासिक स्थलहरूको पनि चर्चा गरेका छन् । 'सिर्जनाको धुन' कविता सङ्ग्रह भित्र सङ्ग्रहित 'प्राकृत लमजुङ' शीर्षकको कवितामा पनि यो भाव पाउन सकिन्छ । जस्तै :

"खाँचो फाँचो यहाँ छैन सबै कोट्याउँछन् गर ।

खतबारी यहाँका छन् हराभरा र उर्वरा ।

विषका माझमा धन्य विद्यमान छ निर्विसी

कस्तुरी मृग सौगन्ध भर्छन त्यै कुञ्जमा बसी ॥"

(प्राकृत लमजुङ, श्लोक ४)

प्रस्तुत श्लोकमा 'सरल' ले लमजुङ जिल्लाको प्राकृतिक सौन्दर्यको वर्णन गरेका छन् । साथै कविले लमजुङका खेतबारी उर्वरा हराभरा छन् कस्तुरी मृग सुगन्ध छर्दछन् यिनै वनकुञ्जमा बसी भनेर कविले वर्णन गरेका छन् ।

त्यस्तै गरी 'प्राकृत छटा' शीर्षक कवितामा पनि कविले प्रकृतिको सुन्दरताको सुन्दर चित्रण गरेका छन् । जसलाई प्रस्तुत श्लोकबाट देखाउन सकिन्छ :

"सुन्दर दृश्य सदैव देख्न चाहन्छ आँखाले

मधुर स्वर गुञ्जेको सुन्न चाहन्छ कानले

झरेर जाने त्यो फूल हिलो धूलोमा मिल्नेछ

सुन्दर तिम्रो चरित्र सत्य शिवमा मिल्नेछ'

(प्राकृत छटा, श्लोक ५)

प्रस्तुत श्लोकमा कविले मानिसका आँखाले सदैव सुन्दर चिज देख्न चाहन्छ साथै कानले सधै मधुर ध्वनि सुन्न चाहन्छ यी सबै कुराको सुन्दर आभाष र सुन्दर दृश्यावलोकन गर्ने एक मात्र ठाउँ लमजुङ हो । जब फूल झरेर माटोमा मिल्न जान्छ जस्तै : सुन्दर चरित्र भएका मानिस सधै शिव भगवान् जस्तै हुन्छन् भन्दै आँखाले सदैव सुन्दर चिजहरू देख्न चाहन्छन् भन्दै प्राकृतिक सौन्दर्ययुक्त ठाउँमा मात्र यी कुरा सम्भव भएकाले कविले लमजुङ जिल्लाको सुन्दर प्राकृतिक छटाको वर्णन गरेका छन् ।

प्राकृतिक सौन्दर्यको सुन्दर वर्णन गरिएको कवि यदुनाथ सरलको अर्को एउटा कविता 'सौन्दर्यको टक' शीर्षकमा व्यक्त भएको पाइन्छ । यसका केही उदाहरण तल दिइएको छ :

"बेसी र लेक वन पर्वत कन्दरामा
आस्था जगाइकन सुन्दर सिर्जनामा,
भूस्वर्ग पर्यटकको दिलले चितायो
सौन्दर्यको टक परी मन यो रसायो ।"

(सौन्दर्यको टक, श्लोक ६)

प्रस्तुत शलोकमा कविले लमजुङ जिल्लाको प्राकृतिक सौन्दर्यको वर्णन गर्दै यसको पर्यटकीय स्वरूपले पनि सुन्दरताको वर्णन यस कविताका माध्यमबाट कविले दर्शाउन खोजेका छन् ।

### ४.२.२.२ धार्मिक आध्यात्मिक र सांस्कृतिक चित्रण

यदुनाथ 'सरल' धार्मिक व्यक्तित्व भएको हुँदा उनले आफ्ना कविताहरूमा धार्मिक भावको झ-झल्को समेत दिएका छन् । जसमा उनका यस सङ्ग्रह भित्र रहेका निम्न कविताहरूले धर्म दर्शनलाई चित्रण गर्छनः 'धार्मिक चिन्तन', 'सुषुप्ति चेतनलाई', 'अदृष्ट शक्ति', आदि । कवि 'सरल' मानवजाति देवताभन्दा पनि शक्तिशाली भएको स्वीकार्दै आफ्नो मातृभूमिलाई मन पर्दो स्वर्ग सम्झन्छन् । कवि कामरूपी बादललाई पनि आफ्नै देशको अनुकुल बन्ने सल्लाह दिन्छन् । कविले 'सुषुप्ति चेतनलाई' शीर्षक कवितामा यसो भन्छन् :

"देवता बन्न चाहन्नौं हामी मानव बन्नु छ
हामी स्वर्ग चिताउन्नौं यहीँ स्वर्ग बसाल्नु छ ।
ए बादल । तिमी बर्स हाम्रा बारी र खेतमा
कोइलीले सदा गाओस् एकता-गीत लेकमा ॥"

'सुषुप्ति चेतनलाई', (श्लोक-४)

कवि 'सरल' को यस कविता सङ्ग्रहको कविताहरूमा पाइने धार्मिक भाव झल्काउने अर्को एउटा कविता 'धार्मिक चिन्तन' हो । जसलाई प्रस्तुत श्लोकमा यसो भनिएको छ :

"साहसीहरूमा नित्य परमेश्वर बोल्छ रे
तिमी आँट कुनै काम म पुऱ्याउँछु भन्छ रे ।
त्यही उत्प्रेरणा पाई भक्तिभाव यहाँ उठ्यो
के के चाहिन्छ त्यो सारा सहयोग मिली, जुप्यो ॥"

'धार्मिक चिन्तन' (श्लोक ४)

प्रस्तुत श्लोकमा कविले धार्मिक कथन अनुसार भगवानले आँटेको पुऱ्याउँछन् भन्ने भाव यस श्लोकमा व्यक्त गरेका छन् ।

यदुनाथ 'सरल' को 'सिर्जनाका धुन' कविता सङ्ग्रह भित्रको 'अदृष्ट शक्ति' शीर्षक कवितामा एउटा आध्यात्मिक भाव पाइन्छ । जसलाई निम्न श्लोकले प्रस्टाउने काम गरेको छ :

"रम्छे आत्म सुखाय दीनहरूका सेवा र उद्धारमा
बन्छे स्वच्छ पराग फूलहरूका फैलेर संसारमा ।
टल्कन्छे वन-कुञ्जका तरुलता वा फूलका वत्रमा
खेल्छे शीत पवित्र विन्दुहरूमा डाकी प्रभाती नयाँ ॥

(अदृष्ट शक्ति, श्लोक ५)

यस श्लोकमा कविले आफ्नो मनको सुःख शान्तिको लागी गरिब दुःखीहरूको सेवा गर्नु पर्छ । निस्वार्थ सेवाभाव राख्नु पर्छ भन्ने सन्देश दिन खोजेको पाइन्छ । जसलाई हामी कविमा रहेको प्राकृतिक मोह र आध्यात्मिक भाव भन्न सक्छौं ।

### ४.२.२.३ ग्राम्य जनजीवनको चित्रण

यदुनाथ 'सरल' को यस कविता सङ्ग्रहमा सङ्ग्रहित धेरैजसो कविताहरूमा आफ्नै गथन र मनोभाव रहेको पाइन्छ । कविले यस कविता सङ्ग्रहमा रहेका केही कविताहरूमा ग्राम्य जनजीवनको चित्रण पनि गरेका छन् । कविले आफू ग्रामीण परिवेशमा हुर्के बढेको आफ्नो आँखाले देखे भोगेको ग्रामीण जनजीवनको सुख-दुःख आदि इत्यादी कुराहरूलाई कविताका माध्यमबाट दर्शाउन खोजेका छन् । जसका केही उदाहरणहरू तल दिइएका छन् :

"पुरातन विचारले बल दिने जमाना गयो
नयाँ युग सुहाउँदो स्थिति समाज पेसा भयो ।
किटान नहुने भयो नियत कर्म यो हो भनी
भनूँ म कसरी यहाँ कुन गरिब को हो धनी ?"

(कुन गरिब को हो धनी, श्लोक १)

प्रस्तुत श्लोकमा कविले पुरातन रूढिवादी परम्परालाई त्यागेर नयाा युग सुहाउँदो समाज आह्वान परिवर्तनको पनि गरेको पाइन्छ । समाजमा को गरिब छ को धनी छ सबै एक समान भएर बस्नु पर्छ भन्ने सन्देश पनि प्रस्तुत कवितामा व्यक्त गरेका छन् ।

'सरल' को कविता सङ्ग्रहमा रहेका अन्य कविताहरूमा पनि ग्रामीण जन जीवनको चित्रण गरेको पाइन्छ । गाउँका सोझा जनतालाई जगाई गाउँघरमा विकास चाहिन्छ भन्ने भाव उनको 'चाहिन्छ झुप्राहरूमा विकास' शीर्षक कवितामा पाइन्छ । जस्तै :

"सुषुप्त सोझा जनता जगाई
सिँगार गाउँघर बस्तिलाई,
यो मित्रको सम्मति सम्झ खास
चाहिन्छ झुप्राहरूमा विकास ।"

(चाहिन्छ झुप्राहरूमा विकास, श्लोक १)

प्रस्तुत श्लोकमा कविले लाटा सोझा जनताहरूलाई जगाई गाउँ बस्तीमा राम्रो वातावरण बनाउनु पर्छ, गाउँको विकासमा पनि चाँसो देखाउनु पर्छ भन्दै सम्बन्धित वर्गलाई सचेत गरेका छन् साथै उनले सहरमा मात्र नभएर गाउँमा पनि विकास चाहिन्छ भन्ने भाव व्यक्त गरेका छन् ।

'सरल' को यस कविता सङग्रह भित्रका कविताहरूमा ग्रामीण परिवेशका मानिसहरूले भोग्नु परेको पिर व्यथा समस्याहरूको चित्रण गर्नुका साथै यस सङ्ग्रह भित्रका केही कविताहरूमा पहाडी जीवनको बाटो उकाली, ओराली आदि कुराहरूको चर्चा पनि उनको कविताहरूमा पाइन्छ । यसका केही उदाहरणहरू :

"ओर्लेनी पुगी सम्पूर्ण पुछी पसिना खल्खली
मेटाऊ प्यास धाराको पानी पिएर कल्कली ।
चौतारी माथि क्यै बेर बसी थकाइ भेटेर
उठेर हिँड पुगिन्छ साथी उकाली कटेर ॥"

(डिलको चौतारी, श्लोक १)

प्रस्तुत श्लोकमा कविले पहाडी जन जीवनको चर्चा गरेका छन् । पहाडी परिवेशमा प्रायः जसो उकालो ओरालो हिड्नु पर्ने हुनाले साथै कडा परिश्रम गर्नुपर्ने हुनाले चौतारीमा बसेर थकाइ मेट्ने गरिन्छ भन्ने भाव यस श्लोकमा पाइन्छ ।

कवि 'सरल' ले आफ्ना कविताहरूमा गाउँले जन-जीवनको राम्रो चित्रण गरेको पाइन्छ । कवि आफूले पनि गाउँमा नै बसेर धेरै समय बिताएका र गाउँले जीवनको बारेमा धेरै जानकारी पनि भएकाले उनले आफ्नो कवितामा ग्राम्य जन-जीवनको राम्रो चित्रण गरेका छन् ।

### **४.२.२.४ राष्ट्रियता र देशप्रेम**

यदुनाथ 'सरल' को धेरै जसो कविताहरूमा देशप्रेमको भावना जागृत भएको पाइन्छ । उनका कविताको मुख्य विषयवस्तुको रूपमा राष्ट्रियता तथा देशप्रेमको भावना पाइन्छ । राष्ट्रप्रेमको भावना बोकेका कविका केही कविताहरूका श्लोकहरू निम्न छन् :

"पृथ्वीनारायण जब उता गोरखामा उदाए

उन्कै बल्दो रणकुशलता सामु ती हार खाए ।

साना किल्ला जब सब लिए देश भो यो विशाल

जस्ले गर्दा विलयन भयो चौबिसी राज्यकाल ॥"

(स्याङ्जा-नुवाकोटः ऐतिहासिक झलक, श्लोक ११)

प्रस्तुत श्लोकमा कविले पृथ्वीनारायण शाहले गोरखामा राज्य गरेर बसेको बेलामा उनले चालेको नेपाल एकीकरण गर्ने अभियान सफल भयो र बाईसे चौबिसे राज्यहरू सिङ्गो देशको रूपमा परिणत भएको कुरालाई उजागर गरेका छन् । साथै पृथ्वीनारायण शाहको रणकुशलता सामु सवै राजा रजौटाहरूले घुडा टेक्नु परेको थियो भन्ने भाव पनि प्रस्तुत श्लोकमा पाइन्छ ।

पृथ्वीनारायण शाहको नेपाल एकीकरणको कुरालाई प्रस्तुत गरेर कविले आफू भित्र भएको राष्ट्रप्रेमलाई पनि दर्शाउन खोजेको कुरा प्रस्तुत श्लोकमा झल्किएको छ ।

कवि यदुनाथ 'सरल' को अन्य कविताहरूमा पनि राष्ट्रप्रेम झल्किएको पाइन्छ । कविले आफ्नो सम्पूर्ण कामकाज एउटा सरकारी कर्मचारी भएर गरेका हुनाले कतै न कतैबाट हामी भन्न सक्छौं कि उनी एउटा राष्ट्रसेवक पनि हुन् भनेर । प्रस्तुत कवितांशमा पनि राष्ट्रियता झल्किएको छ :

"कर्मवाद सबमा लहराओस्

तुच्छ याद यसतर्फ नआओस,

वर्तमान यही गर्छ इसारा

जाग देश-हित-चिन्तक सारा ।

(सात साल अघि र पछि, श्लोक १३)

प्रस्तुत श्लोकमा कविले देशको भलो चाहने देश विग्रेको होइन सप्रेको हेर्न चाहने देशप्रेमी कर्ममा विश्वास गर्ने मानिसलाई वर्तमान समयमा राष्ट्रसेवकको रूपमा अगाडि बढ्न आग्रह गरेका छन् । त्यसैले पनि उनलाई राष्ट्रप्रेमी तथा राष्ट्रियताको भावना भएका कविको रूपमा लिन सकिन्छ ।

'सिर्जनाका धुन' कविता सङ्ग्रह भित्रका 'आजको सङ्कल्प' शीर्षक कवितामा पनि कविले राष्ट्रियता र राष्ट्रप्रेम झल्कने खालका श्लोकहरू लेखेका छन् । जस्तै :

'शहीदको सुस्मृतिमा नुहेर

सच्चा प्रतिज्ञा मनमा लिएर,

कर्तव्य साथ अधिकारभित्र

प्रकाश पारौँ शुभ-सच्चरित्र ।

(आजको सङ्कल्प, श्लोक ६)

प्रस्तुत श्लोकमा कविले राष्ट्रको लागि आफ्नो ज्यान दिने अमर, वीर सहिदहरूको सधै सम्झना गरी राख्नु पर्छ साथै एउटा सच्चा प्रतिज्ञा मनमा लिएर निस्वार्थ भावनामा आफ्नो कर्तव्य पुरा गर्नुपर्छ देशको लागि केही गर्न आफू सदैव अघि बढ्नु पर्छ भन्ने सन्देश दिएका छन् । त्यसैले पनि उनमा राष्ट्रियता सम्बन्धमा बढी चासो देखा परेको पाइन्छ ।

## ४.२.२.५ सामाजिक विकृति र विसङ्गतिको चित्रण

यदुनाथ 'सरल' आफू स्वयं पनि सामाजिक विसङ्गति र विकृति प्रति खुलेर विरोध गर्ने भएकाले यो भाव उनका कविताहरूमा आउनु पनि स्वभाविकै हो । उनले आफूलाई सामाजिक रूढिवादी कुप्रथाको विरूद्धमा उभ्याएको कुरा स्पष्टरूपमा अगाडि नै चर्चा गरिएको छ । उनी सामाजिक कु-प्रथाको खुलेर विरोध गर्ने क्रान्तिकारी स्वभाव भएका

व्यक्ति पनि हुन् त्यसैले उनका कविताहरूमा पनि यस्तो भाव पाइनु स्वभाविकै हो । जस्तै :

"देखिन्छन् कति दिनहीन निमुखा सच्चा र सोझा
कोही शोषक धूर्त चोर ठग छन् धेरै छिपेका यहाँ यहाँ ।
केलाएर विभिन्न हालत अझै हुन्थ्यो सुधारी दिए
के भन्ने र कथा-व्यथा हृदयका सुन्दै नसुन्ने भए ॥

(के भन्ने र ?, श्लोक १)

प्रस्तुत कविता श्लोकमा कविले सोझा, गरिब निमुखालाई शोषक, धूर्त प्रवृत्तिका मानिसहरूले ठग्ने, शोषण गर्ने परम्पराको विरोध गरेका छन् । उनको यो कवितांशमा यस्ता समाजमा देखिने विकृति विसङ्गतिको हामीले खुलेर विरोध गर्नुपर्छ भन्ने भाव पनि झल्किएको पाइन्छ । कविको सामाजिक, विकृति विसङ्गतिको चित्रण गर्ने प्रवृत्ति यस कवितामा झल्किएको पाइन्छ ।

"सन्तोषिलो उन्नति क्यै भएन
यथार्थ मूल्याङ्कन भै दिएन,
परिश्रमीको कदरै भएन
हीरा र कीरा तह छुट्टिएन ।"
(विवेकको हत्या, श्लोक २)

प्रस्तुत श्लोकमा कविले आफू जागिरे जीवन बिताउँदा जति कडा मेहनत र परिश्रम गरेता पनि सही मूल्याङ्कन हुन नसकेको गुनासो व्यक्त गरेका छन् । कविले आफूले जागिरे गर्दाको समयमा आफ्नो परिश्रमको कुनै कदर नभएको तथा ठूला-वडा हामिक भनाउँदाहरूले आफ्नो राम्रो मूल्याङ्कन नगरेको कुरा दर्शाएका छन् । यो पनि एउटा विकृति नै हो जसको चर्चा कविले आफ्ना कविताहरूमा गरेका छन् ।

"लेखी भोक र रोगका सब कुरा यो क्रान्ति चर्काउँदै

सारा बाँच्न सकून् प्रफुल्लित भै यो भूमि चम्काउँदै
राँको भैकन दन्किदे कलम ए ! अन्याय सारा जला
भत्का शोषकका तिनै महलको सम्पूर्ण कालो कला"

(साहसी कलम, श्लोक ४)

प्रस्तुत श्लोकमा पनि कविले क्रान्तिकारी भावना व्यक्त गरेका छन् । कविले रोग र भोकले पीडित गरिब जनता हाँसि खुसि बाच्न पाउन साथै अन्याय र अत्याचारको मारमा जनता पर्न नपरोस्, शोषकको हाँतबाट सबै पीडित उम्कन सकुन भन्दै यस्तो विकृतिको चित्रण गर्ने काम कविले गरेका छन् ।

समाजमा रहेको विकृति र विसङ्गतिको राम्रो चित्रण गरिएको उनको एउटा उत्कृष्ट कविताको रूपमा यस कवितालाई लिन सकिन्छ ।

"बाघभालु जङ्गली जनावर के हो र ?
मान्छे उल्का भैसके घातक र तस्कर
अझै कति खराबी देख्न र सुन्न पर्ने हो ?
कुचेष्टा र कुतर्क अन्त्य कैले हुने हो ?

(विरक्त अवस्थाका गन्धन, श्लोक ७)

यस कविताको श्लोकमा पनि कविले हाम्रो देश नेपालमा देखिएको सामाजिक विकृति र विसङ्गतिको चित्रण गरिएको छ । प्रस्तुत श्लोकमा कविले जङ्गली जनावरको भन्दा आजभोलि मानिसहरू मानिसहरूसँग डराउनु पर्ने कुराको उल्लेख गरेका छन् । यस कवितामा कविले आफ्नो समाजमा देखिएका विकृति विसङ्गति तथा लुटपाट, चोरी आदि जस्ता घटनाहरूको चित्रण पनि गरेका छन् । यदुनाथका धेरैजसो कवितामा सामाजिक विकृति तथा विसङ्गतिको चित्रण गरिएको पाइन्छ ।

"सुषुप्त सोझा जनता जगाई
सिंगार गाउँघर बस्तिलाई,

यो मित्रको सम्मति सम्झ खास

चाहिन्छ झुप्राहरूमा विकास ।

(चाहिन्छ झुप्राहरूमा विकास, श्लोक १)

प्रस्तुत कविता श्लोकमा कविले देशको विकास गर्नु छ भने सबैभन्दा पहिले गाउँघरका सोझो जनता अगाडिलाई बढाउनु पर्छ । देशको विकास गर्नुछ भने गाउँघरका झुपडीहरूमा सबैभन्दा पहिले विकास गर अनि मात्रै देशको विकास हुन सक्छ भन्ने भाव व्यक्त गरेका छन् । यस कविताका माध्यमबाट कविले सहर मुखि प्रवृत्तिको विकास भैरहेको हाम्रो समाजमा गाउँघर सधैं पछाडि परेको देखिन्छ त्यसैले कविले यस्तो भावना आफ्नो कविता मार्फत् व्यक्त गरेका छन् ।

"कुनै अति उदार छन् मिलनसार उस्त गुनी

कुनै अतिकठोर छन् कृपण कञ्जुसै बैगुनी ।

परस्पर अटाउँछन् उभयपक्षका जीवनी

भनूँ म कसरी यहाँ कुन गरिब को हो धनी ?

(कुन गरिब को हो थनी, २ श्लोक)

माथिको श्लोकमा कविले हाम्रो समाजमा देखिने मानिसहरू कोही धनी छन् कोही गरिब, कोही मिलनसार र उद्धार स्वभावका छन् भने कोही अति कठोर कञ्जुस छन् भनेर मानिसको स्वभावको चित्रण गरेका छन् ।

हाम्रो समाजमा देखिने हरेक प्रकारका मानिस र तिनको आचरण र स्वभावको चित्रण उनले यस कवितांशमा गरेका छन् । साथै कविले यस कविताको शीर्षक 'कुन गरिब को हो धनी' बाट पनि थाहा हुन्छ की कविको नजरमा सबै मानिस एक समान छन् । कविले हाम्रो समाजमा धनी र गरिब बीच देखिने मतभेदको चित्रण यस कविता मार्फत गरेका छन् । कविले उनका धेरैजसो कविताहरूमा हाम्रो समाजमा देखिने रुढिवादी परम्परा तथा ठूला व्यक्तिले सानालाई गर्ने व्यवहार तथा हाम्रो समाजमा भएका भिन्न स्वभावका मानिसहरू कोही धनी छन् कोही गरिब, कोही उदार र मिलनसार छन् भने

कोही अति कञ्जुस र बैगुनी छन् । कविले यस्तो प्रवृत्तिको चित्रण यस कवितामा गरेका छन् ।

## ४.२.३ भावविधान

कविताको मुख्य तथा अनिवार्य तत्त्वको रूपमा भावविधानलाई लिइन्छ । कवि यदुनाथ 'सरल' को यस कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमा भिन्न-भिन्न भाव रहेका छन् ।

यस कविता सङ्ग्रहमा सङ्कलित कविताहरूमा कविले जीवनजगत्का विविध पक्षलाई समेटिएको भए पनि यस सङग्रह भित्रका कविताहरूको मुख्य चुरोस्वरूप केन्द्रीय भाव कथ्य चाहिँ सामाजिक एवम् नैतिक विधान भित्र ग्रामीण जन जीवनका मानिसहरूले भोग्ने समस्या तथा आर्थिक स्थितिका कारण मानिसले भोगेका सामाजिक तथा आर्थिक समस्याको जीवन्त चित्रण पाइन्छ । साथै यसका अतिरिक्त अन्य भावका रूपमा जीवनचिन्तन र प्रकृति चित्रण रहेका छन् ।

कविले सामाजिक, आर्थिक, राजनैतिक विकृतिप्रति व्यङ्ग्य गरी त्यसप्रति विद्रोह गरेका छन् । कविले आफ्ना मनमा उत्पन्न भावलाई सहज रूपमा कवितामा उतारेका छन् । कविले आफ्नो कविताका माध्यमद्वारा समाजमा देखिएका विकृति विसङ्गतिका साथै कवि स्वयम्को जीवन भोगाइका तीता मीठा अनुभवहरूलाई पनि समेट्ने काम गरेका छन् । उनले आफ्नो कविताहरूका माध्यमबाट आफ्नो जीवन भोगाइको क्रममा देखिएका उतार चढावलाई पनि समेट्ने काम गरेका छन् । कवि सरलको यस कविता सङ्ग्रह भएका कविताहरूको केन्द्रीय भाव सुबोध्य र सरल ढङ्गमा प्रकट भएको पाइन्छ ।

### ४.२.३ लयविधान

कविता विधाको मुख्य विधागत परिचायक तत्त्व नै लयविधान हो । 'सरल' का यस कविता सङग्रहको कविताहरू सबै छन्दबद्ध छन् र लय हालेर सजिलै वाचन गर्न सकिन्छ । 'सरल' का कविताहरूमा अन्त्यानुप्रास र छन्दको राम्रो प्रयोग भएकाले उनका कविताहरू लयहालेर सजिलैसँगै वाचन गर्न सकिन्छ जस्तै :

ममा थियो चाख प्रयासले हो

त्यहो दाजुको नै तहबाट हो यो

जो मिल्न आयो फल यो समाऊँ

भेटीसँगै बस्न र बोल्न पाऊँ ।

(पत्राचार प्रसङ्ग, श्लोक ८)

माथिको प्रस्तुत पद्यात्मक कवितांशमा प्रयोग भएको 'उपजाति' छन्द र हो यो, समाऊँ-पाऊँ जस्ता अन्त्यानुप्रास मिलेका शब्दहरूले कवितामा मिठास उत्पन्न भएको छ । छन्दमा भएका कविता र अन्त्यानुप्रास नै लयविधानका परिचायक हुन् ।

यसैगरी अनुप्रासका विविध प्रयोग अन्तरगत कविले प्रयोग गरेको अन्त्यानुप्रासको नमुनाको रूपमा यस कवितांशलाई लिन सकिन्छ -

"शीतका थोपा टल्काइदिने दूबोको मुनामा

लज्जितपना झल्काइदिने आँखाको कुनामा

बिहानी पख उज्यालो ढोका सुस्तरी खोलेर

सृष्टिको पाना सजाइदिने भावना जोरेर'

(प्राकृत छटा, श्लोक २)

यस कवितांशमा मुनामा-कुनामा, खोलेर-जोरेर जस्ता शब्दले कवितालाई लयात्मक बनाएका छन् ।

### ४.२.५ बिम्ब-प्रतीक, अलङ्कार विधान

कवितालाई सशक्त र भावलाई प्रबल बनाउने एउटा विधान भनेको बिम्ब-प्रतीक र अलङ्कार विधान हो । अलङ्कारले कवितामा सुन्दरता उत्पन्न गराउँछ । बिम्ब प्रतीक कविको अन्तर्दृष्टिलाई स्पष्ट पार्न सहयोगी रहन्छन् । कवितामा कविले जीवनजगत्का विविध बिम्ब र प्रतीकहरूको प्रयोग गरी आफ्ना अनुभूतिहरू व्यक्त गरेका छन् । यस कविता सङ्ग्रहका कविताहरूमा पनि कविले भिन्न भिन्न बिम्बहरूको प्रयोग गरी प्रस्तुत गरेका छन् । जस्तै :

"अगाडि जसरी चल्यो अझ बढेर जानेछ यो
विभिन्न जनशक्तिको सबल केन्द्र बन्नेछ यो ।"

(सर्वोदय रजतसन्दर्भ, श्लोक ३)

प्रस्तुत कवितांशमा कविले सर्वोदय विद्यालयलाई सबल जनशक्ति निर्माण गर्ने थलोको रूपमा चिनाएका छन् । कविताको अर्थ र भावलाई गाम्भीर्य बनाउने काम बिम्बले गर्दछ । 'सरल' का केही कवितामा बिम्ब पनि पाउन सकिन्छ । जस्तै :

"चौधेराले कभर गरिँदा भैरवस्थान एक
पूजा गर्ने चलन छ त्यहाँ जातमिल्दो अनेक ।
रानीद्वारा बनिकन उनैको त्यहाँ पोखरी छ
साना देवालय पनि हुँदा दृश्य राम्रो त्यहाँ छ ॥"

(स्याङ्जा-नुवाकोट : ऐतिहासिक झल्क, ६-श्लोक)

माथिको श्लोकमा सांस्कृतिक बिम्ब पाइन्छ । यस श्लोकमा प्रयोग भएको भैरवस्थान, पूजा गर्ने चलन देवालय यी शब्दले सांस्कृतिक झलक दिने भएको हुनाले यस श्लोकमा सांस्कृतिक बिम्ब पाइन्छ ।

"हाम्रो राष्ट्रियता अचेतन सरी गिर्दै गएको थियो
उन्कै काव्यसुधा पिई अमरता पायो नमर्ने भयो ।

त्यो अस्तित्व र गर्व गौरव यहाँ राख्यौ नछिप्ने गरी
यौटा स्तुत्य प्रयास सार्थक बन्यो तिम्रै सुसेलीभरि ॥

(मोती यतै झुल्किए, श्लोक ३)

यस श्लोकमा कविले मोतीरामलाई काव्य सुधाबाट अमरता प्रदान गर्ने स्तुत्य व्यक्तिको रूपमा प्रस्तुत गरेका छन् । यर्थात् यस श्लोकमा काव्य सुधाको प्रतीकको रूपमा मोतीरामलाई लिइएको छ ।

"शीतको थोपा टल्काइदिने दूबोको मुनामा
लज्जितपना झल्काइदिने आँखाको कुनामा"

(प्राकृत छटा, २ श्लोक)

माथिको श्लोकमा कविले दूबोको मुनामा टल्कने शीतको थोपाले आँखामा लज्जितपना झल्काउने कुरा उल्लेख गरेकाले यस श्लोकमा चाक्षुष बिम्व पाइन्छ ।

"मेलपात दाउरा घाँस खोज्न वनमा
जान आँट हरायो भय हुँदा मनमा
एक्लो दुक्लो निस्कन पनि कतै सकिन्न
मार्ने हो कि मूर्खले यसै भन्न सकिन्न ।"

(विरक्त अवस्थाका गन्थन, श्लोक ६)

यस श्लोकमा मानिसको मनमा उब्जने डरलाई देखाउने प्रयास गरिएको छ । साथै यस श्लोकमा सामाजिक र मानसिक भयलाई एउटा बिम्बको रूपमा प्रस्तुत गरिएको छ । यस श्लोकमा कविले वन्यजन्तुसँग भन्दा पनि वनपाखा जाँदा मान्छेसँगै डराउनु पर्ने हाम्रो समाजको हालको अवस्थाको चित्रण यस श्लोकमा पाइन्छ ।

"तारा जून र घामका उदयमा आई दया पूर्वक"

(स्व.पं. सोमनाथ पौडेलमा विनम्र सम्झना, श्लोक ३)

यस कविताांशमा तारा, जून र घामको उदय नै पं. सोमनाथको प्रख्यातिको प्रतीक बनेको छ ।

कुनैपनि कविताको अर्थ र भावलाई गाम्भीर्य बनाउने काम बिम्बले गर्दछ ।

### ४.२.६ भाषाशैली

भाषाशैली कविताको बाह्य पक्षसँग सम्बन्धित हुन्छ । भाषा विचार अभिव्यक्तिको माध्यम हो भने अभिव्यक्ति गर्ने ढङ्ग शैली हो । भाषाशैलीले नै रचनालाई सरल, सरस, राम्रो, नराम्रो, क्लिष्ट, सुबोध्य बनाउन सक्छ । विषयवस्तु र भावलाई राम्रो बनाउन भाषाशैलीको विशेष भूमिका हुन्छ ।

'सरल' को 'सिर्जनाको धुन' कविता सङ्ग्रह भित्रका कविताहरूमा सरल किसिमको भाषाशैलीको प्रयोग गरेका छन् । उनका यस कविता सङ्ग्रह भित्रका कविताहरूलाई जुनसुकै पाठकले पनि सजिलै पढेर बुझ्न सक्छन् । कविले कवितामा सरल भाषाशैलीको प्रयोग गरेता पनि उनका कविताहरू छन्दबद्ध छन् ।

उनका कविताहरूमा धरैजसो ठाउँमा संस्कृत शब्दको प्रयोग भएता पनि कमजोर बुद्धि भएका पाठकले पनि सजिलैसँग बुझ्न सक्ने गरी भाषिक सरलीकरण गर्नु उनको विशेषता हो । कविको साहित्यिक नाम 'सरल' भएजस्तै उनका कविताहरू पनि पाठकहरूले सहज रूपमा बुझ्न सक्छन् । यस कविता सङ्ग्रह भित्रका कविताहरू अत्यन्तै सरल सहज र बोधगम्य छन् । यो नै उनका कविताको मुख्य विशेषता हो ।

## ४.३ सरलका फुटकर कविता कृतिको विश्लेषण

यदुनाथ 'सरल' का अप्रकाशित फुटकर कविताहरू प्रसस्त छन् । कवि सरलका प्रकाशित फुटकर कविता जम्मा तीनवटा मात्र प्राप्त भएका छन् ती हुन् : १) मोतीको सम्झना २) बालकप्रति शुभेच्छा ३) सष्ट्रालाई सम्मती । 'सरल' का यी कविताहरू विभिन्न पत्र पत्रिकामा प्रकाशित भएका छन् । कवि 'सरल'का अप्रकाशित फुटकर कविताहरू प्रसस्त भएता पनि उनका प्रकाशित फुटकर कविताहरू थोरै मात्र छन् । उनका फुटकर कविताहरूलाई निम्न तत्त्वको आधारमा विश्लेषण गरिएको छ :

## ४.३.१ संरचना

संरचना भन्नाले कुनैपनि कृतिको आन्तरिक र वाह्य आकार भन्ने बुझिन्छ । वास्तवमा कविताको संरचना भन्नाले कविताको बनोट हो । यो विना कृतिको निर्माण हुन सक्दैन । 'सरल' का फुटकर कविताहरू जुन विभिन्न पत्र पत्रिकामा प्रकाशित थिए ती फुटकर कविताहरू संरचनागत दृष्टिले अत्यन्तै सरल रहेको पाइन्छ । उनको फुटकर रूपमा प्रकाशित कविता 'मोतीको सम्झना' (२०५८, गोरखापत्र) शीर्षक कविता चार पङ्क्तिका पाँचवटा श्लोकमा संरचित कविता हो । त्यस्तै उनको 'बालक प्रति शुभेच्छा' शीर्षक कविता 'मुना' मासिकमा फुटकर रूपमा प्रकाशित भएको कविता हो । यस कविताको संरचनालाई हेर्दा यस कवितामा चारवटा पङ्क्तिका छ वटा श्लोक रहेका छन् र यो कविता गीति छन्दमा लेखिएको छ ।

'सरल' को अर्को फुटकर रूपमा प्रकाशित कविता 'सष्ट्रालाई सम्मती' हो । यो कविता पनि चार पङ्क्तिका पाँचवटा श्लोकमा संरचित कविता हो । यो कविता 'सरल' को फुटकर कविता मध्येको एउटा उत्कृष्ट कविता हो ।

उनका यी सबै कविताहरू लघु संरचनामा संरचित छन् । सबै किसिमका पाठकहरूले सहजै बुझ्न सक्ने किसिमको संरचनामा रहेका सरलका कविता छोटा आकारका छन् ।

## ४.३.२ विषयवस्तु

'सरल' का फुटकर कविताहरूको विषयवस्तुमा 'मोतीको सम्झना' शीर्षक कविताको विषयवस्तु कवि मोतीरामलाई नेपाली साहित्यका एक चम्किला नक्षत्रका रूपमा प्रस्तुत गरिएको छ । यस कविताको मुख्य विषयवस्तु मोतीराममा नै केन्द्रित रहेको छ । यस कवितामा कवि 'सरल' ले मोतीरामलाई नै प्रमुख रूपमा उभ्याएका छन् । मोतीरामले नेपाली साहित्यलाई माथि उठाउन गरेको महत्त्वपूर्ण योगदानको चर्चा नै यस कविताको मुख्य विषयवस्तु हो ।

'सरल' को अर्को फुटकर रूपमा प्रकाशित कविता हो 'बालकप्रति शुभेच्छा' । उनको यस कविताको विषयवस्तुमा चन्द्र सूर्य ध्वजाको शीतल छाँयामा रहेको हाम्रो देश नेपालका साना नानीहरूलाई यस देशको कर्णधारका रूपमा प्रस्तुत गरेका छन् । बालबालिकाको उज्जवल भविष्यको कामना गर्दै उनले यस कवितामा बालकप्रति आफ्नो प्रगाढ माया रहेको र साथै उनीहरूले राम्रो काम गरेको हेर्ने इच्छा भएको कुरा पनि व्यक्त गरेका छन् । बालबालिकालाई शान्ति क्षेत्रको रूपमा प्रस्तुत गरिएको यस कवितामा कविले बालक भनेका हाम्रा भविष्य हुन् । बालबालिकाले जे देख्छन् त्यही सिक्छन् त्यसैले हामीले राम्रो बाटोमा हिड्न बालवालिकालाई प्रेरित गर्नुपर्छ । आजका यी साना कोपिला नै भोलिका प्रखर व्यक्ति बन्नेछन् । यी सबै बालबालिकाको भोलिको भविष्य भनेको हाम्रो हातमा छ । त्यसैले कविले यस कविता मार्फत त्यस्ता बालबालिकाको उज्जवल भविष्यको कामना सहित आफ्नो शुभेच्छा प्रकट गरेका छन् । यो नै यस कविताको विषयवस्तु रहेको छ ।

कवि यदुनाथ 'सरल' को अर्को फुटकर रचना हो 'सष्ट्रालाई सम्मती' । यस कवितामा कविले लेखक सष्ट्राहरूलाई समाजमा विद्यमान विकृति विसङ्गतिको चिरफार गर्ने र समाजमा भए गरेका नराम्रो कामहरूलाई जनतामाझ ल्याइदिने एउटा माध्यम भनेको नै सष्ट्रा हो र सष्ट्राले नै सृजना गरेका गीत, कविता आदिमा सर्वत्र मानिसहरू मनगुग्ध भएर रमेका हुन्छन् । स्रष्ट्रानै सबैथोकलाई जनमानससम्म पुऱ्याउने माध्यम भएकाले स्रष्टाको इज्जत गर्नु हामी सबैको चाहना हुनु पर्ने कुरालाई नै कविले यस कविताको विषयवस्तु बनाएका छन् ।

विषयवस्तुगत दृष्टिले हेर्दा सरलका कवितामा सामाजिक विकृति र विसङ्गतिको चित्रण नै मुख्य रूपमा आएको पाइन्छ ।

### ४.३.३ भावविधान

कुनै पनि कवितामा त्यस कविताले दिन खोजेको मुख्य सन्देश रूपमा भाव आएको हुन्छ ।

भावले नै कवितामा मिठास उत्पन्न गराउँछ । कवितालाई भावले नै अर्धपूर्ण र सार्धक बनाउँछ । कविताको संरचना, कथनपद्धति, भाषाशैली र अन्य रूपात्मक तत्त्वका माध्यमद्वारा भाव प्रकट हुन्छ । उनका फुटकर कविताहरूमा पनि विभिन्न भाव छताछुल्ल भएर रहेका पाइन्छ । कविले आफ्ना मनमा उत्पन्न भावलाई सहज रूपमा कवितामा उतारेका छन् । 'सरल' भावुकताभित्र यथार्थ समेट्न सक्ने कवि भएकाले उनका कविता उनको जीवनचिन्तनलाई मुख्य भावको रूपमा प्रस्तुत गरेका छन् ।

'सरल' का कविता सरल, सुबोध्य छन् । त्यसैले उनका कवितामा पाइने भाव जुनसुकै पाठकले पनि सहस्र बुझ्न सक्छन् । कविताबाट पाठकले ग्रहण गर्ने मूलवस्तु नै भाव भएकाले यसलाई कविताको अनिवार्य तत्त्वको रूपमा लिइन्छ ।

### ४.३.४ लयविधान

कविता विधालाई छुट्याउने एकमात्र माध्यम नै लय हो । लयले कवितालाई श्रुतिमाधुर्य प्रदान गर्दछ । साहित्यका अरु विधाबाट कवितालाई पृथक पार्ने तत्त्व भनेकै लयविधान हो । त्यसैले कविताको एक प्रमुख तत्त्वको रूपमा लयविधानलाई लिइन्छ ।

'सरल' का यी फुटकर कविताहरू 'मोतीको सम्झना', 'बालक प्रति शुभेच्छा' र 'सष्ट्रालाई सम्मती', विभिन्न किसिमका भाव पाइन्छन् । 'सरल' को 'मोतीको सम्झना' शीर्षक कवितामा मोतीरामले नेपाली साहित्यमा लगाएको गुनको चर्चा नै यस कविताको मुख्य भाव रहेको छ । त्यस्तै उनको 'बालक प्रति शुभेच्छा' शीर्षक कवितामा बालबालिका प्रति आफ्नो सद्भाव, माया-ममतालाई मुख्य भावको रूपमा कविले व्यक्त गरेका छन् । 'सरल' ले 'सष्ट्रालाई सम्मती' शीर्षक कवितामा पनि कविले सष्ट्राले दिने योगदानलाई मुख्य विषय वस्तुको रूपमा प्रयोग गरेर उनले आफ्नो स्रष्ट्राप्रति गर्ने सम्मानलाई मुख्य भावको रूपमा प्रस्तुत गरेका छन् । यी सबै कविता छन्दबद्ध रहेका छन्, त्यसैले लयात्मक र मिठासपूर्ण छन् ।

### ४.३.५ बिम्ब, प्रतीक, अलङ्कार विधान

'सरल'का फुटकर कविताहरूमा 'मोतीका सम्झना' शीर्षक कविता उनको एक उत्कृष्ट कविता हो । 'सरल' ले स्वर्गिय ज्योति र बिम्बको रूपमा यस कवितामा मोतीलाई उभ्याएका छन् । साथै कविले मोतीरामलाई काव्य सुधाबाट अमरता प्राप्त गर्ने स्तुप्य व्यक्तिको प्रतीकको रूपमा उभ्याएका छन् । शार्दूलविक्रीडित छन्दमा लेखिएको यस कवितामा मोतीरामको सम्झनालाई नै केन्द्रित गरि लेखिएको छ ।

'सरल' को 'बालकप्रति शुभेच्छा' शीर्षक कवितामा शान्ति क्षेत्र र बुद्धको जन्मभूमि हाम्रो देश नेपालको बिग्रिसकेको अवस्थाको चित्रण गर्नुको साथै कविले बालकलाई आजका कोपिलाको प्रतीकको रूपमा लिइएका छन् ।

'सरल'को अर्को फुटकर रचना 'सष्ट्रालाई सम्मती' रहेको छ । कविका सृजनात्मक सुसेलीमा आएको मधुमास (वसन्त) लाई कसैले ढाल्न नसक्ने वर्णन रहेकाले यसमा उनी दृढ उपस्थिति र अटल योगदानको दरिलो खम्बा भएको मानसिक भाव सृजना हुनु पुगेको पाइन्छ ।

कवितामा बिम्ब र प्रतीकले कविताको अर्थ र भावलाई गाम्भीर्य बनाउने र कविताको भावलाई बढी गहिराइ प्रदान गर्ने काम प्रतीकले गर्दछ ।

### ४.३.६ भाषाशैली

साहित्य भाषिक कलामा आधारित हुन्छ । कुनै पनि साहित्यको विधालाई कलात्मकता प्रदान गर्ने काम भाषाले गर्दछ । भाषाले नै कवितामा सौन्दर्य प्रदान गर्ने काम गर्दछ । भाषाशैलीकै माध्यमबाट कविले आफ्नो निजी पहिचान बनाउन सक्छन् ।

कवितालाई भाव र अर्थमा फरकपन ल्याउने काम पनि भाषाले नै गर्दछ । भाषाशैली नै कविताको एउटा मुख्य र अनिवार्य तत्त्व हो ।

### ४.३.७ निष्कर्ष

कवि यदुनाथ 'सरल' ले आफ्नो जीवन भोगाईका क्रममा आएका उतार चढाव र आफ्ना जीवनका तीता मीठा अनुभवलाई कविताको माध्यमबाट प्रस्तुत गर्ने काम गरेको

पाइन्छ । आफ्ना कवितामा प्रकृतिचित्रण, सामाजिक विकृति र विसङ्गतिको चित्रण देश प्रेम, राष्ट्रियता आदि विषयवस्तु रहेको पाइन्छ । उनका यी फुटकर कविताहरूमा पनि आफ्ना मनमा उब्जने समय-समयका तरङ्गलाई कविताका माध्यमबाट प्रस्तुत गर्ने काम पनि गरेका छन् ।

कविले आफ्नो सम्पूर्ण  कवितालाई छन्दबद्ध रूपमा प्रस्तुत गरेका छन् । कविले आफ्ना कविताका माध्यमद्वारा आफ्नो पारीवारिक जीवन स्थिति र समाजका विकृति र विसङ्गतिको चित्रण राम्रोसँग गरेका छन् । कवि यदुनाथका कवितालाई हेर्दा उनका कविता सामाजिक समस्या र कवि स्वयंमको जीवन भोगाइका अनुभवहरूलाई कविताको माध्यमद्वारा व्यक्त गर्ने काम गरेको पाइन्छ ।

यसरी कवि यदुनाथको समग्र कविता कृतिको अध्ययन गर्दा उनका कविताहरू सम्पूर्ण पाठकहरूले अध्ययन गरेर बुझ्न सक्ने खालका छन् । उनका कविताहरूमा उनकै जीवन भोगाइको क्रममा देखिएका उतार चढाव, समस्याहरू, सुख-दुःख र सामाजिक परिवेश, आर्थिक सामाजिक पक्षको चित्रण पाइन्छ । साथै उनी छन्दको पनि राम्रो ज्ञाता भएकाले उनका सम्पूर्ण कविताहरू छन्दमा नै लेखिएका छन् । उनका कवितामा नेपाली समाजको चित्रण र नेपाली समाजमा गरिब र धनी बीच हुने भेदभाव र सामाजिक रुढिवादी परम्पराको पनि राम्रो चित्रण पाइन्छ । कवि सरलका कवितामा छन्दबदताका साथै उनका जीवन भोगाइका सम्पूर्ण पक्षको चित्रण पाइने भएकाले उनलाई छन्दमा कविता लेख्ने कवि र सरल किसिमका कविता लेख्ने कवि यदुनाथ 'सरल' भनेर उनको कवित्वको मूल्याङ्कन गर्न सकिन्छ ।

# चौथो परिच्छेद

## यदुनाथ 'सरल' को कृतित्वको विश्लेषण

### ४.२ कविताको सैद्धान्तिक स्वरूप

कविता साहित्यको पुरानो विधा हो । जसमा लयात्मक भाषिक कला हुन्छ । कवितालाई स्वतन्त्र र पुरानो विधा मानिएकाले कवितालाई विभिन्न विद्वानहरूले परिभाषित गर्ने प्रयास गरेका छन् ।[५३]

विभिन्न विद्वानहरूले आ-आफ्नो विचार व्यक्त गरेर परिभाषित गरेको यस विधालाई निम्न लिखित परिभाषाले केही समेटेको देखिन्छ । जसलाई सङ्क्षिप्त रूपमा यसरी देखाउन सकिन्छ :

### ४.१.१ कविता सम्बन्धी पूर्वीय परम्परा

प्राचीन पूर्वीय साहित्यमा काव्य अर्थात् कवितालाई साहित्यको पर्यायवाची शब्दको रूपमा लिइन्थ्यो । काव्य र कवि शब्दलाई पूर्वीय आचार्यहरूले एकैसाथ चर्चा गरेको पनि पाइन्छ । संस्कृत साहित्य परम्परामा साहित्य (काव्य) लाई खासगरी विश्वनाथको साहित्य दर्पण ग्रन्थदेखि यता श्रव्य र दृश्य दुई वर्गमा बाडेको भेटिन्छ ।[५४] उपर्युक्त परिप्रेक्ष्यमा विश्वनाथदेखि यताको उत्तरवर्ती संस्कृत साहित्यशास्त्र परम्पराले 'काव्य' का दृश्य-व्यतिरेको वर्ग अन्तर्गत पद्य गद्यलाई राखेको र उनीभन्दा पूर्ववर्ती परम्पराले भने 'काव्यका पद्य-गद्य दुई सकारी वरु पद्य र गद्यको मिश्रणलाई प्रथमत चम्पू र नाटक समेत मानेको

---

[५३] वासुदेव त्रिपाठी र अन्य, (सम्पा.), **नेपाली कविता (भाग ४)**, ललितपुर : साझा प्रकाशन, २०६०, पृ. १७ ।

[५४] ऐजन ।

अनि नाटक वा रूपक 'काव्य' साहित्यक दृश्य वर्गमा प्रतिष्ठित भए पछि त्यस मिश्र रूपमा चम्पूलाई नै स्थान दिएको कुरा मननीय छ ।[५५]

संस्कृत साहित्य शास्त्रीय परम्पराका सन्दर्भमा आजको कविताको विधागत स्थितिको सूचक रहेको निष्कर्षित हुन्छ ।

## ४.१.२ काव्य सम्बन्धी पाश्चात्य परम्परा

पाश्चात्य परम्परामा प्राचीन ग्रीसकै अरिस्टोटल (इ.पू. ३४८-२२) को समय सम्ममा 'काव्य' (साहित्य) र भाषणकला भाषिक वा शाब्दिक कलाका रूपमा पनि लिइएका हुन् ।[५६] पाश्चात्य साहित्यमा प्रयुक्त Poem शब्द ... poi मा ... ema वा eme प्रत्यय लागेर बनेको हो । पूर्वीय साहित्यमा कवि र काव्य बीच सम्बन्ध भए जस्तै पाश्चात्य साहित्यमा poetry वा poem को रचनाकारलाई कवि भनिने भएकाले कविको कृतिलाई कविता मानिन्छ । पाश्चात्य साहित्यमा कुनै विषयको वर्णन गर्ने वा छन्दमा काव्य निर्माण गर्ने व्यक्तिलाई वा सौन्दर्यपूर्ण कविताका लेखकलाई कवि (poet) भनेको पाइन्छ ।

## ४.१.३ काव्यको परिभाषा

पूर्वीय र पाश्चात्य साहित्यमा (प्राचीन कालदेखि) नै काव्य शब्द प्रयोग भएको पाइन्छ । प्राचीनकालमा साहित्यको समुच्चयलाई वाङमय मानिन्थ्यो । तर पछि साहित्यलाई भिन्न ढङ्गले परिभाषित गरियो । समाजको कल्याण गर्ने भाव राख्ने साहित्यको एउटा शाखा काव्य हो । काव्य वाङ्मय र साहित्य भन्दा भिन्न विधा हो । साहित्य अन्तर्गत काव्य, नाटक, आख्यान र निबन्ध जस्ता विधा पर्दछन् । प्राचीन कालमा यी विविध विधा मध्ये काव्य विधाको अन्य विधाको तुलनामा बढी विकास भएको पाइन्छ । त्यसैले (प्राचिन कालमा) साहित्य भन्नाले काव्य भन्ने बुझिन्थ्यो तर आधुनिक साहित्यमा काव्यले गद्यात्मक वा पद्यात्मक कवितामयी कृतिलाई बुझाउँछ । कविको फुटकर रचना कविता हो

[५५] ऐजन ।

[५६] ऐजन, पृ. १ ।

भने कविताको आयाम वृद्धि भएपछि जीवनको एक खण्डको चित्रण गर्ने, पूर्ण जीवनको चित्रण गर्ने विना आख्यानको लामो कविता सम्म विस्तारित कविता रूपलाई काव्य शब्दले बुझाउँछ । साहित्यिक आचार्य भामह दण्डीहरू भन्दा बाह्य शास्त्रकार भरत अति प्राचीन हुन् । त्यसैगरी भामह, दण्डी, विश्वनाथ जगन्नाथ आदिका काव्य सम्वन्धि परिभाषामा शब्द र अर्थको सहभावलाई काव्य मान्ने, इष्ट अर्थलाई काव्य मान्ने, रसात्मक वाक्यालाई काव्य मान्ने र रमणीय अर्थ प्रतिपादन गर्ने शब्दलाई काव्य मान्ने विद्वानहरू रहेतापनि उक्त अवधारणालाई आचार्यहरूले काव्यको परिभाषा नभनी काव्य लक्षण वा काव्य स्वरूप भनेको पाइन्छ । सवै काव्यधारणाहरू परिभाषा कै रूपमा अभिव्यक्त भएका हुँदा सामान्यत : तिनलाई काव्यको परिभाषा मानिन्छ ।[५७]

पूर्वीय साहित्यमा जस्तै पाश्चात्य साहित्यमा पनि विभिन्न व्यक्तिले काव्यको परिभाषा दिएका छन् । अरिस्टोटलका अनुसार कलाले प्रकृतिको अनुकरण गर्छ भने वर्स्डवर्थका विचारमा कविता सशक्त अनुभूतिको निरवच्छिन्न उच्छलता हो । यो शान्त लक्षणमा पुनः सङ्कल्पित र स्मृत संवेगबाट जन्मन्छ । यसरी नै म्याथु आर्नोल्डका अनुसार 'कविता जीवनको आलोचना हो ।' कविताको परिभाषा गर्दै हड्सनले भनेका छन् 'कल्पना र मनोवेगद्वारा गरिने जीवनको व्याख्या नै काव्य हो । यस प्रकार पाश्चात्य विद्वानहरूले कविताको परिभाषा दिइएको पाइन्छ ।[५८]

नेपाली साहित्यमा पनि काव्यलाई चिनाउन विभिन्न व्यक्तिहरूले आ-आफ्ना धारणा व्यक्त गरेका छन् । रामकृष्ण शर्माले काव्यको सुन्दरता र नैतिक पक्षमा जोड दिदै काव्य सम्बन्धी आफ्ना धारणा यसरी राखेका छन्- "कवितालाई म सौन्दयको पुजारी, नैतिकताको छहरा, आदर्शको दर्पण ठान्छु ।" त्यस्तै गरी बालकृष्ण समले कवितालाई "कविता भावनाको वौद्धिक कोमलता हो ।" भनेर परिभाषित गरेका छन् । समको यस परिभाषा अनुसार कवितामा भाव बुद्धि, कोमलता र अभिव्यक्ति यी चार तत्त्व हुनुपर्छ । आत्मानुभवको अभिव्यक्तिलाई समेट्दै गरिएको यस परिभाषामा कोमलता भन्नाले कल्पना

---

[५७] सोमनाथ शर्मा, **साहित्य प्रदीप**, काठमाडौं : २०५८, पृ. २७, २८, २९ ।

[५८] त्रिपाठी, पूर्ववत्, पा.टि.नं १, पृ. ३, ४ ।

भन्ने बुझिन्छ । त्यसैगरी आत्मपरक अभिव्यक्ति र हार्दिक पक्षलाई साहित्यका लक्षण मान्दै देवकोटाले भनेका छन् - आफूलाई सबभन्दा सच्चा तवरले छामेर सबभन्दा छर्लङ्ग तवरले देखाएर, आफ्नो आदर्शरूपलाई ठोस र ग्राहय ढङ्गले हमेशा अनुभूत गराउनु व्यक्ति तथा जातिको कला र साहित्य हो ।[५९]

---

[५९] ऐनज ।

## ४.१.४ कविताका तत्त्वहरू

कवितालाई सम्पूर्ण रूपमा चिनाउने क्रममा यसका विधात्मक निजत्वका बुँदाको चर्चा मात्र पर्याप्त छैन र यसले अगाल्ने साहित्यिक सामान्य धर्मको निरूपण पनि आवश्यक पर्छ ।[६०] कवितालाई तत्त्वको आधारमा वर्गीकरण गरेर यसरी चर्चा गर्न सकिन्छ ।

### ४.१.४.१ संरचना

कविताको संरचनात्मक ढाँचा नै संरचना हो । संरचना दुई किसिमको हुन्छ : आन्तरिक र बाह्य । कविता कृतिको बाह्य संरचना त्यसका लयात्मक खण्ड/गण र विश्राम भई पाउँ/चरण वा पङ्क्ति विधान तथा पङ्क्तिपुञ्जसँगै थालिन्छ र त्यसका विविध भाग परिच्छेद हुँदै विस्तारित हुन्छ अनि खण्डकाव्यमा पुग्दा सर्ग योजना पनि देखा पर्न सक्छ । संरचना तत्त्व विना कुनै रचना निर्माण हुन नसक्ने भएकाले संरचना कविताको अनिवार्य तत्त्व मानिन्छ ।

### ४.१.४.२ विषयवस्तु

रचनाको लागि चयन गरिएको भावभूमि विषयवस्तु हो । जीवन जगतका यावत विषयमा कविता लेख्न सकिने हुँदा कवितामा विषयवस्तुको विविधता हुन्छ । कविले सत्य सत्यांश वा सत्याभास जुनसुकै विषय चयन गरी काव्य रचना गर्न सक्छ । जीवन भोगाइका क्रममा कविलाई उत्प्रेरित गर्ने वस्तु नै काव्य विषय बन्न सक्ने भएकाले विषय चयनमा कवि स्वतन्त्र हुन्छन् । त्यसैले काव्य भित्र पनि विविध विषय पाउन सकिन्छ । कविको कल्पना प्रधान चिन्तन नै काव्यको विषयवस्तु हो । विषयवस्तु कविता सिर्जनाका आधार भएकाले जीवन जगतका विविध पक्षका सत्य घटना वा काल्पनिक परिवेश चयन गरी कविता रचना गरिन्छ । यसैमा कविले आफ्नो जीवनदर्शन समेत समेटेको हुन्छ ।[६१]

---

[६०] ऐजन, पृ. ३ ।

[६१] ऐजन ।

### ४.१.४.३ भाव विधान

कविताको संरचना, कथनपद्धति, भाषाशैली र अन्य रूपात्मक तत्त्वका माध्यमद्वारा भाव प्रकट हुन्छ । कवि शब्द शब्दका श्रृङ्खलामा गुम्फित भाषिक संरचना भएकाले यही भाषिक संरचनामा भाव अभिव्यक्ति भएको हुन्छ । भाव भन्नाले कविताको शब्द शब्दमा अन्तरनिहित शक्ति भन्ने बुझिन्छ । पूर्वीय साहित्यमा वस्तु, नेता र रस काव्यका अङ्ग मानिन्छन् । वस्तुमा भाव निहित हुने भएकाले पनि कवितामा भाव रहनु पर्ने नै हुन्छ ।

मानवीय अनुभवको क्षणविशेष एक खास मनोदशा जीवन कै एक भाग जीवनको समग्रता र जीवन सन्दर्भको विराटतालाई क्रमशः अँगाल्दै कविताका पूर्वोक्त पाँच उपविधा (मुक्तक, फुटकर कविता, खण्डकाव्य, महाकाव्य र आर्ष/विकासशील महाकाव्य) हरूको कथ्य विषयवस्तु र भाव विधानका आयामका दृष्टिले मुक्तकदेखि आर्ष महाकाव्यसम्म उत्तरोत्तर विस्तारित हुँदै जाने कुरा पनि स्मरणीय नै छ ।[६२]

कविताबाट भावकहरूलाई प्राप्त हुने मूलवस्तु नै भाव भएकाले यसलाई कविताको अनिवार्य तत्त्वको रूपमा लिइन्छ ।

### ४.१.४.४ लयविधान

कविता विधाको मुख्य पहिचान लयात्मकता हो । जसबाट विशेष श्रुतिमाधुर्य प्राप्त हुन्छ । साहित्यका अरु विधाबाट कवितालाई पृथक पार्ने आधारभूत तत्त्व पनि लय नै हो । त्यसैले लय कविताको मुख्य तत्त्व हो । कवितामा प्रयोग गरिने सौन्दयपूर्ण भाषाका वर्गगत र पङ्क्तिगत एवम् अनुच्छेदगत बनोटबाटै लय उत्पन्न हुने गर्दछ ।[६३]

कविताको संरचना कथनपद्धति, भाषाशैली र अन्य रूपात्मक तत्त्वको माध्यमद्वारा भाव प्रकट हुन्छ । आख्यानीकृत वा नाटकीकृत जुन रूपमा जीवन जगतको कथन गरिए

---

[६२] ऐजन, पृ. ४ ।

[६३] महादेव अवस्थी, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्यको विमर्श**, काठमाडौं : इन्टेलेक्चयुअल्य बुक प्यालेस, २०६४, पृ. ४९ ।

पनि त्यसको केन्द्रीय तत्त्व भाव नै रहेको हुन्छ । कविको क्षण विशेषको अभिव्यक्ति कविता भएकाले यसमा कविको जीवनको क्षणिक वा समग्रताको प्रकटीकरण पनि हुने गर्दछ । कविताबाट भावकलाई प्राप्त हुने मूलवस्तु नै भाव भएकाले यसलाई कविताको अनिवार्य तत्त्वको रूपमा लिइन्छ ।

### ४.१.४.५ भाषाशैली

साहित्य एक भाषिक कला हो र यसलाई भाषिक माध्यम अँगाल्ने सौन्दर्यपूर्ण वस्तुका रूपमा लिइन्छ । त्यसैले साहित्यकै एक लयात्मक विधास्वरूप कवितामा भाषाको सौन्दर्यपूर्ण प्रयोग अपेक्षित नै रहन्छ । भाषाको सौन्दर्यपूर्ण प्रयोगलाई नै साहित्यिक भाषाशैली भन्ने गरिन्छ ।[६४]

कवितामा प्रयोग गरिने सङ्कथनगत पद्धतिलाई शैली मानिन्छ । शैली व्यक्तिपिच्छे फरक फरक हुने गर्छ । सरल, आलङ्कारिक, नाटकीय, वर्णनात्मक आदि शैली कवितामा प्रयुक्त हुन्छन् । भावाभिव्यक्तिका लागि कवितामा उचाइ थप्ने र स्रष्टालाई निजी पहिचान दिने काम भाषाशैलीले गर्दछ ।

कविता अङ्गी हो र उपर्युक्त उपकरणहरू यसका अङ्ग हुन् । यी तत्त्वहरूकै समग्रताबाट कविताले रूपाकृति प्राप्त गर्छ । यिनै तत्त्वहरूको योगबाट कविताले साकार रूप लिन्छ ।

### ४.१.४.६ बिम्ब-प्रतीक र अलङ्कार विधान

कुनै कृतिमा मुख्य कथ्य (कथन गरिएको प्रस्तुत) अर्थको सहयर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो ।[६५] जीवन जगत्का विविध सन्दर्भ र सामग्रीबाट बिम्ब विधान हुन सक्छ र अर्थालङ्कारहरू बिम्बविधानकै उपक्रम

---

[६४] ऐजन ।

[६५] त्रिपाठी, पूर्ववत्, पा.टि.नं. १, पृ. २०, २१ ।

हुन् । कविताको अर्थ र भावलाई गाम्भीर्य बनाउने काम बिम्बले गर्दछ । र कविताको भावलाई बढी गहीराई प्रदान गर्ने काम प्रतीकले गर्दछ ।

कविताको रूपतात्त्विक विधानमा अलङ्कार विधान पर्दछ । भावलाई गहन र प्रभावमूलक बनाउन कवितामा बिम्ब प्रतीक र अलङ्कार विधान अनिवार्य तत्त्वका रूपमा रहन्छ ।

अलङ्कार विधानका आधारमा 'सिर्जनाका धुन' कविता सङ्ग्रह भित्रका कविताहरूलाई हेर्दा:

"आफ्ना आदरणीय पूज्य जतिछन् मातापिता आदिमा
गर्नु ढोग विनम्र भै त्रुटि नहोस् सेवा र सम्मानमा"

(नित्यकर्म, पृ. ३)

प्रस्तुत अंशमा 'न' वर्ण र 'त' वर्णको कतै क्रमले र कतै क्रमविना अनेकपटक आवृत्ति भएकाले वृत्यानुप्रास अलङ्कार रहेको छ ।[६६]

"साँची राख विवेकले जुन दियो सङ्लो सफा भावना
जाँची हेर त होस जोस मनका आवेश उत्तेजना ।"

(युवकको अन्तर्ध्वनी, पृ. ४, श्लोक ५)

प्रस्तुत कविताांशमा साँची र जाँची भावना र उत्तेजनामा क्रमशः आधानुप्रास रअन्त्यानुप्रासको कुशल प्रयोग पाइन्छ ।

"उदाई नेपाल जुन कृषक गोपालक थिए
तिनै हाम्रा पुर्खा भुवनभरमा वीर गनिए ॥"

(चाहाना, पृ. ६, ७, श्लोक ७०)

---

[६६] यदुनाथ 'सरल', **सिर्जनाको धनु**, काठमाडौं : वेदराज ढुङ्गाना, 'दोस्ती', २०६४, पृ. ३ ।

प्रस्तुत पद्यांशमा गाई पाल्न गर्न हाम्रा कृषक पुर्खाहरू नै वीर हुन भनि पुर्खाहरूमा वीरको अभेद आरोप गरिएकाले 'रूपक' अलङ्कार रहेको पाइन्छ ।

"छहारी सञ्चारी मुलुकभर उत्साह थपियोस्

दुराचायी छाती कृटिलपव सम्पूर्ण दबियोस ॥"

(नयाँ वर्ष शुभेच्छा, पृ. १२, श्लोक २)[६७]

प्रस्तुत पद्यहारमा दुराचारी, छाती र कुटिलपन जस्ता प्रस्तुत अप्रस्तुत अनेक पदार्थको बीच एउटै दबियोस भन्ने धर्मको सम्बन्ध देखाइएको हुनाले 'तुल्योगिता अलङ्कार रहेको छ ।

"आयो वर्ष नयाँ वसन्तसँगको सौन्दर्यले शोभित

बैंलेको वनकुञ्ज भयो मधुर त्यो सङ्गीतले गुञ्जित ।"

(नयाँ वर्ष शुभेच्छा, पृ. १२, श्लोक ७)

प्रस्तुत कवितांशमा वैलेको वनकुञ्ज मुधुर सङ्गीतले गुञ्जित हुने कार्यका निम्ति वसन्तको सौन्दर्ययुक्त नयाँ वर्ष कारण भएकाले 'काव्यलिङ्ग' अलङ्कार रहेको छ ।

"दृढ दिग्गजझैं नित्य विद्यालय खडा छ यो"

'शान्ती स्वणदिशातिर', पृ. १३, श्लोक ५ ।

प्रस्तुत पद्य भागमा विद्यालय (शान्ती मा.वि.) उपमेयलाई दृढ दिग्गज उपमेयका साथ 'नित्य खडा रहेन' साधारण धर्मको समानता 'झैं' शादृश्य वाचक शब्दद्वारा व्यक्त गरिएकाले 'पूर्णोपमा' अलङ्कार रहेको पाइन्छ ।

---

[६७] ऐजन, पृ. ४, ६, ७, १२ ।

"दृढ दिग्गज झैं नित्य विद्यालय खडा छ यो ।

जिल्लाको सर्वतो भेक सिँगार्ने ज्योतिपुञ्ज हो ॥"

(शान्ती स्वर्णदिशातिर, पृ. १३, श्लोक ५)[६८]

प्रस्तुत पद्यांशमा दिग्गज झैं खडा रहने विद्यालय (शान्ति मा.वि.) मा जिल्लाको सम्पूर्ण भेग सिँगार्ने ज्योतिपुञ्जको आरोप गरिएकाले 'रूपक' अलङ्कार रहेको छ । यसै कवितांशमा 'उपमा' र रूपक दुवै अलङ्कार परस्पर छुट्टयाउन सकिने किसिमले आएका हुनाले संसृष्टि अलङ्कार पनि रहेको छ ।

"राजा र प्रजा जहान हामी यो देश घर हो"

'उद्योगी बनी स्वदेशी वस्तु प्रयोगमा बढाऊँ'

(पृ. १६, श्लोक ४)

प्रस्तुत पङ्क्तिमा राजा र प्रजामा जहान तथा देशमा घरको अभेद आरोप गरिएको छ तसर्थ यसमा 'रूपक' अलङ्कार रहेको छ ।

"नवसुधा वसुधा किन भो अघि

उदधि मन्थनका क्रममा अघि

नवसुधा छलले सुरले लिए

नियतिमा यतिका वसुधा भए ।"

(प्रसङ्ग पुष्पाञ्जलि, पृ. १७)

प्रस्तुत पूर्ण पद्यभागमा 'नवसुधा' निरर्थक 'वसुधा' सार्थक वसुधा तथा नियति निरर्थक यति र 'यतिका' सार्थक यति शब्दको प्रयोग गरिएको छ । यसकारण यस पद्यमा

---

[६८] ऐजन ।

'यमक' अलङ्कारको प्रयोग पाइन्छ । यस 'प्रसङ्ग पुष्पाञ्जलि' शीर्षक कविताका सम्पूर्ण श्लोकमा यमक अलङ्कार नै पाइन्छ ।[६९]

"कुनै सयम जो यहाँ पठित शून्यजस्तै थिए
परन्तु सब साहसी चतुर चेतनाका थिए ।
उठे त्यस समाजमा युग सुहाउँदा भावना
जुटे प्रगतिमार्गमा उदित कल्पना चाहना ॥"

(सर्वोदय रजत सन्दर्भ, पृ. १९, श्लोक १)

यस पङ्क्तिमा साहसी र चतुरहरू समाजमा उठे र प्रगति मार्गमा जुटे भन्ने कारण भए पनि त्यसको कार्य देखाएको हुनाले विशेषोक्ति अलङ्कार रहेको पाइन्छ ।

"प्रिय पाणिनि झुल्केको आज पच्चिस वर्ष भो
तिम्रै आदर्श पर्खेको पनि पच्चिस वर्ष भो ।
खोम्री विगतको तीतो मीठो सिंहावलोकन
गरिदै छ यहाँ उच्च शिक्षाको परिकल्पना ॥"

(उच्च शिक्षा गुरु र शिष्य, पृ. २०, श्लोक १)

यस कविताशमा पाणिनि संस्कृत मा.वि. को वर्णन त्यस मा.वि. लाई देखेर प्राच्य ऋषि पाणिनिको स्मरण गरिएको हुनाले स्मरण अलङ्कार रहेको छ ।[७०]

"जागेका छन् कलमहरू यी भावनामा चिरायु
गोली भन्दा प्रबल यिनको हुन्छ रे प्राणवायु"

(सम्माति, पृ. २५, श्लोक ५)

---

[६९] 'सरल', पूर्ववत्, पा.टि.नं. १४, पृ. १६, १७ ।

[७०] ऐजन, पृ. १९, २० ।

यस कवितांशमा निर्जीव कलमहरू पनि गोली भन्दा प्रबल प्राणवायु युक्त भएर जाग्दछन् भनिएकाले क्रिया सम्बन्धी विरोध परेको देखिन्छ तसर्थ यस कवितांशमा विरोध अलङ्कार रहेको छ ।

"हें विद्वदरवर सर्वमान्य अगुवा हे लम्जुङे शैलज

यै छाया-छवि ओतप्रोत दिल यै साहित्यका अग्रज"

(कविवर माधव घिमिरेप्रति, पृ. २७, श्लोक १)

प्रस्तुत कवितांशमा कविवर माधव घिमिरे प्रति विद्वद्वर, सर्वमान्य, अगुवा, लम्जुङे शैलज जस्ता विभिन्न भावपूर्ण विशेषणहरूको प्रयोग गरिएको हुनाले 'परिकर' अलङ्कार रहेको छ ।[७१]

"कदापि नबनौं धूर्त अरुलाई बिझाउने

उच्च आदर्शमा उत्रौं अरुलाई रिझाउने"

(मिलनको शुभेच्छा, पृ. २९, श्लोक ३)

"आमा जानुभयो अनन्त वधमा हा दैव ! यो के भयो

हाँगा फल छुट्टिए रुख ढल्यो संसार यस्तै छ यो ।

आई क्यै पदबाट मित्र घरमा आमा भन्थैं गयो

ढोग्दा पावन पाउमा शुभ हुने सौभाग्य मेरो गयो ॥"

प्रस्तुत पद्यमा मातृ वियोगको रूपमा आएको शोकभाव विगतमा हुने गरेका मातृसहचार्यको स्मृतिका निम्ति अङ्ग बनेर आएको छ । यसर्थ यस पद्यमा 'भावोदय' अलङ्कार रहेको छ ।

"तृणले यदु-वंशकै सरी

सबमा फूट र बैर बेसरी

---

[७१] ऐजन, पृ. २५, २७, २९ ।

जब आपसमा लुछा चुँडी

हुन गै आउँछ नाशको घडी”

(स्मृति प्रसङ्ग : स्व. मुक्तिनाथ अधिकारी, पृ. ७७, श्लोक ११)[७२]

यस पद्यमा फुट र वैरभाव एवम् आपसमा लुछाचुँडी भयो भने नाशको घडी आउँछ भन्ने सामान्य कथनद्वारा समर्थन गरिएको छ । तसर्थ यस पद्यमा ‘अर्थान्तरन्यास’ अलङ्कार रहेको छ ।

“कुनै अति उदार छन् मिलनसार उस्तै गुनी

कुनै अतिकठीर छन् कृपण कञ्जुसै बैगुनी ।

परस्पर अटाउँछन् उभयपक्षका जीवनी

भनूँ म कसरी यहाँ कुन गरिब को हो धनी ?

(कुन गरिब को हो धनी, पृ. ८१, श्लोक २)

प्रस्तुत श्लोकमा उदार र मिलनसार तथा कुनै कठोर र कृपण भए पनि दुवै पक्षको जीवनी परस्पर अटाउन सक्ने भएकाले वक्ता कवि ‘म’ लाई धनी र गरिब छुट्याउन गाह्रो भएको हुँदा ‘सन्देह’ अलङ्कार रहेको पाइन्छ ।

“योग्यता जति थियो जनतामा

मिल्कियो सब छिपेर कुनामा,

वीरको रगत रन्किरहेथ्यो

क्रान्तिले समय पर्खिरहेथ्यो ।”

(सात साल अधि र पछि, पृ. ८५, श्लोक ४)

[७२] ऐजन, पृ. ३७, ७७ ।

प्रस्तुत पद्यमा जनतामा योग्यता भएर पनि कुनामा मिल्कनु वीरको रगतले क्रान्तिको समय पर्खनु जस्ता कार्यका निम्ति कारणको स्पष्ट उल्लेख नभएका कारण 'विभावना' अलङ्कार रहेको छ ।

"राँको भैकन दन्किदे कलम ए । अन्याय सारा जला

भत्का शोषकका तिनै महलको सम्पूर्ण कालो कला"

(साहसी कलम, पृ. ९४, श्लोक ४)

यहाँ लिङ्ग र क्रियाद्वारा अन्याय जलाउने राँको, शोषणका महल भत्काउने औजारका रूपमा कलममा क्रान्तिकारी योद्धा र औजारको आरोप गरिएकाले 'समासोक्ति' अलङ्कार गरेको छ ।

"वर्षासाथ पखालियो सब हिलो मैलोपन निखियो"

(शारदी शोभा, पृ. ९७, श्लोक ३)

यस पङक्तिमा मैलोपना निखने कार्य सिद्ध गर्नाका लागि वर्षाले हिलो पखालेको कारण प्रस्तुत भएकाले 'काव्यलिङ्ग' अलङ्कार रहेको छ ।[७३]

"विषका माझमा धन्य विद्यमान छ निर्बिसी"

(प्राकृत लमजुङ, पृ. ९९, श्लोक ४)

यस पङ्क्तिमा विषका माझमा पनि कसरी निर्बिसी रहन सबद्ध भन्ने विरोध पाइन्छ तर निर्बिसी भनेको वनस्पति हो भन्ने अर्थ गरेपछि उक्त विरोधको परिहार हुन्छ । तसर्थ यस पङ्क्तिमा 'विरोधाभास' अलङ्कार रहेको पाइन्छ ।

"बन्दै रहेका घर हेरी आएँ

सन्चा सबै मामलि भेटि आएँ ।"

(पत्राचार प्रसङ्ग, पृ. ११०, श्लोक ९)

---

[७३] यदुनाथ 'सरल', **सिर्जनाका धुन**, पृ. ९४, ९७, श्लोक ४, ३ ।

प्रस्तुत कवितामा सर्वत्र अन्त्यानुप्रासको कुशल संयोजन रहेको छ ।

"यो लम्बियो पद्य सिँगार्न खोज्दा
यो यत्ति भो वाक्य उतार्न खोज्दा
भेजें यसैका पछि आइनेछ
विषेश वार्ता त्यहि नै हुनेछ ।"[७४]

(पत्राचार प्रसङ्ग, पृ. १११, श्लोक ९)

प्रस्तुत पद्यमा विशेष वार्ता अर्को पत्रमा हुनेछ भनी दाजुलाई लक्ष्य गरिएको भए पनि कविताको अन्त्य वा सङ्ग्रहकै अन्त्य भाग भएकाले अरु कृतिमा भेट हुनेछ भन्ने कुरा पाठकमा राखिएको छ । तसर्थ यसमा 'गुढोक्ति' अलङ्कार रहेको छ ।

यस कविता सङ्ग्रहमा समग्रमा अन्त्यानुप्रासको रमणीय र कुशल प्रयोग सर्वत्र पाइन्छ । यसै गरी अधिकांश कवितामा व्यक्ति, वस्तु, प्रकृति, स्थान आदिको वर्णनात्मक शैली प्रयोग भएकाले 'स्वभावोक्ति' अलङ्कार रहेको छ ।

यसरी अधिकांश स्थानमा प्रयुक्त अलङ्काहरू 'अन्त्यानुप्रास' र 'स्वभावोक्ति' रहेको किटान गर्न सकिन्छ ।

## ४.२ 'सिर्जनाका धुन' कविता सङ्ग्रहको विश्लेषण

वि.सं. २०६४ सालमा प्रकाशित यदुनाथ 'सरल' को एकमात्र कविता सङ्ग्रह 'सिर्जनाको धुन' मा ७० वटा कविताहरू रहेका छन् । जसलाई पाँचवटा समूहमा फरक-फरक शीर्षक दिएर लेखिएको छ ।

यस कविता सङ्ग्रह भित्रका कविताहरूलाई शीर्षक र छन्दका आधारमा निम्नानुसारले यस कविता भित्र सङ्ग्रहीत कविताहरू हुन्:

[७४] यदुनाथ 'सरल', सिर्जनाको धुन, काठमाडौं : २०६४, पृ. ११०, १११, श्लोक ९.९

| क्र.सं. | कविताको शीर्षक | क्र.सं. | कविताको शीर्षक |
|---|---|---|---|
| क) | शुभकामनाका धुन | | |
| १. | नित्यकर्म प्रसङ्ग | २. | युवकको अन्तर्ध्वनि |
| ३. | शुभेच्छा | ४. | चाहना |
| ५. | के भन्ने र ? | ६. | उर्वर जीवनप्रति |
| ७. | नयाँ वर्ष शुभेच्छा | ८. | शान्ति स्वर्ण दिशातिर |
| ९. | सम्बन्धितसँग | १०. | उद्योगी बनी स्वदेही बस्तु प्रयोगमा बढाऊँ |
| ११. | प्रसङ्ग पुष्पाञ्जलि | १२. | सर्वोदय रजतसन्दर्भ |
| १३. | उच्चशिक्षा गुरु र शिष्य | १४. | झट्टै काल नडाक |
| १५. | धार्मिक चिन्तन | १६. | सम्मति |
| १७. | लाग्दै छ हेर अहिले झलमल्ल घाम | १८. | कविवर माधव घिमिरेप्रति |
| १९. | गार्हस्थ्य चर्चा | २०. | मिलनको शुभेच्छा |
| २१. | केही उद्गार केही सन्देश | २२. | सत्ययुग आयो भने |
| २३. | परसेवामय राख जीवन | २४. | चिरञ्जीव अन्तरङ्ग |
| ख) | सम्झनाका धनु | | |
| १. | आमाको सम्झना | २. | स्याङ्जा-नुवाकोट : ऐतिहासिक झलक |
| ३. | कवि शिरोमणिको सम्झनामा | ४. | प्रवासीको पत्र |
| ५. | भाइ हरिको सम्झना | ६. | आदिकविप्रति |
| ७. | मोती यतै झुल्किए | ८. | धर्मप्रचारक पं. कोमलनाथप्रति |
| ९. | आदर्श पुरुषको सम्झना | १०. | स्व. डिल्लीजङ्प्रति श्रद्धा-सुमन |
| ११. | चिसङ्कुबाट झुल्केका तारालाई | १२. | विवेकको हत्या |
| १३. | त्री-रत्नको सम्झना | १४. | स्व. दाजु सूर्यनाथ सुवेदीप्रति |

| | | | |
|---|---|---|---|
| | | | श्रद्धाञ्जली |
| १५. | स्व. सूर्यकान्त अधिकारीसँगको वियोग | १६. | पृथ्वीको चिन्तन |
| १७. | स्व. दाजु तारानाथमा क्षमा प्राथना | १८. | स्व. मामा बद्रीनाथको सम्झना |
| १९. | गुम्सिएका गन्थन | २०. | आफ्नै संक्षिप्त जीवनी |
| २१. | विरक्त अवस्थाको गन्थन | २२. | साहसीको सम्झना |
| २३. | आमा परमात्मा | २४. | स्व.पं. सोमनाथ पौडलेमा विनम्र सम्झना |
| २५. | स्मृति प्रसङ्ग : स्व. मुक्तिनाथ अधिकारी | २६. | जन्मभूमि सदा प्रिय |
| ग) | जागृतिका धनु | | |
| १. | कुन गरिबको हो धनी | २. | चाहिन्छ झुप्राहरूमा विकास |
| ३. | ज्योतिको प्रेरणा | ४. | सातसाल अघि र पछि |
| ५. | यो हो लमजुङ | ६. | आजको सङ्कल्प |
| ७. | खै कष्टपूर्ण किन हो अझ जिन्दगानी | ८. | प्रस्तावित भक्तिमार्ग |
| ९. | डिलको चौतारी | १०. | साहसी कलम |
| घ) | सौन्दर्यचेतनाको धुन | | |
| १. | शारदी शोभा | २. | सुषुप्ति चेतनलाई |
| ३. | प्राकृत लमजुङ | ४. | यो हो भूस्वर्ग |
| ५. | प्राकृतछटा | ६. | सौन्दर्यको टक |
| ७. | अदृष्ट शाक्ति | | |
| ङ) | प्रेमका धुन | | |
| १. | सरलालाई सौगात | २. | आफ्नै सेरोफेरो |
| ३. | पत्राचार-प्रसङ्ग | | |

'सरल' को यस कविता सङ्ग्रह भित्रका कविताहरू सबै छन्दबद्ध भएकाले छन्दका आधारमा उनका कविताहरूको सूची यस प्रकार रहेको छ :

सूची

| छन्द | कविता शीर्षक | श्लोक संख्या |
|---|---|---|
| शार्दूलविक्रीडित | नित्यकर्म प्रसङ्ग, युवकको अन्तर्ध्वनि के भन्ने र ? झट्टै काल नडाक, कविवर माधव घिमिरेप्रति, केही उदगार केही सन्देश सत्ययुग आयो भने, आमाको सम्झना, भाइ हरिको सम्झना, आदिकविप्रति, मोती यतै झुल्किए, चिसङ्कुबाट झुल्केका तारालाई, त्रि-रत्नको सम्झना, साहसीको सम्झना, स्व.पं. सोमनाथ पौडेलमा विनम्र सम्झना, जोतिको प्रेरणा, शारदी शोभा, अदृष्ट शक्ति, सरलालाई सौगात आफ्नै सेरोफेरो, नयाँ वर्ष शुभेच्छा | ४ + ६ + १२ + ७ + ७ + ५ + ६ + ८ + ८ + ६ + ५ + ५ + ९ + ५ + ६ + ४ + ७ + ५ + ८ + ७ = १३० + २ जम्मा श्लोक संख्या १३२<br>कविता सङ्ख्या = २० |
| अनुष्टुप | शान्ति स्वर्णदिशातिर, सम्बन्धितसँग उच्चशिक्षा, गुरु र शिष्य, धार्मिक चिन्तन मिलनको शुभेच्छा, धर्मप्रचारक पं. कोमल्नाथ प्रति, आदर्श पुरुषको सम्झना स्व. डिल्लीजङप्रति श्रद्धा-सुमन, गुम्सिएका गन्थन, आफ्नै संक्षिप्त जीवनी यो हो लमजुङ, प्रस्तावित भक्तिमार्ग सुषुप्ति चेतनालाई, प्राकृत लमजुङ | ६ + १७ (दिपदिय श्लोक) + ११ + १० + ६ + ५ + ८ + ११ + १२ + १४ + ११ + ५ + ७ + ७ = १०४ चतुष्पदी (१७ द्विपदिय) कविता संख्या १४ |
| शिखरिणी | चाहना, नयाँ वर्ष, शुभेच्छा, गाहस्थ चर्चा, स्व. दाजु तारानाथमा क्षमाप्राथना स्व. मामा बद्रीनाथको सम्झना, आमा परमात्मा | ८ + ५ + ६ + ७ + ४ + ५ = ३५<br>कविता संख्या ६ |
| मन्दाक्रान्ता | सम्मति, स्याङ्जा-नुवाकोट : ऐतिहासिक झलक, कविशिरोमणिको सम्झनामा, प्रवासीको पत्र, पृथ्वीका चिन्तन, यो हो भूस्वर्ग | ५ + १३ + १२ + १७ + ४ + १२ = ६३<br>कविता संख्या ६ |
| उपजाति | उर्वर जीवन, चिरञ्जीव अन्तरङ्ग, विवेकको हत्या, स्व. दाजु सूर्यनाथ सुवेदीप्रति श्रद्धाञ्जलि, चाहिन्छ झुप्राहरूमा विकास, आजको सङ्कल्प, पत्राचार प्रसङ्ग | १० + १० + ११ + १२ + १३ + १० + १० = ७५ कविता संख्या ७ |
| वसन्ततिलका | लाग्दै छ हेर अहिले झलमल्ल घाम खै कष्टपूर्ण किन हो अझ जिन्दगानी सौन्दर्यको टक | ४ + ६ + ७ = १७ कविता संख्या ३ |
| गीति | शुभेच्छा, उद्योगी बनी स्वदेशी वस्तु प्रयोगमा बढाऊँ, स्व. सूर्यकान्त अधिकारीसँगको वियोग, विरक्त अवस्थाका गन्धन, डिलको चौतारी, प्राकृतघटा | ६ + ६ + ११ + ८ + ४ + ५ = ४०<br>कविता संख्या ६ |
| द्रुतविलम्वित | प्रसङ्ग पुष्पाञ्जलि | श्लोक संख्या १४ |

| | | |
|---|---|---|
| | | कविता संख्या १ |
| पृथ्वी | सवौदय रजतसन्दर्भ, कुन गरिबको धनी | ६ + ५ = ११<br>कविता संख्या २ |
| स्वागता | सात साल अघि र पछि | श्लोक संख्या १३<br>कविता संख्या १ |

'सरलको यिनै कविताहरूको सङ्ग्रहलाई संरचना, विषयवस्तु, प्रकृति चित्रण धार्मिक, संस्कृति र आध्यात्मिक चित्रण, ग्राम्य जनजीवनको चित्रण, राष्ट्रियता र देशप्रेम, सामाजिक विकृति र विसङ्गतिको चित्रण, भावविधान, लयविधान, बिम्ब प्रतीक अलङ्कार विधान र भाषाशैलीको आधारमा विश्लेषण गरिएको छ ।

## ४.२.१ संरचना

कुनै पनि रचना तथा सङ्ग्रहको संरचना भन्नाले त्यसको आन्तरिक र बाह्य आकार भन्ने बुझिन्छ । रचनाको बनाटवट देखि लिएर सिङ्गो सङ्ग्रहको निर्माण संरचना हो । कविता कृतिको बाह्य संरचना त्यसका लयात्मक खण्ड/गण र विश्राम भई पाऊँ चरण वा पङ्क्तिपुञ्जसँगै थालिन्छ । त्यस्तै प्रत्येक कृतिको आफ्नो संरचना हुन्छ । यो विना कृतिको निर्माण हुनसक्दैन । यस कविता सङ्ग्रहको संरचना भन्नाले यसमा सङ्कलित कविताहरू र यिनैबाट निर्मित सिङ्गो सङ्ग्रहको आकार भन्ने हुँदा यस सङ्ग्रहका कविताहरूलाई हेर्दा बाह्य संरचनामा सबै पद्यलयलाई आत्मसाथ गरी आवश्यकता अनुसार अनुच्छेदहरूको लयगत विस्तारका साथै कथनगत विस्तार पनि रहेको छ ।

यस सङ्ग्रहभित्र 'सरल' का सत्तरी वटा शीर्षकमा छन्दोमय एवम् गीति कविताहरू सङ्कलित छन् । कविताका छन्दमा मन्दाकान्ता, पृथ्वी, शार्दूलविक्रीडित, इन्द्रबज्रा, वियोगिनी, अनुष्टुप, उपजाति, द्रुतविलम्बित आदि छन्द रहेको पाइन्छ ।

## ४.२.२ विषयवस्तु

स्रष्टाले आफूले देखे भोगेका र अनुभूति गरेका जीवन र जगतका विविध विषयलाई टिप्दै त्यसकै केन्द्रीयतामा कविता रचना गरेको हुन्छ । कुनै एक विषयलाई लिई

त्यसको भावस्पर्शले आफ्नो मनोलोकमा उब्जिएको अनुभव र अनुभूतिलाई शब्दद्वारा उद्घाटन गर्दा आफ्ना भावनात्मक तरङ्गहरूको लयात्मक अभिव्यक्ति प्रस्तुत हुन जाँदा कविता सृजना हुन्छ ।

कवि 'सरल' ले पनि यस कविता सङ्ग्रहमा आफ्नो जीवन जगत्का अनुभव र भोगाइका क्रममा आइपरेका समस्या तथा चुनौतीहरूलाई कविताको माध्यमद्वारा व्यक्त गरेका छन् । यस कविता सङ्ग्रह भित्र सङ्कलित कविताका शीर्षकहरूलाई विषयगत आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

**श्रद्धाञ्जलीसँग सम्बन्धित कविताहरू**

'सरल' को यस कविता सङ्ग्रह भित्रका धेरैजसो कविताहरूमा श्रृद्धाञ्जलीभाव व्यक्त भएको पाइन्छ । उनका यस सङ्ग्रह भित्रका कविताहरूमा 'आमा परमात्मा', 'आमाको सम्झना', 'धर्मप्रचारक पण्डित', 'आदर्श पुरुषको सम्झना', 'चिसङ्कुबाट झुल्केका तारालाई', 'राष्ट्रनिर्माता प्रति', 'पृथ्वीको चिन्तन', 'श्रद्धाञ्जली', 'विनम्र श्रद्धाञ्जली', 'क्षमाप्राथना', 'साहसीको सम्झना', 'भाइ हरिको सम्झना, 'माधव घिमिरे प्रति', आदि श्रद्धाञ्जलीसँग सम्बन्धित कविताहरू हुन् । यसका केही उदारणहरू तल प्रस्तुत गरिएको छः

"आमा जानुभयो अनन्त पक्षमा हा दैव ! यो के भयो
हाँगा वा फल छुट्टिए रुख ढल्यो संसार यस्तै छ यो ?
आई क्यै परबाट निज घरमा आमा म भन्थें गयो
ढोक्दा पावन पाउमा शुभ हुने सौभाग्य मेरो गयो ।"

(आमाको सम्झना, श्लोक १)

प्रस्तुत कवितामा आफ्नी आमाको सम्झनामा कविले श्रद्धाञ्जली व्यक्त गरेको पाइन्छ । प्रस्तुत श्लोकमा कविले रुख ढल्दा हाँगा र फल जसरी छुट्टिन्छ, त्यसरी नै उनकी आमाको स्वर्गे भएपछि आफू पनि आमाबाट छुट्टीएको भाव गरेका छन् ।

**क)	उपदेशमूलक**

'सरल' का 'सिर्जनाको धुन' कविता सङ्ग्रहका कविताहरूमा केही उपदेशमूलक कविताहरू पनि रहेका छन् । जस्तै : 'परसेवामय राख जीवन', 'नित्यकर्म प्रसङ्ग', 'चाहना', 'सरलालाई सौगात', 'गार्हस्थ्य चर्चा', 'सम्बन्धित सँग' आदि कविताहरूमा उपदेशमूलकता पाइन्छ जस्तै केही उदाहरणहरू:

"आफ्ना आदरणीय पूज्य जति छन् मातापिता आदिमा
गर्नू ढोग विनम्र भै त्रुटि नहो सेवा र सम्भनमा
श्रद्धाले मनभित्र आस्तिकपना जागा रहोस् नूतन
आफ्नै शुद्ध चरित्र सार्थक हुने चेष्टाम रहोस र्ध्दम ॥"

(नित्यकर्म प्रसङ्ग, श्लोक ३)

यस श्लोकमा 'सरल' ले आफ्ना आदरणीय आफूले मान्नु पर्ने मान्यजनहरूमा श्रद्धा, सम्मान गर्नु पर्छ भन्ने उपदेश दिएको पाइन्छ ।

"मनले शुभ कल्पना गरी
दिलमा आस्तिक भावना भरी,
सब नित्य उदार भैदिए
पछिकाले गुण गाउने थिए ।"

(परसेवामय राख जीवन, श्लोक १)

यस श्लोकमा कविले मनले राम्रो सोचेर राम्रो भावना मनमा लिएर उदार स्वभाव बनाए सबैले गुणगान गाउँछन् भन्ने उपदेश दिएका छन् ।

**ख) प्रकृति - भूगोल-इतिहाससम्बद्ध**

यस कविता सङ्ग्रहका कविताहरूमा प्रकृतिभूगोल-इतिहाससम्बद्ध कविताहरू पनि रहेका छन् । जसका केही उदाहरणहरू निम्न छन् : शारदी शोभा, प्राकृत लमजुङ, यो हो लमजुङ, यो हो भूस्वर्ग, स्याङ्जा नुवाकोट ऐतिहासिक झलक, प्रस्तावित भक्तिमार्ग, स्मरणीय तिथि, सातसाल अघि र पछि आदि कविताहरूमा प्रकृति-भूगोल-इतिहास सम्बद्ध कुराहरू उल्लेख गरिएको छ जस्तै :

"साहसीहरूमा नित्य परमेश्वर बोल्छ रे
कुनै काम तिमी आँट म पुऱ्याउँछु भन्छ रे ।
बुझाई धर्मको मर्म सनातन पुरातन

यहाँ हुनुपरेको छ आदर्श मार्गदर्शन ॥"

(सुषुप्ति चेतनलाई, श्लोक १)

साहसीहरूमा नित्य परमेश्वरको बास हुन्छ । राम्रो काम गर्ने मानिसलाई परमेश्वरले नै मार्ग दर्शन गर्दछन् भन्ने भाव यस श्लोकमा रहेको छ ।

"दायाँ बायाँ दुवैतर्फ सीमाबद्ध बनीकन

मादी-चेपे बगेका छन् पूर्व-पश्चिम शोभन ।

उत्तरी साँध ती भीर-पहराले सजाउँछन् ।

दक्षिणी साँधमा रिस्ती-नाउँदी कल्कलाउँछन् ॥"

(प्राकृत लमजुङ, श्लोक २)

प्रस्तुत श्लोक लमजुङको प्राकृत सौन्दर्यको वर्णनमा आधारित रहेको छ । लमजुङ जिल्ला प्राकृतिक सौन्दर्यले धनी जिल्लाको रूपमा कविले वर्णन गरेका छन् । यस जिल्लाको पूर्वमा मोदी नदी पश्चिममा चेपे नदी तथा उत्तरी साँधमा भीर पहराले सजिएको छ र दक्षिण पट्टी रिस्ती-नाउँदी कल्कलाउँछन भन्दै लमजुङको प्राकृतिक सौन्दर्यको वर्णन गरेका छन् ।

"गाई घुम्ने त्यस समयका वीरका शुद्ध गाना
दायाँ बायाँ अझ छ उनका वाटिकाको निसाना ।
यस्ले आशाप्रद समयको सन्सनी ल्याउनेछ
निर्माताको अतुल पसिना यादमा आउनेछ ॥"

(स्याङ्जा-नुवाकोट : ऐतिहासिक झलक, श्लोक १०)

प्रस्तुत श्लोकमा कविले लमजुङ जिल्लाको ऐतिहासिक महत्त्वको वर्णन गरेका छन् । लमजुङ जिल्लामा लमजुङे राजाको पालामा वीर योद्धाहरूले गाउने गाना तिनीहरूको वाटिकाहरू तथा पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्दाको समयमा गरेको परिश्रमको झलक अझै आउने निसानहरू त्यहाँ रहेको कुरा उल्लेख गरेका छन् ।

## धर्मदर्शन–संस्कृतिमूलक

'सरल' को यस कविता सङ्ग्रह भित्रका केही कविताहरू धर्मदर्शनसँग पनि सम्बन्धित रहेका छन् । जसमा 'धार्मिक चिन्तन', 'अदृष्ट शक्ति', 'सुषुप्ति चेतनलाई' आदि कविताहरूमा यस्तो भाव पाइन्छ । यसैका केही श्लोकहरूलाई पनि यसरी हेर्न सकिन्छ । जस्तै :

"कथा पुराणको नित्य चर्चा चल्छ खुला जहा
सम्पूर्ण तीर्थ आएर बस्तछन् सर्वदा त्यहाँ ।
यस्तो सौभाग्यको मौका मिली राखोस् सधै भरि
गुञ्जियोस् परमात्माको गुवकीर्तन बेसरी ॥"

(धार्मिक चिन्तछन, श्लोक ३)

प्रस्तुत श्लोकमा कविले कथा पुराणको सधै चर्चा चल्ने ठाउँमा सधैभरी भगवान्को बास भएको हुन्छ भन्ने भाव प्रस्तुत श्लोकमा व्यक्त गरेका छन् ।

"रम्छे आत्म सुखाय दीनहरूमा सेवा र उद्धारमा
बन्छे स्वच्छ पराग फूलहरूका फैलेर संसारमा ।
टल्कन्छे वन-कुञ्जका तरूलता वा फूलका पप्रमा ।
खेल्छे शीत पवित्र विन्दुहरूमा डाकी प्रभाती नयाँ ॥

(अदृष्ट शक्ति, श्लोक ५)

यस श्लोकमा कविले दीनदुखिहरूको सेवा गर्दा मनामा आनन्दको लहर छाउँछ । जसरी फूलहरू फूलेर स्वच्छ, सफा, सुन्दर देखिन्छ त्यसरी नै मनमा एउटा मिठो भाव उत्पन्न हुन्छ भन्ने कुरा व्यक्त गरेका छन् ।

## विविध

यस कविता सङ्ग्रह भित्रका अन्य कविताहरूमा सम्मति, प्रवासीको पत्र, पत्नी यसो भन्छिन्, सर्वोदय रजत सन्दर्भ, उच्चशिक्षा गुरू र शिष्य, राष्ट्रिय झण्डा, मिलनको शुभेच्छा

नयाँ वर्ष शुभेच्छा, केही उद्गार केही सन्देश, सत्य युग आयो भने, चिरञ्जीवी अन्तरङ्ग, शान्ति स्वर्ण दिशातिर, छात्रजीवन, युवकको अर्न्तध्वनि आदि रहेका छन् । यी विषयगत आधारमा रहेका विभिन्न विषयका कविताहरू हुन् ।

सरलले आफ्नो कवितामा प्रयोग गरेका विषयवस्तुलाई तल प्रस्तुत गरिएको छ ।

## ४.२.२.१ प्रकृति चित्रण

मानवजाति प्रकृतिसँग अटुट सम्बन्ध भएको प्राणी हो । त्यसैले प्रकृतिबाट टाढा कोही पनि वस्न सक्दैन भनेझैं 'सरल' का कवितामा पनि प्रकृतिको चित्रण छिटपुट रूपमा भएको पाइन्छ । यदुनाथका कवितामा प्रकृतिलाई आलम्बन र उद्दीपन दुवै रूपमा ग्रहण गरिएको पाइन्छ । 'शारदी शोभा' शीर्षक कवितामा प्रकृतिको चित्रण यस्तो रूपमा गरिएको छ :

"वर्षालाई गरी बिदा शरदका ती घामछाया खुले
निस्की धान विभिन्न चारू रथमा खेली बयेली झुले
सीमाबद्धछ बने समस्त सरिता झर्ना अद्योवाहिनी
सिर्जेको छ यथेष्ट दृष्टि-पथमा धर्ती मनोहारिणी ॥"

(शारदी शोभा, श्लोक ३)

प्रस्तुत श्लोकमा कविले वर्षा ऋतु र शरद ऋतुको चर्चा गर्दै वर्षा ऋतु समाप्त भएपछि शरद ऋतुको आगमन सँगै धानबाली खेतमा झुल्ने समयको चर्चाका साथै नदी नालाहरू पनि वर्षामा जस्तो ठूलो स्वरूपमा बग्ने नगरी साना स्वरूपमा बग्ने गर्दछन् भन्दै यस कवितांशमा कविले प्रकृतिको सुन्दर चित्रण गरेका छन् ।

त्यस्तै गरी कविले लमजुङ जिल्लाको प्राकृतिक सौन्दयको वर्णन गर्ने क्रममा लमजुङ जिल्लाका विभिन्न संस्कृतिक, धार्मिक तथा ऐतिहासिक स्थलहरूको पनि चर्चा गरेका छन् । 'सिर्जनाको धुन' कविता सङ्ग्रह भित्र सङ्ग्रहित 'प्राकृत लमजुङ' शीर्षकको कवितामा पनि यो भाव पाउन सकिन्छ । जस्तै :

“खाँचो फाँचो यहाँ छैन सबै कोट्याउँछन् गर ।

खतबारी यहाँका छन् हराभरा र उर्वरा ।

विषका माझमा धन्य विद्यमान छ निर्विसी

कस्तुरी मृग सौगन्ध भर्छन त्यै कुञ्जमा बसी ॥”

(प्राकृत लमजुङ, श्लोक ४)

प्रस्तुत श्लोकमा ‘सरल’ ले लमजुङ जिल्लाको प्राकृतिक सौन्दर्यको वर्णन गरेका छन् । साथै कविले लमजुङका खेतबारी उर्वरा हराभरा छन् कस्तुरी मृग सुगन्ध छर्दछन् यिनै वनकुञ्जमा बसी भनेर कविले वर्णन गरेका छन् ।

त्यस्तै गरी ‘प्राकृत छटा’ शीर्षक कवितामा पनि कविले प्रकृतिको सुन्दरताको सुन्दर चित्रण गरेका छन् । जसलाई प्रस्तुत श्लोकबाट देखाउन सकिन्छ :

“सुन्दर दृश्य सदैव देख्न चाहन्छ आँखाले

मधुर स्वर गुञ्जेको सुन्न चाहन्छ कानले

झरेर जाने त्यो फूल हिलो धूलोमा मिल्नेछ

सुन्दर तिम्रो चरित्र सत्य शिवमा मिल्नेछ’

(प्राकृत छटा, श्लोक ५)

प्रस्तुत श्लोकमा कविले मानिसका आँखाले सदैव सुन्दर चिज देख्न चाहन्छ साथै कानले सधैं मधुर ध्वनि सुन्न चाहन्छ यी सबै कुराको सुन्दर आभाष र सुन्दर दृश्यावलोकन गर्ने एक मात्र ठाउँ लमजुङ हो । जब फूल झरेर माटोमा मिल्न जान्छ जस्तै : सुन्दर चरित्र भएका मानिस सधैं शिव भगवान् जस्तै हुन्छन् भन्दै आँखाले सदैव सुन्दर चिजहरू देख्न चाहन्छन् भन्दै प्राकृतिक सौन्दर्ययुक्त ठाउँमा मात्र यी कुरा सम्भव भएकाले कविले लमजुङ जिल्लाको सुन्दर प्राकृतिक छटाको वर्णन गरेका छन् ।

प्राकृतिक सौन्दर्यको सुन्दर वर्णन गरिएको कवि यदुनाथ सरलको अर्को एउटा कविता 'सौन्दर्यको टक' शीर्षकमा व्यक्त भएको पाइन्छ । यसका केही उदाहरण तल दिइएको छ :

"बेसी र लेक वन पर्वत कन्दरामा
आस्था जगाइकन सुन्दर सिर्जनामा,
भूस्वर्ग पर्यटकको दिलले चितायो
सौन्दर्यको टक परी मन यो रसायो ।"

(सौन्दर्यको टक, श्लोक ६)

प्रस्तुत शलोकमा कविले लमजुङ जिल्लाको प्राकृतिक सौन्दर्यको वर्णन गर्दै यसको पर्यटकीय स्वरूपले पनि सुन्दरताको वर्णन यस कविताका माध्यमबाट कविले दर्शाउन खोजेका छन् ।

### ४.२.२.२ धार्मिक आध्यात्मिक र सांस्कृतिक चित्रण

यदुनाथ 'सरल' धार्मिक व्यक्तित्व भएको हुँदा उनले आफ्ना कविताहरूमा धार्मिक भावको झ-झल्को समेत दिएका छन् । जसमा उनका यस सङ्ग्रह भित्र रहेका निम्न कविताहरूले धर्म दर्शनलाई चित्रण गर्छनः 'धार्मिक चिन्तन', 'सुषुप्ति चेतनलाई', 'अदृष्ट शक्ति', आदि । कवि 'सरल' मानवजाति देवताभन्दा पनि शक्तिशाली भएको स्वीकार्दै आफ्नो मातृभूमिलाई मन पर्दो स्वर्ग सम्झन्छन् । कवि कामरूपी बादललाई पनि आफ्नै देशको अनुकुल बन्ने सल्लाह दिन्छन् । कविले 'सुषुप्ति चेतनलाई' शीर्षक कवितामा यसो भन्छन् :

"देवता बन्न चाहन्नौं हामी मानव बन्नु छ
हामी स्वर्ग चिताउन्नौं यहीँ स्वर्ग बसाल्नु छ ।
ए बादल । तिमी बर्स हाम्रा बारी र खेतमा
कोइलीले सदा गाओस् एकता-गीत लेकमा ॥"

'सुषुप्ति चेतनलाई', (श्लोक-४)

कवि 'सरल' को यस कविता सङ्ग्रहको कविताहरूमा पाइने धार्मिक भाव झल्काउने अर्को एउटा कविता 'धार्मिक चिन्तन' हो । जसलाई प्रस्तुत श्लोकमा यसो भनिएको छ :

"साहसीहरूमा नित्य परमेश्वर बोल्छ रे
तिमी आँट कुनै काम म पुऱ्याउँछु भन्छ रे ।
त्यही उत्प्रेरणा पाई भक्तिभाव यहाँ उठ्यो
के के चाहिन्छ त्यो सारा सहयोग मिली, जुप्यो ॥"

'धार्मिक चिन्तन' (श्लोक ४)

प्रस्तुत श्लोकमा कविले धार्मिक कथन अनुसार भगवानले आँटेको पुऱ्याउँछन् भन्ने भाव यस श्लोकमा व्यक्त गरेका छन् ।

यदुनाथ 'सरल' को 'सिर्जनाका धुन' कविता सङ्ग्रह भित्रको 'अदृष्ट शक्ति' शीर्षक कवितामा एउटा आध्यात्मिक भाव पाइन्छ । जसलाई निम्न श्लोकले प्रस्टाउने काम गरेको छ :

"रम्छे आत्म सुखाय दीनहरूका सेवा र उद्धारमा
बन्छे स्वच्छ पराग फूलहरूका फैलेर संसारमा ।
टल्कन्छे वन-कुञ्जका तरुलता वा फूलका वत्रमा
खेल्छे शीत पवित्र विन्दुहरूमा डाकी प्रभाती नयाँ ॥

(अदृष्ट शक्ति, श्लोक ५)

यस श्लोकमा कविले आफ्नो मनको सुःख शान्तिको लागी गरिब दुःखीहरूको सेवा गर्नु पर्छ । निस्वार्थ सेवाभाव राख्नु पर्छ भन्ने सन्देश दिन खोजेको पाइन्छ । जसलाई हामी कविमा रहेको प्राकृतिक मोह र आध्यात्मिक भाव भन्न सक्छौं ।

### ४.२.२.३ ग्राम्य जनजीवनको चित्रण

यदुनाथ 'सरल' को यस कविता सङ्ग्रहमा सङ्ग्रहित धेरैजसो कविताहरूमा आफ्नै गथन र मनोभाव रहेको पाइन्छ । कविले यस कविता सङ्ग्रहमा रहेका केही कविताहरूमा ग्राम्य जनजीवनको चित्रण पनि गरेका छन् । कविले आफू ग्रामीण परिवेशमा हुर्के बढेको आफ्नो आँखाले देखे भोगेको ग्रामीण जनजीवनको सुख-दुःख आदि इत्यादी कुराहरूलाई कविताका माध्यमबाट दर्शाउन खोजेका छन् । जसका केही उदाहरणहरू तल दिइएका छन् :

"पुरातन विचारले बल दिने जमाना गयो
नयाँ युग सुहाउँदो स्थिति समाज पेसा भयो ।
किटान नहुने भयो नियत कर्म यो हो भनी
भनूँ म कसरी यहाँ कुन गरिब को हो धनी ?"

(कुन गरिब को हो धनी, श्लोक १)

प्रस्तुत श्लोकमा कविले पुरातन रूढिवादी परम्परालाई त्यागेर नयाा युग सुहाउँदो समाज आह्वान परिवर्तनको पनि गरेको पाइन्छ । समाजमा को गरिब छ को धनी छ सबै एक समान भएर बस्नु पर्छ भन्ने सन्देश पनि प्रस्तुत कवितामा व्यक्त गरेका छन् ।

'सरल' को कविता सङ्ग्रहमा रहेका अन्य कविताहरूमा पनि ग्रामीण जन जीवनको चित्रण गरेको पाइन्छ । गाउँका सोझा जनतालाई जगाई गाउँघरमा विकास चाहिन्छ भन्ने भाव उनको 'चाहिन्छ झुप्राहरूमा विकास' शीर्षक कवितामा पाइन्छ । जस्तै :

"सुषुप्त सोझा जनता जगाई
सिँगार गाउँघर बस्तिलाई,
यो मित्रको सम्मति सम्झ खास
चाहिन्छ झुप्राहरूमा विकास ।"

(चाहिन्छ झुप्राहरूमा विकास, श्लोक १)

प्रस्तुत श्लोकमा कविले लाटा सोझा जनताहरूलाई जगाई गाउँ बस्तीमा राम्रो वातावरण बनाउनु पर्छ, गाउँको विकासमा पनि चाँसो देखाउनु पर्छ भन्दै सम्बन्धित वर्गलाई सचेत गरेका छन् साथै उनले सहरमा मात्र नभएर गाउँमा पनि विकास चाहिन्छ भन्ने भाव व्यक्त गरेका छन् ।

'सरल' को यस कविता सङग्रह भित्रका कविताहरूमा ग्रामीण परिवेशका मानिसहरूले भोग्नु परेको पिर व्यथा समस्याहरूको चित्रण गर्नुका साथै यस सङ्ग्रह भित्रका केही कविताहरूमा पहाडी जीवनको बाटो उकाली, ओराली आदि कुराहरूको चर्चा पनि उनको कविताहरूमा पाइन्छ । यसका केही उदाहरणहरू :

"ओर्लेनी पुगी सम्पूर्ण पुछी पसिना खल्खली
मेटाऊ प्यास धाराको पानी पिएर कल्कली ।
चौतारी माथि क्यै बेर बसी थकाइ भेटेर
उठेर हिँड पुगिन्छ साथी उकाली कटेर ॥"

(डिलको चौतारी, श्लोक १)

प्रस्तुत श्लोकमा कविले पहाडी जन जीवनको चर्चा गरेका छन् । पहाडी परिवेशमा प्रायः जसो उकालो ओरालो हिड्नु पर्ने हुनाले साथै कडा परिश्रम गर्नुपर्ने हुनाले चौतारीमा बसेर थकाइ मेट्ने गरिन्छ भन्ने भाव यस श्लोकमा पाइन्छ ।

कवि 'सरल' ले आफ्ना कविताहरूमा गाउँले जन-जीवनको राम्रो चित्रण गरेको पाइन्छ । कवि आफूले पनि गाउँमा नै बसेर धेरै समय बिताएका र गाउँले जीवनको बारेमा धेरै जानकारी पनि भएकाले उनले आफ्नो कवितामा ग्राम्य जन-जीवनको राम्रो चित्रण गरेका छन् ।

### ४.२.२.४ राष्ट्रियता र देशप्रेम

यदुनाथ 'सरल' को धेरै जसो कविताहरूमा देशप्रेमको भावना जागृत भएको पाइन्छ । उनका कविताको मुख्य विषयवस्तुको रूपमा राष्ट्रियता तथा देशप्रेमको भावना पाइन्छ । राष्ट्रप्रेमको भावना बोकेका कविका केही कविताहरूका श्लोकहरू निम्न छन् :

"पृथ्वीनारायण जब उता गोरखामा उदाए
उन्कै बल्दो रणकुशलता सामु ती हार खाए ।
साना किल्ला जब सब लिए देश भो यो विशाल
जस्ले गर्दा विलयन भयो चौबिसी राज्यकाल ॥"

(स्याङ्जा-नुवाकोटः ऐतिहासिक झलक, श्लोक ११)

प्रस्तुत श्लोकमा कविले पृथ्वीनारायण शाहले गोरखामा राज्य गरेर बसेको बेलामा उनले चालेको नेपाल एकीकरण गर्ने अभियान सफल भयो र बाईसे चौबिसे राज्यहरू सिङ्गो देशको रूपमा परिणत भएको कुरालाई उजागर गरेका छन् । साथै पृथ्वीनारायण शाहको रणकुशलता सामु सवै राजा रजौटाहरूले घुडा टेक्नु परेको थियो भन्ने भाव पनि प्रस्तुत श्लोकमा पाइन्छ ।

पृथ्वीनारायण शाहको नेपाल एकीकरणको कुरालाई प्रस्तुत गरेर कविले आफू भित्र भएको राष्ट्रप्रेमलाई पनि दर्शाउन खोजेको कुरा प्रस्तुत श्लोकमा झल्किएको छ ।

कवि यदुनाथ 'सरल' को अन्य कविताहरूमा पनि राष्ट्रप्रेम झल्किएको पाइन्छ । कविले आफ्नो सम्पूर्ण कामकाज एउटा सरकारी कर्मचारी भएर गरेका हुनाले कतै न कतैबाट हामी भन्न सक्छौं कि उनी एउटा राष्ट्रसेवक पनि हुन् भनेर । प्रस्तुत कवितांशमा पनि राष्ट्रियता झल्किएको छ :

"कर्मवाद सबमा लहराओस्
तुच्छ याद यसतर्फ नआओस,
वर्तमान यही गर्छ इसारा
जाग देश-हित-चिन्तक सारा ।

(सात साल अघि र पछि, श्लोक १३)

प्रस्तुत श्लोकमा कविले देशको भलो चाहने देश विग्रेको होइन सप्रेको हेर्न चाहने देशप्रेमी कर्ममा विश्वास गर्ने मानिसलाई वर्तमान समयमा राष्ट्रसेवकको रूपमा अगाडि बढ्न आग्रह गरेका छन् । त्यसैले पनि उनलाई राष्ट्रप्रेमी तथा राष्ट्रियताको भावना भएका कविको रूपमा लिन सकिन्छ ।

'सिर्जनाका धुन' कविता सङ्ग्रह भित्रका 'आजको सङ्कल्प' शीर्षक कवितामा पनि कविले राष्ट्रियता र राष्ट्रप्रेम झल्कने खालका श्लोकहरू लेखेका छन् । जस्तै :

'शहीदको सुस्मृतिमा नुहेर

सच्चा प्रतिज्ञा मनमा लिएर,

कर्तव्य साथ अधिकारभित्र

प्रकाश पारौँ शुभ-सच्चरित्र ।

(आजको सङ्कल्प, श्लोक ६)

प्रस्तुत श्लोकमा कविले राष्ट्रको लागि आफ्नो ज्यान दिने अमर, वीर सहिदहरूको सधै सम्झना गरी राख्नु पर्छ साथै एउटा सच्चा प्रतिज्ञा मनमा लिएर निस्वार्थ भावनामा आफ्नो कर्तव्य पुरा गर्नुपर्छ देशको लागि केही गर्न आफू सदैव अघि बढ्नु पर्छ भन्ने सन्देश दिएका छन् । त्यसैले पनि उनमा राष्ट्रियता सम्बन्धमा बढी चासो देखा परेको पाइन्छ ।

## ४.२.२.५ सामाजिक विकृति र विसङ्गतिको चित्रण

यदुनाथ 'सरल' आफू स्वयं पनि सामाजिक विसङ्गति र विकृति प्रति खुलेर विरोध गर्ने भएकाले यो भाव उनका कविताहरूमा आउनु पनि स्वभाविकै हो । उनले आफूलाई सामाजिक रूढिवादी कुप्रथाको विरूद्धमा उभ्याएको कुरा स्पष्टरूपमा अगाडि नै चर्चा गरिएको छ । उनी सामाजिक कु-प्रथाको खुलेर विरोध गर्ने क्रान्तिकारी स्वभाव भएका

व्यक्ति पनि हुन् त्यसैले उनका कविताहरूमा पनि यस्तो भाव पाइनु स्वभाविकै हो । जस्तै :

"देखिन्छन् कति दिनहीन निमुखा सच्चा र सोझा
कोही शोषक धूर्त चोर ठग छन् धेरै छिपेका यहाँ यहाँ ।
केलाएर विभिन्न हालत अझै हुन्थ्यो सुधारी दिए
के भन्ने र कथा-व्यथा हृदयका सुन्दै नसुन्ने भए ॥

(के भन्ने र ?, श्लोक १)

प्रस्तुत कविता श्लोकमा कविले सोझा, गरिब निमुखालाई शोषक, धूर्त प्रवृत्तिका मानिसहरूले ठग्ने, शोषण गर्ने परम्पराको विरोध गरेका छन् । उनको यो कवितांशमा यस्ता समाजमा देखिने विकृति विसङ्गतिको हामीले खुलेर विरोध गर्नुपर्छ भन्ने भाव पनि झल्किएको पाइन्छ । कविको सामाजिक, विकृति विसङ्गतिको चित्रण गर्ने प्रवृत्ति यस कवितामा झल्किएको पाइन्छ ।

"सन्तोषिलो उन्नति क्यै भएन
यथार्थ मूल्याङ्कन भै दिएन,
परिश्रमीको कदरै भएन
हीरा र कीरा तह छुट्टिएन ।"

(विवेकको हत्या, श्लोक २)

प्रस्तुत श्लोकमा कविले आफू जागिरे जीवन विताउँदा जति कडा मेहनत र परिश्रम गरेता पनि सही मूल्याङ्कन हुन नसकेको गुनासो व्यक्त गरेका छन् । कविले आफूले जागिरे गर्दाको समयमा आफ्नो परिश्रमको कुनै कदर नभएको तथा ठूला-वडा हामिक भनाउँदाहरूले आफ्नो राम्रो मूल्याङ्कन नगरेको कुरा दर्शाएका छन् । यो पनि एउटा विकृति नै हो जसको चर्चा कविले आफ्ना कविताहरूमा गरेका छन् ।

"लेखी भोक र रोगका सब कुरा यो क्रान्ति चर्काउँदै

सारा बाँच्न सकून् प्रफुल्लित भै यो भूमि चम्काउँदै
राँको भैकन दन्किदे कलम ए ! अन्याय सारा जला
भत्का शोषकका तिनै महलको सम्पूर्ण कालो कला"

(साहसी कलम, श्लोक ४)

प्रस्तुत श्लोकमा पनि कविले क्रान्तिकारी भावना व्यक्त गरेका छन् । कविले रोग र भोकले पीडित गरिब जनता हाँसि खुसि बाच्न पाउन साथै अन्याय र अत्याचारको मारमा जनता पर्न नपरोस्, शोषकको हाँतबाट सबै पीडित उम्कन सकुन भन्दै यस्तो विकृतिको चित्रण गर्ने काम कविले गरेका छन् ।

समाजमा रहेको विकृति र विसङ्गतिको राम्रो चित्रण गरिएको उनको एउटा उत्कृष्ट कविताको रूपमा यस कवितालाई लिन सकिन्छ ।

"बाघभालु जङ्गली जनावर के हो र ?
मान्छे उल्का भैसके घातक र तस्कर
अझै कति खराबी देख्न र सुन्न पर्ने हो ?
कुचेष्टा र कुतर्क अन्त्य कैले हुने हो ?

(विरक्त अवस्थाका गन्धन, श्लोक ७)

यस कविताको श्लोकमा पनि कविले हाम्रो देश नेपालमा देखिएको सामाजिक विकृति र विसङ्गतिको चित्रण गरिएको छ । प्रस्तुत श्लोकमा कविले जङ्गली जनावरको भन्दा आजभोलि मानिसहरू मानिसहरूसँग डराउनु पर्ने कुराको उल्लेख गरेका छन् । यस कवितामा कविले आफ्नो समाजमा देखिएका विकृति विसङ्गति तथा लुटपाट, चोरी आदि जस्ता घटनाहरूको चित्रण पनि गरेका छन् । यदुनाथका धेरैजसो कवितामा सामाजिक विकृति तथा विसङ्गतिको चित्रण गरिएको पाइन्छ ।

"सुषुप्त सोझा जनता जगाई
सिंगार गाउँघर बस्तिलाई,

यो मित्रको सम्मति सम्झ खास

चाहिन्छ झुप्राहरूमा विकास ।

(चाहिन्छ झुप्राहरूमा विकास, श्लोक १)

प्रस्तुत कविता श्लोकमा कविले देशको विकास गर्नु छ भने सबैभन्दा पहिले गाउँघरका सोझो जनता अगाडिलाई बढाउनु पर्छ । देशको विकास गर्नुछ भने गाउँघरका झुपडीहरूमा सबैभन्दा पहिले विकास गर अनि मात्रै देशको विकास हुन सक्छ भन्ने भाव व्यक्त गरेका छन् । यस कविताका माध्यमबाट कविले सहर मुखि प्रवृत्तिको विकास भैरहेको हाम्रो समाजमा गाउँघर सधै पछाडि परेको देखिन्छ त्यसैले कविले यस्तो भावना आफ्नो कविता मार्फत् व्यक्त गरेका छन् ।

"कुनै अति उदार छन् मिलनसार उस्त गुनी

कुनै अतिकठोर छन् कृपण कञ्जुसै बैगुनी ।

परस्पर अटाउँछन् उभयपक्षका जीवनी

भनूँ म कसरी यहाँ कुन गरिब को हो धनी ?

(कुन गरिब को हो थनी, २ श्लोक)

माथिको श्लोकमा कविले हाम्रो समाजमा देखिने मानिसहरू कोही धनी छन् कोही गरिब, कोही मिलनसार र उद्धार स्वभावका छन् भने कोही अति कठोर कञ्जुस छन् भनेर मानिसको स्वभावको चित्रण गरेका छन् ।

हाम्रो समाजमा देखिने हरेक प्रकारका मानिस र तिनको आचरण र स्वभावको चित्रण उनले यस कवितांशमा गरेका छन् । साथै कविले यस कविताको शीर्षक 'कुन गरिब को हो धनी' बाट पनि थाहा हुन्छ की कविको नजरमा सबै मानिस एक समान छन् । कविले हाम्रो समाजमा धनी र गरिब बीच देखिने मतभेदको चित्रण यस कविता मार्फत गरेका छन् । कविले उनका धेरैजसो कविताहरूमा हाम्रो समाजमा देखिने रुढिवादी परम्परा तथा ठूला व्यक्तिले सानालाई गर्ने व्यवहार तथा हाम्रो समाजमा भएका भिन्न स्वभावका मानिसहरू कोही धनी छन् कोही गरिब, कोही उदार र मिलनसार छन् भने

कोही अति कन्जुस र बैगुनी छन् । कविले यस्तो प्रवृत्तिको चित्रण यस कवितामा गरेका छन् ।

### ४.२.३ भावविधान

कविताको मुख्य तथा अनिवार्य तत्त्वको रूपमा भावविधानलाई लिइन्छ । कवि यदुनाथ 'सरल' को यस कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमा भिन्न-भिन्न भाव रहेका छन् ।

यस कविता सङ्ग्रहमा सङ्कलित कविताहरूमा कविले जीवनजगत्का विविध पक्षलाई समेटिएको भए पनि यस सङग्रह भित्रका कविताहरूको मुख्य चुरोस्वरूप केन्द्रीय भाव कथ्य चाहिँ सामाजिक एवम् नैतिक विधान भित्र ग्रामीण जन जीवनका मानिसहरूले भोग्ने समस्या तथा आर्थिक स्थितिका कारण मानिसले भोगेका सामाजिक तथा आर्थिक समस्याको जीवन्त चित्रण पाइन्छ । साथै यसका अतिरिक्त अन्य भावका रूपमा जीवनचिन्तन र प्रकृति चित्रण रहेका छन् ।

कविले सामाजिक, आर्थिक, राजनैतिक विकृतिप्रति व्यङ्ग्य गरी त्यसप्रति विद्रोह गरेका छन् । कविले आफ्ना मनमा उत्पन्न भावलाई सहज रूपमा कवितामा उतारेका छन् । कविले आफ्नो कविताका माध्यमद्वारा समाजमा देखिएका विकृति विसङ्गतिका साथै कवि स्वयम्को जीवन भोगाइका तीता मीठा अनुभवहरूलाई पनि समेट्ने काम गरेका छन् । उनले आफ्नो कविताहरूका माध्यमबाट आफ्नो जीवन भोगाइको क्रममा देखिएका उतार चढावलाई पनि समेट्ने काम गरेका छन् । कवि सरलको यस कविता सङ्ग्रह भएका कविताहरूको केन्द्रीय भाव सुबोध्य र सरल ढङ्गमा प्रकट भएको पाइन्छ ।

## ४.२.३ लयविधान

कविता विधाको मुख्य विधागत परिचायक तत्त्व नै लयविधान हो । 'सरल' का यस कविता सङ्ग्रहको कविताहरू सबै छन्दबद्ध छन् र लय हालेर सजिलै वाचन गर्न सकिन्छ । 'सरल' का कविताहरूमा अन्त्यानुप्रास र छन्दको राम्रो प्रयोग भएकाले उनका कविताहरू लयहालेर सजिलैसँगै वाचन गर्न सकिन्छ जस्तै :

ममा थियो चाख प्रयासले हो
त्यहो दाजुको नै तहबाट हो यो
जो मिल्न आयो फल यो समाऊँ
भेटीसँगै बस्न र बोल्न पाऊँ ।

(पत्राचार प्रसङ्ग, श्लोक ८)

माथिको प्रस्तुत पद्यात्मक कविताांशमा प्रयोग भएको 'उपजाति' छन्द र हो यो, समाऊँ-पाऊँ जस्ता अन्त्यानुप्रास मिलेका शब्दहरूले कवितामा मिठास उत्पन्न भएको छ । छन्दमा भएका कविता र अन्त्यानुप्रास नै लयविधानका परिचायक हुन् ।

यसैगरी अनुप्रासका विविध प्रयोग अन्तरगत कविले प्रयोग गरेको अन्त्यानुप्रासको नमुनाको रूपमा यस कविताांशलाई लिन सकिन्छ -

"शीतका थोपा टल्काइदिने दूबोको मुनामा
लज्जितपना झल्काइदिने आँखाको कुनामा
बिहानी पख उज्यालो ढोका सुस्तरी खोलेर
सृष्टिको पाना सजाइदिने भावना जोरेर'

(प्राकृत छटा, श्लोक २)

यस कविताांशमा मुनामा-कुनामा, खोलेर-जोरेर जस्ता शब्दले कवितालाई लयात्मक बनाएका छन् ।

## ४.२.५ बिम्ब-प्रतीक, अलङ्कार विधान

कवितालाई सशक्त र भावलाई प्रबल बनाउने एउटा विधान भनेको बिम्ब-प्रतीक र अलङ्कार विधान हो । अलङ्कारले कवितामा सुन्दरता उत्पन्न गराउँछ । बिम्ब प्रतीक कविको अन्तर्दृष्टिलाई स्पष्ट पार्न सहयोगी रहन्छन् । कवितामा कविले जीवनजगत्का विविध बिम्ब र प्रतीकहरूको प्रयोग गरी आफ्ना अनुभूतिहरू व्यक्त गरेका छन् । यस कविता सङ्ग्रहका कविताहरूमा पनि कविले भिन्न भिन्न बिम्बहरूको प्रयोग गरी प्रस्तुत गरेका छन् । जस्तै :

"अगाडि जसरी चल्यो अझ बढेर जानेछ यो
विभिन्न जनशक्तिको सबल केन्द्र बन्नेछ यो ।"

(सर्वोदय रजतसन्दर्भ, श्लोक ३)

प्रस्तुत कविताांशमा कविले सर्वोदय विद्यालयलाई सबल जनशक्ति निर्माण गर्ने थलोको रूपमा चिनाएका छन् । कविताको अर्थ र भावलाई गाम्भीर्य बनाउने काम बिम्बले गर्दछ । 'सरल' का केही कवितामा बिम्ब पनि पाउन सकिन्छ । जस्तै :

"चौधेराले कभर गरिँदा भैरवस्थान एक
पूजा गर्ने चलन छ त्यहाँ जातमिल्दो अनेक ।
रानीद्वारा बनिकन उनैको त्यहाँ पोखरी छ
साना देवालय पनि हुँदा दृश्य राम्रो त्यहाँ छ ॥"

(स्याङ्जा-नुवाकोट : ऐतिहासिक झल्क, ६-श्लोक)

माथिको श्लोकमा सांस्कृतिक बिम्ब पाइन्छ । यस श्लोकमा प्रयोग भएको भैरवस्थान, पूजा गर्ने चलन देवालय यी शब्दले सांस्कृतिक झलक दिने भएको हुनाले यस श्लोकमा सांस्कृतिक बिम्ब पाइन्छ ।

"हाम्रो राष्ट्रियता अचेतन सरी गिर्दै गएको थियो
उन्कै काव्यसुधा पिई अमरता पायो नमर्ने भयो ।

त्यो अस्तित्व र गर्व गौरव यहाँ राख्यौ नछिप्ने गरी

यौटा स्तुत्य प्रयास सार्थक बन्यो तिम्रै सुसेलीभरि ॥

(मोती यतै झुल्किए, श्लोक ३)

यस श्लोकमा कविले मोतीरामलाई काव्य सुधाबाट अमरता प्रदान गर्ने स्तुत्य व्यक्तिको रूपमा प्रस्तुत गरेका छन् । यर्थात् यस श्लोकमा काव्य सुधाको प्रतीकको रूपमा मोतीरामलाई लिइएको छ ।

“शीतको थोपा टल्काइदिने दूबोको मुनामा

लज्जितपना झल्काइदिने आँखाको कुनामा”

(प्राकृत छटा, २ श्लोक)

माथिको श्लोकमा कविले दूबोको मुनामा टल्कने शीतको थोपाले आँखामा लज्जितपना झल्काउने कुरा उल्लेख गरेकाले यस श्लोकमा चाक्षुष बिम्व पाइन्छ ।

“मेलपात दाउरा घाँस खोज्न वनमा

जान आँट हरायो भय हुँदा मनमा

एक्लो दुक्लो निस्कन पनि कतै सकिन्न

मार्ने हो कि मूर्खले यसै भन्न सकिन्न ।”

(विरक्त अवस्थाका गन्थन, श्लोक ६)

यस श्लोकमा मानिसको मनमा उब्जने डरलाई देखाउने प्रयास गरिएको छ । साथै यस श्लोकमा सामाजिक र मानसिक भयलाई एउटा बिम्बको रूपमा प्रस्तुत गरिएको छ । यस श्लोकमा कविले वन्यजन्तुसँग भन्दा पनि वनपाखा जाँदा मान्छेसँगै डराउनु पर्ने हाम्रो समाजको हालको अवस्थाको चित्रण यस श्लोकमा पाइन्छ ।

“तारा जून र घामका उदयमा आई दया पूर्वक”

(स्व.पं. सोमनाथ पौडेलमा विनम्र सम्झना, श्लोक ३)

यस कविताांशमा तारा, जून र घामको उदय नै पं. सोमनाथको प्रख्यातिको प्रतीक बनेको छ ।

कुनैपनि कविताको अर्थ र भावलाई गाम्भीर्य बनाउने काम बिम्बले गर्दछ ।

### ४.२.६ भाषाशैली

भाषाशैली कविताको बाह्य पक्षसँग सम्बन्धित हुन्छ । भाषा विचार अभिव्यक्तिको माध्यम हो भने अभिव्यक्ति गर्ने ढङ्ग शैली हो । भाषाशैलीले नै रचनालाई सरल, सरस, राम्रो, नराम्रो, क्लिष्ट, सुबोध्य बनाउन सक्छ । विषयवस्तु र भावलाई राम्रो बनाउन भाषाशैलीको विशेष भूमिका हुन्छ ।

'सरल' को 'सिर्जनाको धुन' कविता सङ्ग्रह भित्रका कविताहरूमा सरल किसिमको भाषाशैलीको प्रयोग गरेका छन् । उनका यस कविता सङ्ग्रह भित्रका कविताहरूलाई जुनसुकै पाठकले पनि सजिलै पढेर बुझ्न सक्छन् । कविले कवितामा सरल भाषाशैलीको प्रयोग गरेता पनि उनका कविताहरू छन्दबद्ध छन् ।

उनका कविताहरूमा धरैजसो ठाउँमा संस्कृत शब्दको प्रयोग भएता पनि कमजोर बुद्धि भएका पाठकले पनि सजिलैसँग बुझ्न सक्ने गरी भाषिक सरलीकरण गर्नु उनको विशेषता हो । कविको साहित्यिक नाम 'सरल' भएजस्तै उनका कविताहरू पनि पाठकहरूले सहज रूपमा बुझ्न सक्छन् । यस कविता सङ्ग्रह भित्रका कविताहरू अत्यन्तै सरल सहज र बोधगम्य छन् । यो नै उनका कविताको मुख्य विशेषता हो ।

## ४.३ सरलका फुटकर कविता कृतिको विश्लेषण

यदुनाथ 'सरल' का अप्रकाशित फुटकर कविताहरू प्रसस्त छन् । कवि सरलका प्रकाशित फुटकर कविता जम्मा तीनवटा मात्र प्राप्त भएका छन् ती हुन् : १) मोतीको सम्झना २) बालकप्रति शुभेच्छा ३) सष्ट्रालाई सम्मती । 'सरल' का यी कविताहरू विभिन्न पत्र पत्रिकामा प्रकाशित भएका छन् । कवि 'सरल'का अप्रकाशित फुटकर कविताहरू प्रसस्त भएता पनि उनका प्रकाशित फुटकर कविताहरू थोरै मात्र छन् । उनका फुटकर कविताहरूलाई निम्न तत्त्वको आधारमा विश्लेषण गरिएको छ :

### ४.३.१ संरचना

संरचना भन्नाले कुनैपनि कृतिको आन्तरिक र वाह्य आकार भन्ने बुझिन्छ । वास्तवमा कविताको संरचना भन्नाले कविताको बनोट हो । यो विना कृतिको निर्माण हुन सक्दैन । 'सरल' का फुटकर कविताहरू जुन विभिन्न पत्र पत्रिकामा प्रकाशित थिए ती फुटकर कविताहरू संरचनागत दृष्टिले अत्यन्तै सरल रहेको पाइन्छ । उनको फुटकर रूपमा प्रकाशित कविता 'मोतीको सम्झना' (२०५८, गोरखापत्र) शीर्षक कविता चार पङ्क्तिका पाँचवटा श्लोकमा संरचित कविता हो । त्यस्तै उनको 'बालक प्रति शुभेच्छा' शीर्षक कविता 'मुना' मासिकमा फुटकर रूपमा प्रकाशित भएको कविता हो । यस कविताको संरचनालाई हेर्दा यस कवितामा चारवटा पङ्क्तिका छ वटा श्लोक रहेका छन् र यो कविता गीति छन्दमा लेखिएको छ ।

'सरल' को अर्को फुटकर रूपमा प्रकाशित कविता 'सष्ट्रालाई सम्मती' हो । यो कविता पनि चार पङ्क्तिका पाँचवटा श्लोकमा संरचित कविता हो । यो कविता 'सरल' को फुटकर कविता मध्येको एउटा उत्कृष्ट कविता हो ।

उनका यी सबै कविताहरू लघु संरचनामा संरचित छन् । सबै किसिमका पाठकहरूले सहजै बुझ्न सक्ने किसिमको संरचनामा रहेका सरलका कविता छोटा आकारका छन् ।

### ४.३.२ विषयवस्तु

'सरल' का फुटकर कविताहरूको विषयवस्तुमा 'मोतीको सम्झना' शीर्षक कविताको विषयवस्तु कवि मोतीरामलाई नेपाली साहित्यका एक चम्किला नक्षत्रका रूपमा प्रस्तुत गरिएको छ । यस कविताको मुख्य विषयवस्तु मोतीराममा नै केन्द्रित रहेको छ । यस कवितामा कवि 'सरल' ले मोतीरामलाई नै प्रमुख रूपमा उभ्याएका छन् । मोतीरामले नेपाली साहित्यलाई माथि उठाउन गरेको महत्त्वपूर्ण योगदानको चर्चा नै यस कविताको मुख्य विषयवस्तु हो ।

'सरल' को अर्को फुटकर रूपमा प्रकाशित कविता हो 'बालकप्रति शुभेच्छा' । उनको यस कविताको विषयवस्तुमा चन्द्र सूर्य ध्वजाको शीतल छाँयामा रहेको हाम्रो देश नेपालका साना नानीहरूलाई यस देशको कर्णधारका रूपमा प्रस्तुत गरेका छन् । बालबालिकाको उज्जवल भविष्यको कामना गर्दै उनले यस कवितामा बालकप्रति आफ्नो प्रगाढ माया रहेको र साथै उनीहरूले राम्रो काम गरेको हेर्ने इच्छा भएको कुरा पनि व्यक्त गरेका छन् । बालबालिकालाई शान्ति क्षेत्रको रूपमा प्रस्तुत गरिएको यस कवितामा कविले बालक भनेका हाम्रा भविष्य हुन् । बालबालिकाले जे देख्छन् त्यही सिक्छन् त्यसैले हामीले राम्रो बाटोमा हिड्न बालवालिकालाई प्रेरित गर्नुपर्छ । आजका यी साना कोपिला नै भोलिका प्रखर व्यक्ति बन्नेछन् । यी सबै बालबालिकाको भोलिको भविष्य भनेको हाम्रो हातमा छ । त्यसैले कविले यस कविता मार्फत त्यस्ता बालबालिकाको उज्जवल भविष्यको कामना सहित आफ्नो शुभेच्छा प्रकट गरेका छन् । यो नै यस कविताको विषयवस्तु रहेको छ ।

कवि यदुनाथ 'सरल' को अर्को फुटकर रचना हो 'सष्ट्रालाई सम्मती' । यस कवितामा कविले लेखक सष्ट्राहरूलाई समाजमा विद्यमान विकृति विसङ्गतिको चिरफार गर्ने र समाजमा भए गरेका नराम्रो कामहरूलाई जनतामाझ ल्याइदिने एउटा माध्यम भनेको नै सष्ट्रा हो र सष्ट्राले नै सृजना गरेका गीत, कविता आदिमा सर्वत्र मानिसहरू मनगुग्ध भएर रमेका हुन्छन् । स्रष्ट्रानै सबैथोकलाई जनमानससम्म पुऱ्याउने माध्यम भएकाले स्रष्टाको इज्जत गर्नु हामी सबैको चाहना हुनु पर्ने कुरालाई नै कविले यस कविताको विषयवस्तु बनाएका छन् ।

विषयवस्तुगत दृष्टिले हेर्दा सरलका कवितामा सामाजिक विकृति र विसङ्गतिको चित्रण नै मुख्य रूपमा आएको पाइन्छ ।

### ४.३.३ भावविधान

कुनै पनि कवितामा त्यस कविताले दिन खोजेको मुख्य सन्देश रूपमा भाव आएको हुन्छ ।

भावले नै कवितामा मिठास उत्पन्न गराउँछ । कवितालाई भावले नै अर्धपूर्ण र सार्धक बनाउँछ । कविताको संरचना, कथनपद्धति, भाषाशैली र अन्य रूपात्मक तत्त्वका माध्यमद्वारा भाव प्रकट हुन्छ । उनका फुटकर कविताहरूमा पनि विभिन्न भाव छताछुल्ल भएर रहेका पाइन्छ । कविले आफ्ना मनमा उत्पन्न भावलाई सहज रूपमा कवितामा उतारेका छन् । 'सरल' भावुकताभित्र यथार्थ समेट्न सक्ने कवि भएकाले उनका कविता उनको जीवनचिन्तनलाई मुख्य भावको रूपमा प्रस्तुत गरेका छन् ।

'सरल' का कविता सरल, सुबोध्य छन् । त्यसैले उनका कवितामा पाइने भाव जुनसुकै पाठकले पनि सहस्र बुझ्न सक्छन् । कविताबाट पाठकले ग्रहण गर्ने मूलवस्तु नै भाव भएकाले यसलाई कविताको अनिवार्य तत्त्वको रूपमा लिइन्छ ।

## ४.३.४ लयविधान

कविता विधालाई छुट्याउने एकमात्र माध्यम नै लय हो । लयले कवितालाई श्रुतिमाधुर्य प्रदान गर्दछ । साहित्यका अरु विधाबाट कवितालाई पृथक पार्ने तत्त्व भनेकै लयविधान हो । त्यसैले कविताको एक प्रमुख तत्त्वको रूपमा लयविधानलाई लिइन्छ ।

'सरल' का यी फुटकर कविताहरू 'मोतीको सम्झना', 'बालक प्रति शुभेच्छा' र 'सष्ट्रालाई सम्मती', विभिन्न किसिमका भाव पाइन्छन् । 'सरल' को 'मोतीको सम्झना' शीर्षक कवितामा मोतीरामले नेपाली साहित्यमा लगाएको गुनको चर्चा नै यस कविताको मुख्य भाव रहेको छ । त्यस्तै उनको 'बालक प्रति शुभेच्छा' शीर्षक कवितामा बालबालिका प्रति आफ्नो सद्भाव, माया-ममतालाई मुख्य भावको रूपमा कविले व्यक्त गरेका छन् । 'सरल' ले 'सष्ट्रालाई सम्मती' शीर्षक कवितामा पनि कविले सष्ट्राले दिने योगदानलाई मुख्य विषय वस्तुको रूपमा प्रयोग गरेर उनले आफ्नो स्रष्ट्राप्रति गर्ने सम्मानलाई मुख्य भावको रूपमा प्रस्तुत गरेका छन् । यी सबै कविता छन्दबद्ध रहेका छन्, त्यसैले लयात्मक र मिठासपूर्ण छन् ।

## ४.३.५ बिम्ब, प्रतीक, अलङ्कार विधान

'सरल'का फुटकर कविताहरूमा 'मोतीका सम्झना' शीर्षक कविता उनको एक उत्कृष्ट कविता हो । 'सरल' ले स्वर्गिय ज्योति र बिम्बको रूपमा यस कवितामा मोतीलाई उभ्याएका छन् । साथै कविले मोतीरामलाई काव्य सुधाबाट अमरता प्राप्त गर्ने स्तुप्य व्यक्तिको प्रतीकको रूपमा उभ्याएका छन् । शार्दूलविक्रीडित छन्दमा लेखिएको यस कवितामा मोतीरामको सम्झनालाई नै केन्द्रित गरि लेखिएको छ ।

'सरल' को 'बालकप्रति शुभेच्छा' शीर्षक कवितामा शान्ति क्षेत्र र बुद्धको जन्मभूमि हाम्रो देश नेपालको बिग्रिसकेको अवस्थाको चित्रण गर्नुको साथै कविले बालकलाई आजका कोपिलाको प्रतीकको रूपमा लिइएका छन् ।

'सरल'को अर्को फुटकर रचना 'सष्ट्रालाई सम्मती' रहेको छ । कविका सृजनात्मक सुसेलीमा आएको मधुमास (वसन्त) लाई कसैले ढाल्न नसक्ने वर्णन रहेकाले यसमा उनी दृढ उपस्थिति र अटल योगदानको दरिलो खम्बा भएको मानसिक भाव सृजना हुनु पुगेको पाइन्छ ।

कवितामा बिम्ब र प्रतीकले कविताको अर्थ र भावलाई गाम्भीर्य बनाउने र कविताको भावलाई बढी गहिराइ प्रदान गर्ने काम प्रतीकले गर्दछ ।

### ४.३.६ भाषाशैली

साहित्य भाषिक कलामा आधारित हुन्छ । कुनै पनि साहित्यको विधालाई कलात्मकता प्रदान गर्ने काम भाषाले गर्दछ । भाषाले नै कवितामा सौन्दर्य प्रदान गर्ने काम गर्दछ । भाषाशैलीकै माध्यमबाट कविले आफ्नो निजी पहिचान बनाउन सक्छन् ।

कवितालाई भाव र अर्थमा फरकपन ल्याउने काम पनि भाषाले नै गर्दछ । भाषाशैली नै कविताको एउटा मुख्य र अनिवार्य तत्त्व हो ।

### ४.३.७ निष्कर्ष

कवि यदुनाथ 'सरल' ले आफ्नो जीवन भोगाईका क्रममा आएका उतार चढाव र आफ्ना जीवनका तीता मीठा अनुभवलाई कविताको माध्यमबाट प्रस्तुत गर्ने काम गरेको

पाइन्छ । आफ्ना कवितामा प्रकृतिचित्रण, सामाजिक विकृति र विसङ्गतिको चित्रण देश प्रेम, राष्ट्रियता आदि विषयवस्तु रहेको पाइन्छ । उनका यी फुटकर कविताहरूमा पनि आफ्ना मनमा उब्जने समय-समयका तरङ्गलाई कविताका माध्यमबाट प्रस्तुत गर्ने काम पनि गरेका छन् ।

कविले आफ्नो सम्पूर्ण  कवितालाई छन्दबद्ध रूपमा प्रस्तुत गरेका छन् । कविले आफ्ना कविताका माध्यमद्वारा आफ्नो पारीवारिक जीवन स्थिति र समाजका विकृति र विसङ्गतिको चित्रण राम्रोसँग गरेका छन् । कवि यदुनाथका कवितालाई हेर्दा उनका कविता सामाजिक समस्या र कवि स्वयंमको जीवन भोगाइका अनुभवहरूलाई कविताको माध्यमद्वारा व्यक्त गर्ने काम गरेको पाइन्छ ।

यसरी कवि यदुनाथको समग्र कविता कृतिको अध्ययन गर्दा उनका कविताहरू सम्पूर्ण पाठकहरूले अध्ययन गरेर बुझ्न सक्ने खालका छन् । उनका कविताहरूमा उनकै जीवन भोगाइको क्रममा देखिएका उतार चढाव, समस्याहरू, सुख-दुःख र सामाजिक परिवेश, आर्थिक सामाजिक पक्षको चित्रण पाइन्छ । साथै उनी छन्दको पनि राम्रो ज्ञाता भएकाले उनका सम्पूर्ण कविताहरू छन्दमा नै लेखिएका छन् । उनका कवितामा नेपाली समाजको चित्रण र नेपाली समाजमा गरिब र धनी बीच हुने भेदभाव र सामाजिक रुढिवादी परम्पराको पनि राम्रो चित्रण पाइन्छ । कवि सरलका कवितामा छन्दबदताका साथै उनका जीवन भोगाइका सम्पूर्ण पक्षको चित्रण पाइने भएकाले उनलाई छन्दमा कविता लेख्ने कवि र सरल किसिमका कविता लेख्ने कवि यदुनाथ ‘सरल’ भनेर उनको कवित्वको मूल्याङ्कन गर्न सकिन्छ ।

# पाँचौ परिच्छेद

## उपसंहार

"यदुनाथ 'सरल' को जीवनी, व्यक्तित्व र कृतित्व", शीर्षक रहेको प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको परिचय रहेको छ । यस शोध परिचयमा आवश्यक सम्पूर्ण अङ्गहरू राखिएको छ । शोधपरिचयमा शोध शीर्षक, शोध प्रयोजन, शोधपरिचय, समस्या कथन, शोधपत्रको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, शोधको क्षेत्र र सीमा, शोधविधि, शोधपत्रको रूपरेखा रहेका छन् ।

त्यस्तै दोस्रो परिच्छेद अन्तर्गत यदुनाथ 'सरल' को जीवनी रहेको छ । जस अन्तर्गत 'सरल' को जन्म र वाल्यकाल, पुर्ख्यौली, शिक्षादीक्षा, दाम्पत्य जीवन र परिवार, पारिवारिक स्थिति, आर्थिक अवस्था, रुचि र स्वभाव, भ्रमण, सृजनात्मक गतिविधि, सम्मान तथा पुरस्कार, लेखन, लेखनका लागि प्रेरणा र प्रभाव लेखनारम्भ, लेखनकार्य, प्रकाशित पुस्तकाकार कृति साहित्यिक नाम, जागिर र जीवनमापन र अन्त्यमा निष्कर्षलाई समेटिएको छ ।

कवि यदुनाथ 'सरल' को जन्म वि.सं. १९८८ साल साउन १३ गते लमजुङ जिल्लाको चन्द्रेश्वर गा.वि.स. वडा नं. ३, अर्त्याल्यानीमा भएको हो । माता पवित्रा ढुङ्गाना र पिता कालिदास ढुङ्गानाका कान्छा सुपुत्रका रूपमा जन्मेका ढुङ्गाना हाल पनि लमजुङ जिल्लामा नै बसोबास गर्दै आएका छन् । यदुनाथ सानै उमेर देखि कविता लेखनमा संलग्न रहे पनि २००९ सालमा 'उन्नति गरौँ' शीर्षकको भ्याउरे गीत रेडियो नेपालमा सुनाएपछि नेपाली साहित्यका क्षेत्रमा सार्वजनिक भएको पाइन्छ । उनले २००९ सालमा 'छिप्पिएको मनाङ' शीर्षक गद्य लेख स्थानीय पत्रिकामा प्रकाशन गरेर आफ्नो साहित्यिक व्यक्तित्वको परिचय दिएका छन् । उनले साहित्यकार सत्यमोहन जोशीज्यूको प्रेरणा र प्रभावले कविता लेखन प्रति लागेको बताउँछन् । पैतृक संस्कारको रूपमा संस्कृत पढ्ने पुरानो परम्परा अनुसार 'सरल' ले पनि संस्कृतको लघुकौमुदी, रुद्री, चण्डी आदि पढेको पाइन्छ । २०००

साल फागुन महिनामा दामपत्य जीवनमा प्रवेश गरेका 'सरल' का दुई छोरा र छ वटा छोरी छन् । ३६ वर्षे लामो जागिरे जीवन व्यत्तित गरेका 'सरल' को जीवनीलाई हेर्दा उनको बाल्यकाल लमजुङ जिल्लामा बितेको र पछि उनी जागिरका क्रममा नेपालको सुदूर पूर्वको विभिन्न जिल्लाहरूमा भ्रमण गरेको पाइन्छ ।

यस शोधपत्रको तेस्रो परिच्छेद यदुनाथ 'सरल' को व्यक्तित्व र कृतित्व शीर्षक रहेको छ । जसमा व्यक्तित्वका पाटाहरूमा आन्तरिक व्यक्तित्व र बाह्य व्यक्तित्व गरी दुईवटा मुख्य शीर्षक रहेका छन् । आन्तरिक व्यक्तित्व, गीतकार व्यक्तित्व रहेका छन् भने बाह्य व्यक्तित्व अन्तर्गत सामाजिक व्यक्तित्व, शारीरिक व्यक्तित्व, धार्मिक व्यक्तित्व, समाजसेवी व्यक्तित्व र जागिरे व्यक्तिलाई समेटिएको छ र अन्त्यमा निष्कर्ष दिइएको छ । यस शोधपत्रको चौथो परिच्छेदको शीर्षक यदुनाथ 'सरल' को कृतित्वको विश्लेषण रहेको छ । जसमा कविताको सैद्धान्तिक स्वरूप, कविता सम्बन्धी पूर्वीय परम्परा काव्य सम्बन्धी पाश्चात्य परम्परा, काव्यको परिभाषा कविताका तत्त्वहरू जस्तै संरचना, विषयवस्तु, भावविधान, लयविधान, भाषाशैली, बिम्ब-प्रतीक र अलङ्कार विधान रहेका छन् । यदुनाथ 'सरल' को 'सिर्जनाको धुन' कविता सङ्ग्रहको विश्लेषण पनि यिनै तत्त्वहरूको आधारमा गरिएको छ । 'सरल' का फुटकर कविता कृतिको विश्लेषणमा पनि यिनै तत्त्वहरूको आधारमा गरिएको छ । साथै अन्त्यमा निष्कर्ष दिई टुङ्गाइएको छ ।

'सरल' को एकमात्र पुस्तकाकार कृति 'सिर्जनाको धुन' कविता सङ्ग्रह नै हो । उनको यस कविता सङ्ग्रहभित्र पाँच मुख्य शीर्षकमा भिन्न भिन्न उपशीर्षक सहित सत्तरीवटा कविताहरू रहेका छन् । कवि 'सरल' को लेखन बालसाहित्य, गीत आदि विधामा पनि रहेको पाइन्छ । यदुनाथ 'सरल' साहित्यका क्षेत्रमा मात्र नभई उनी सामाजिक रूपमा पनि अत्यन्तै प्रतिष्ठित मानिन्छन् । उनको पहिरन शैलीलाई हेर्दा उनी सधैं नेपाली पोशाकमा देखिन्छन् । श्रवणशक्ति कम भएका 'सरल' आष्तिक व्यक्ति पनि हुन् । उनी धर्म कर्ममा आस्था राख्ने विहान सधैं नुहाइ नित्यकर्ममा लाग्ने हिन्दु धर्म मान्ने धार्मिक व्यक्तित्व हुन् । समाजमा हुने सम्पूर्ण सामाजिक क्रिया कलापमा आफूलाई सम्लग्न गराउने 'सरल' समाजसेवी व्यक्तित्व पनि हुन् । यदुनाथ 'सरल' २००० साल फागुन महिनामा दाम्पत्य जीवनमा प्रवेश गरेका हुन् । मध्यम वर्गीय परिवारमा 'सरल' ले आफ्नो

जीवनलाई हाँसी खुसी जे छ त्यसैमा रमाउने र आफ्नो परिवारलाई कहिल्यै पनि आर्थिक अभावको महसुस गर्न दिइएका थिएनन् । 'सरल' को विशेष रुचि काव्य सृजना गर्नु भएता पनि उनी समाजमा रहेका रूढिवादी परम्पराको पनि घोर विरोध गर्ने स्वभाव भएका व्यक्ति हुन् । 'सरल' नेपाली साहित्यमा सेवा गरेबापत विभिन्न सम्मान तथा पुरस्कारहरू निम्न छन् : अम्बा प्रतिभा पुरस्कार, लमजुङ २०५३, राष्ट्रिय प्रजातन्त्र दिवस समारोह कविता प्रतियोगिता, प्रथम २०२२, राष्ट्र कवि माधव घिमिरेको रथयात्रा राष्ट्रिय कविता प्रतियोगिता प्रथम पुरस्कार र स्वर्णपदक, २०६०, दुराडाँडा स्वर्णमहोत्सव कविता प्रतियोगिता, प्रथम २०६३, लमजुङमा सम्पन्न कोटीहोम महायज्ञका अवसरमा आयोजित कविता प्रतियोगिता, प्रथम २०५१, गण्डकी अञ्चल स्तरीय कविता प्रतियोगिता द्वितीय एवम् रजतपदक, २०३४, स्व. डिल्लीजङ गुरुङ स्मृति समारोह कविता प्रतियोगिता, तृतीय, स्व. तोयानाथ अधिकारी स्मृति समारोह कविता प्रतियोगिता, तृतीय आदि ।

शास्त्रीय छन्दको राम्रो ज्ञान भएका कवि 'सरल' का कविताहरू छन्दबद्ध छन् । 'सरल' आफ्ना कविताहरूलाई आफ्नै जीवनको तीता मिठा अनुभव तथा समय समयमा मनमा उब्जने तरङ्गलाई कविताका माध्यमबाट व्यक्त गरेको कुरा बताउँछन् । उनलाई कविता लेखनमा मुख्य प्रेरणा साहित्यकार सत्यमोहनत जोशी ज्यूका साथले दिएको थाहा हुन आएको छ । 'सरल' को व्यक्तित्वलाई हेर्दा उनी सधैं नेपाली पहिरनमा देखिन्छन् उनको शारीरिक अवस्था साधारण किसिमको छ तर उनको श्रवण शक्ति भने कमजोर देखिन्छ ।

'सरल' को एक मात्र कविता सङ्ग्रह 'सिर्जनाको धनु' रहेको छ । उनको यस कविता सङ्ग्रह भित्र सत्तरीवटा कविताहरू रहेका छन् । उनको यस कविता सङ्ग्रह भित्रका कविताहरूको मुख्य विषयवस्तु भनेको नै उनले आफ्ना जीवन भोगाइको क्रममा आइपरेका अप्ठ्यारा पाटाहरूलाई कविताको विषयवस्तु हो । उनले हाम्रो गाऊँ समाजमा भए गरेका तथा हुन सक्ने समस्याहरूको चित्रण पनि गरेका छन् । 'सरल' को कवितामा प्रयुक्त भाषाशैली अत्यन्तै सरल किसिमको छ । उनका कविताहरू जस्तोसुकै पाठकले पनि सहज रूपमा बुझ्न सक्छन् । उनका कविताको भाषाशैली सरल छ भन्नु उपयुक्त हुन्छ ।

'सिर्जनाका धुन' कविता सङ्ग्रहका उनका कविताहरू सबै छन्दबद्ध छन् । उनका सम्पूर्ण कविताहरूमा विविध विषयवस्तु समेटी आफ्नो कवित्वको परिचय दिएका छन् ।

यस शोधपत्रको पाँचौं परिच्छेदमा उपसंहार, सम्भावित शोधशीर्षक, परिशिष्ट र अन्त्यमा सन्दर्भ सूची रहेका छन् । यदुनाथ 'सरल' को जीवनी, व्यक्तित्व र कृतित्व शीर्षक यस शोधपत्रमा यिनै विषयवस्तुलाई समेटी उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण गरिएको छ । यदुनाथ 'सरल' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्दा समग्रमा उनले छन्दबद्ध कविताहरूको माध्यमबाट नेपाली साहित्यको कविता विधामा चिनिएका छन् । उनले अझै पनि आफ्नो प्रयासलाई सशक्त पार्दै नेपाली कविता विधामा केहि गर्न सक्नेछन् भन्ने आशा गर्न सकिन्छ । अतः उनको कवित्व उनको उपनाम जस्तै सरल र सुवोध्य देखिन्छ ।

**सम्भावित शोधशीर्षक**

१, यदुनाथ 'सरल' को 'सिर्जनाका धुन' कविता सङ्ग्रहका कृतिपरक अध्ययन ।

२, कवि यदुनाथ 'सरल' र कवि पं. रामचन्द्र घिमिरे शास्त्रीको कवित्वको तुलनात्मक अध्ययन ।